आज विश्वमा ठूलो, पर्यावरणमैत्री तथा तीव्र गतिमा समावेशी ढङ्गले अघि बढेको उद्योग हो पर्यटन। यसलाई विश्वस्तरमा नै बहुआयामिक, विविधायुक्त तथा पृथक उद्योगको रूपमा हेरिन्छ। नेपाल प्राकृतिक स्रोतमा आधारित उद्योगहरूमध्ये दिगोपन, तुलनात्मक, प्रतिस्पर्धात्मक तथा प्रत्येक्ष लाभका दृष्टिले यस उद्योगलाई मानिन्छ। देशलाई समृद्धिमा पुऱ्याउने आर्थिक विकासको प्रमुख आधार यो क्षेत्रलाई लिइन्छ। यसमार्फत् विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक बृद्धि, समावेशी तथा विपन्न परिवारको सहभागितासहित समग्र आर्थिक विकास गर्न यो क्षेत्र विकासको कोशेढुङ्गा सावित हुने निश्चित छ। देशभित्र रहेको प्राकृतिक स्रोत तथा सांस्कृतिक सम्पदा त्यसमा पनि मूर्त र अमूर्त सम्पदाहरूको अध्ययन, अनुसन्धान संरक्षण र विकास गरी यसमार्फत् आर्थिक उपार्जन गर्ने तथा मुलुकभित्रको आधारभूत तहसम्म विकास र विस्तार गरी यसबाट प्राप्त लाभ र प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउनु आजको आवश्यकता हो।

बागमती प्रदेश भित्रको पर्यटन पूर्वाधार, प्रवर्द्धन तथा पर्यटकीय गतिविधिहरूको विविधिकरण तथा विस्तार गर्ने सरकारको नीति रहेको छ। यहाँभित्रको अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, सामाजिक विविधता, ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरूको भरपुर उपयोग गर्न सकिने अवस्था रहेको छ। नेपालको संविधान जारी भए पश्चात राजनीतिक स्थिरता उन्मुख अवस्थामा रहेको छ। शान्ति सुरक्षाको सुध्रिदो अवस्था छ। यहाँभित्रको अथाह सम्भावना बोकेको पर्यटन क्षेत्रभित्र थुप्रै सम्भावनाका किरणहरू देखिन थालेको छ। यहाँभित्रको सम्पदा, संस्कृति र संस्कारको गहिरो अध्ययनसहित प्रवर्द्धन, विविधिकरण, विस्तार र सम्वर्द्धन गरिनु नितान्त आवश्यक छ। पर्यटन क्षेत्रको विकासमा आन्तरिक तथा बाह्य दुवै पर्यटनको सम्भावना प्रचुर रहेको छ। यो क्षेत्रलाई वर्तमानभन्दा पनि भावी दिनमा सुरक्षित, भरपर्दो र सबैको पहुँचको क्षेत्र बनाउनु पर्दछ।

बागमती प्रदेश देशको राजधानी प्रदेश हो जुन एक प्रमुख पर्यटकीय थलो पनि हो। यस क्षेत्रको पर्यटन पूर्वाधार, पर्यटन प्रवर्द्धन र पर्यटकहरूको सुरक्षाको सुनिश्चता अझ प्रभावकारी ढङ्गले गर्नुपर्दछ। विश्व सम्पदा सूचीमा सूचीकृत रहेका विश्वका ६३० क्षेत्रमध्ये नेपालमा मात्र १० क्षेत्र पर्दछन् र नेपालभित्र पनि बागमती प्रदेशमा मात्र चागुनारायण मन्दिर, भक्तपुर दरवार, स्वयम्भूनाथ स्तूप, पशुपतिनाथ मन्दिर, पाटन दरवार, हनुमान ढोका दरवार, बौद्धनाथ महाचैत्य र चितवन राष्टिय निकुन्ज गरी ८ वटा विश्व सम्पदा सूचिमा परेका यही प्रदेशभित्र पर्दछ। यो प्रदेश प्राकृतिक, सांस्कृतिक एवम् ऐतिहासिक विशिष्टकृत सम्पदाहरूले भरिपूर्ण छ। यहाँभित्र तारे होटल, टुरिष्ट स्टयाण्डर्ड होटल, होमस्टे एकसिंगे गैडा, रेडपण्डा, हिमचितुवा, पाटे बाघ समेत रहेको यो प्रदेशमा पैदल यात्राबाट चिन र भारतबाट आउने पर्यटक बाहेक हवाइयात्राबाट आउने पयर्टकहरू प्राय यसै प्रदेश हुँदै अरू प्रदेशमा जाने

गर्दछन। यस प्रदेशमा विश्वमै महत्वपूर्ण संरक्षित क्षेत्रहरू समेत रहेकोले पर्यटकहरूको वढी आकर्षण र मनोरम क्षेत्रको रूपमा चिनिन्छ।

नेपालको पर्यटन क्षेत्रको विकास र विस्तारमा कोभिडको कारण आन्तरिक तथा बाह्य पर्यटन दुबै चुनौतीपूर्ण बनेको छ। यस्तो बहुआयामिक क्षेत्रले प्रभावकारी ढङ्गले सम्वन्धित गतिविधिहरूलाई अगाडि वढाउन सकेको छैन। सरकारको बहुपक्षीय ढङ्गले यसलाई विस्तार गर्ने भनिने सरकारको नीति भएपनि भूकम्पले तहसनहस बनाइ प्राचीन सम्पदाहरू नष्ट भइरहेको अवस्थाबाट केही अगाडि बढ्दै गएको विद्यमान अवस्थामा कोभिडको कारणले झन समग्र उद्योगमानै ठूलो प्रभाव परेको छ। यसलाई सामान्य सेवा, सुविधा, स्वागत, आतिथ्यता र स्थानीय जीवनपद्धतीलाई सहज उपलब्ध गराएर आय आर्जन गर्ने एउटा राम्रो र मनोरन्जन प्रदान गर्ने पेशाको रूपमा हेरिन्छ। नेपालमा शुरूदेखि नै पाहुनाहरूलाई अतिथि देवोभवः भनेर पूजा गर्ने संस्कृतिबाट विकास भएको अवस्था थियो तर कोभिडको कारण साँझमा आएका पाहुना देउता सरह मान्ने मान्यताबाट हामी हट्यौं। त्यसबाट सेवा शुल्क पनि कमी हुन आयो।

नेपालको संविधानको धारा ५१ को राज्यका नीतिहरूमा उपधारा (ठ) को पर्यटन सम्वन्धी नीतिमा नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने उल्लेख गरिएको छ। यसतर्फ हाम्रो ध्यान जानु पर्दछ।

वास्तवमा पर्यटन भन्ने शब्दले पर्यटक, पर्यटन गन्तब्य, पर्यटकीय वस्तु र सेवा तथा सेवा प्रदायकहरूको संयोजित रूपलाई जनाउँछ। पर्यटकीय गन्तव्यस्थल यस देशलाई मानिरहँदा नेपालले विज्ञान, प्रविधि र सञ्चार प्रणाली मार्फत् विश्व सामु हाम्रा सम्पदाहरू चिनाउनु पर्दछ। विश्व पर्यटन बजारलाई नेपालले आकर्षित गर्नुपर्ने हुन्छ। राष्ट्रिय अर्थतन्त्रको प्रमुख क्षेत्र बनाउनु पर्छ। यसको सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधारलाई उच्च प्राथमिकतामा राख्नुपर्दछ। हामीले सङ्ख्यात्मक भन्दा गुणात्मक बृद्धिमा जोड दिने कार्य अगाडि बढाउनु आवश्यक छ। अहिले पर्यटकीय क्षेत्रमा कोरोनाको कारण समस्याग्रस्त भएपनि सधै यही अवस्था रहँदैन। सरकारले नीतिगत प्रष्टता सहित सडक, खानेपानी, विद्युत, सञ्चार जस्ता पूर्वाधार क्षेत्र निर्माण प्रक्रियालाई उच्च प्राथमिकता दिई अगाडि बढ्नु पर्दछ। कोभिडको कारण राष्ट्रले अपेक्षित सफलता हासिल गर्न नसकेपनि स्थानीय समुदाय, र नागरिकहरू, सबै उत्साहित हुँदा पनि प्रभावकारीता आउने निश्चित छ

अहिले नेपालमा पर्याप्त मात्रामा पर्यटकको आगमन भएमा पूर्वाधारको विकास गर्ने वा पूर्वाधारको विकास गरेर पर्यटकहरूलाई आकर्षण गरिने दुइवटा प्राज्ञिक बहसले ठाउँ पाएको छ। द्वन्द्वकाल र भूकम्पको मारबाट उठ्दै निर्वाचन पश्चात पर्यटन क्षेत्रले जुन उचाइ पाउँनुपर्ने थियो कोभिडको कारण त्यो पाउन सकेको छैन। हामीले दुबैलाई अगाडि बढाउनु पर्छ। अहिले पूर्वाधार विकास गरी चीन र भारतबाट ठूलो सङ्ख्यामा आउने पर्यटकहरूलाई सम्वोधन गर्नु आवश्यक छ। निजी, सरकारी तथा सहकारी लगानीलाई बृद्धि गर्नु पर्छ। शान्ति सुरक्षामा सुधार हुनुपर्छ। हवाई सेवामा बृद्धि गर्नुपर्दछ। सामाजिक र सांस्कृतिक सम्पदाको प्रचुरतालाई अगाडि

वढाउनुपर्छ। साहसिक पर्यटनको विकास गर्नुपर्दछ। विश्वमा भ्रमण गर्नै पर्ने गन्तब्यहरूमध्ये नेपाललाई भ्रमणसूचीमा परेको देशको रूपमा विकास गर्दै जानुपर्छ।

## प्रमुख समस्याहरू

नेपाल र त्यसमा पनि बागमती प्रदेशलाई पर्यटनको गन्तव्य स्थलको रूपमा विकास गरिरहँदा यहाँभित्र थुप्रै चुनौती रहेको छ। बिदेशी पर्यटकहरूका लागि आवश्यक सेवा उपलव्ध गराउन सकिएको छैन। यहाँभित्र कुशल जनशक्तिको अभावमा पर्यटकले सेवा सुविधा पाउँन सकेका छैनन। यहाँ आउने पर्यटकहरूले सोझै नेपालसम्म आउनसक्ने भरपर्दो हवाइसेवाको सुविधा छैन। यस क्षेत्रमा पूर्वाधारको एकीकृत एवम् समन्वयात्मक विकास लाभको न्यायोचित वितरण जस्ता विषयलाई प्रभावकारी बनाउन सकेका छैनौं। पर्यटनजन्य क्रियाकलापलाई वातावरणमैत्री बनाउन सकेका छैनौ। पर्यटन क्षेत्रमा संलग्न जनशक्तिलाई उपयुक्त प्रशिक्षण उपलव्ध गराएका छैनौ। यसलाई ग्रामीण गरीबी निवारणसँग जोडेर हेरेनौ। स्रोत, तथ्याङ्क एवम् सूचनालाई प्रभावकारी बनाउन सकेनौं। पर्यटन क्षेत्रका साझेदार सरकारी, गैरसरकारी एवम् निजी लगानीकर्ताहरू पूर्वाधार विकाससँगै प्रवर्द्धनात्मक कार्यमा संलग्न हुँनुपर्नेमा त्यसलाई जोड्न सकेनौ। द्वन्द्वकाल तथा भूकम्पले पारेको क्षतिग्रस्त संरचनाहरूको पुननिर्माण गर्न नसक्नु, कतिपय व्यवस्थापकीय, नीतिगत र कानुनी व्यवस्थालाई प्रभावकारी बनाउन नसक्नु, स्थानीय तह तथा आधारभूत तहलाई जिम्मेवारी र हिस्सेदार बनाउन नसक्नु, पर्यटन पूर्वाधारसँग प्रत्यक्ष संलग्न रहने सडक, खानेपानी, विद्युत, सञ्चार जस्ता विषयमा समन्वयात्मक ढङ्गले अगाडि वढ्न नसक्नु, अझ सम्पदामैत्री पर्यटनको पहिचान गर्न नसक्नु ठूलो समस्या देखिएको छ।

संसारभरी पर्यटनलाई नयाँ आर्थिक विकास नीतिको उच्च प्राथमिकतामा राखेको पाइन्छ। विकासको लागि यसले सबैसँग समन्वय गरी अगाडि वढ्ने नीतिलाई अगाडि बढाउनु पर्छ। अझ ग्रामीण पर्यटकीय क्रियाकलापलाई अभिबृद्धि गरी नयाँ पर्यटकीय स्थलको खोजी गर्नुपर्छ । यसको पहिचान, पूर्वाधार विकास, सेवाको गुणस्तरमा बृद्धि, सहज पहुँच, सुरक्षित गन्तव्य, बसाईको अवधि लम्ब्याउने जस्ता विविध पक्षलाई आज हामीले पर्यटन विकासको प्राज्ञिक बहस बनाउनु पर्दछ । विदेशी मुद्रा आर्जन, रोजगारी सृजना गर्ने देखि सबैको मुख खुशी बनाउने हाम्रो कानुन र नीति बन्नु पर्छ। पर्यटनलाई गरीबी निवारण र नयाँ आर्थिक विकाससँग आवद्ध गरी पर्यटन विकास गर्नेतर्फ हाम्रो जोडबल हुनुपर्दछ। पर्यटन सेवाको क्षेत्रलाई सङ्ख्यात्मक एवम् गुणात्मक बृद्धि गर्ने काममा सार्वजनिक, सहकारी, सामुदायिक तथा निजी क्षेत्रको संयुक्त साझेदारीमा पर्यटन क्षेत्रको विकास गर्नेतर्फ यससँग सम्बन्धित कानुन बन्नु पर्दछ।

विश्व पर्यटन मानचित्रमा नेपाललाई आकर्षक, रमणीय र सुरक्षित थलोको विकास गर्न केही विषयमा ध्यान दिनुपर्दछ । मुख्यगरी हवाईक्षेत्र, होटल, ट्राभल टूर जस्ता प्रत्येक्ष सरोकार र जनताको जीविकोपार्जन सहितको रोजगारीको सुनिश्चितता, जनताको जीवनस्तर र आर्थिक बृद्धिदर सँगसँगै राजस्वमा योगदान पुयाई समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालिन सोचलाई पुरा गर्नुपर्ने दायित्व रहेको छ। ग्रामीण पर्यटन क्षेत्रमा स्थानीय समुदायको स्वामित्व कसरी स्थापित गर्ने, गुणस्तरीय सेवाको प्रतिस्पर्धामा विकास कसरी गर्ने, नयाँ पर्यटकीय सम्भावना भएका क्षेत्रमा पूर्वाधार विकासतर्फ लगानी प्रवर्द्धन गर्ने त्यसमा स्वदेशी लगानीलाई कसरी प्राथमिकता दिने, अझ स्थानीय जनताको सहभागिता गराउन यो महत्वपूर्ण विषय हो। हामीले सामाजिक, सांस्कृतिक

परम्परालाई विदेशी पर्यटक मार्फत् बजारीकरण गर्न सक्नुपर्छ। विभिन्न क्षेत्रका सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवम् जैविक सम्पदाहरूको संरक्षण सहित विश्वलाई प्रचारप्रसार गर्नु पनि हाम्रो हितमा हुन्छ । यहाको प्राकृतिक, सांस्कृतिक, जैविक एवम् मानव निर्मित सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै यस क्षेत्रलाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रूपमा विकास गरी दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी आयआर्जनमा उल्लेख्य बृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य हाम्रो वन्नुपर्दछ।

पर्यटन क्षेत्रलाई विकास गर्न पर्यटकीय क्षेत्रको संरक्षण सम्वद्धर्न विकास विस्तार र विविधीकरणद्वारा मात्र संभव छ भन्ने स्पष्ट नीति हाम्रो हुनु पर्दछ। नागरिकहरूमा स्वरोजगार सिर्जना गर्न पर्यटनलाई गरिबी निबारणसँग आवद्ध गरी उद्योगको प्रवर्द्धन गरी अर्थतन्त्रको विकास गर्नु आजको आवश्यक्ता हो। यहाँभित्र रहेका मूर्त–अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरू जे जस्ता छन्। त्यसको खोज, संरक्षण, सम्बर्धन एवम् विकास गरी यसको गन्तव्य स्थल बनाई अगाडि वढ्नु पर्दछ । प्राकृतिक स्रोत तथा साधनको उपयोग गर्दा स्रोत र साधनको दिगो रूपमा उपयोग गर्ने प्रक्रियामा जाँदा विपन्न परिवारलाई उच्च प्राथमिकतामा राख्नु पर्छ। पर्यटन उद्योगको विकास एवम् विस्तारको लागि नया सम्भावित क्षेत्रहरूको विकासमा ध्यान दिनुपर्दछ। हामीले तीनवटा सरकारको परिकल्पनाबाट अगाडि बढ्दा स्थानीय सरकारलाई बलियो बनाई ग्रामीण पर्यटनलाई जोडदिनु पर्दछ।

हामीले सहकारीको माध्यमबाट पर्यटन क्षेत्रलाई अगाडि बढाई आन्तरिक पर्यटन जुन स्थानीय प्राकृतिक स्रोतमा आधारित भएर उद्योगको विकास गर्नु पर्दछ। त्यसतर्फ हाम्रो ध्यान पुगेको छैन। ठूला प्रकृतिका पर्यटन उद्योगमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीलाई जोडदिनुपर्छ। सार्वजनिक तथा निजी साझेदारीमा र मझौला र साना प्रकृतिका पर्यटन उद्योगमा राष्ट्रिय लगानीकर्तालाई पनि विशेष प्राथमिकता दिनु आवश्यक छ। सरकार आफैमा अभिभावक बनी ठूला पूर्वाधार निर्माण र पर्यटन सेवा वा वस्तुको विकास एवम् विस्तारमा सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ। नियमनकर्ता, समन्वयकर्ता र उत्प्रेरकको रूपमा सरकार रहनु आवश्यक छ। हामीले सहकारी भनिरहँदा निजी क्षेत्रको भूमिकालाई झनै प्रोत्साहन गरिने कुरालाई विर्षनु हुँदैन। सङ्ख्यात्मकभन्दा जहिले पनि गुणात्मक पक्षलाई ध्यान दिनुपर्छ। वातावरण संरक्षणमैत्री पर्यटन उद्योगलाई प्राथमिकतामा राखिनुपर्छ। सबैभन्दा महत्वपूर्ण सूचना प्रविधिको उपयोग, सुरक्षा, सुविधा तथा सहुलियतहरूमा सरकारले ध्यान पुऱ्याउनु पर्छ। सहकारीको माध्यमबाट सबैको पहुँच स्थापित गर्नु पर्छ। यसबाट यसको विकास, विस्तार र प्रवर्द्धन गरी यसलाई दिगो बनाउन सकिन्छ।

## गर्नुपर्ने कामहरू

बागमती प्रदेश अन्तराष्टिय पर्यटकहरूको पहिलो प्रवेशद्धार भएकोले यहाँभित्र बढीभन्दा बढी पर्यटक यसै प्रदेश अन्तर्गत घुम्ने ढङ्गले हाम्रो कानुन, नीति, योजना र कार्यक्रम बन्नु पर्दछ। आन्तरिक तथा बाह्य पर्यटकको लागि आकर्षक कार्यक्रम तयार गरी अगाडि वढ्नुपर्दछ। यहाँको भौगोलिक विशषता, विविधतायुक्त क्षेत्र भएकोले त्यस अनुकूलको पर्यटकीय क्षेत्रको विकासमा हाम्रो ध्यान पुग्नुपर्छ। यहाँ प्रवेशदेखि बाहिरिंदासम्मको पूर्ण प्याकेज कार्यक्रम तयार गर्न सक्नुपर्छ। त्यसको लागि यस क्षेत्रमा लाग्ने पर्यटन व्यवसायीहरू बीच स्वस्थ प्रतिस्पर्धा तथा

सहकार्यमा अभिबृद्धि गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने तर्फ सरकार लाग्नुपर्ने अवस्था छ। यस प्रदेशभित्र आउने पर्यटकको परम्परागत बजारलाई विस्तार गरी छिमेकी मित्रराष्ट्र चीनको तिव्वत र दक्षिणमा रहेको भारतसँग जोडिएका ठाउँबाट पर्यटनलाई आकर्षित गर्ने विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ। यहाँभित्रको पर्यटकीय सम्पदास्थलहरूको उचित तवरले "ब्रान्डिङ्ग" गर्ने सन्दर्भमा हाम्रो ध्यान पुग्नुपर्छ। स्थानीय निकाय पर्यटक आगमनको थलो भएकोले यसको क्षमता विकास गरिनुपर्दछ। यो प्रदेशभित्र विश्व कीर्तिमान कायम गर्ने विभिन्न हिमाल आरोहण गरी ख्याति कमाएका व्यक्तीहरू मार्फत् अन्तराष्ट्रिय पर्यटकलाई आकर्षण गर्नुपर्छ।

पर्यटन उद्योग बहु आयामिक र विशेष अनुसन्धानमा आधारित उद्योग हो। नेपाललाई माया गर्ने अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरूलाई पनि बेलाबेलामा नेपालमा यात्रा गराई यहाँभित्रको पर्यटन प्रवद्धर्न गरिनुपर्छ। बिदेशी प्रतिष्ठित महानुभावहरूलाई साथी बनाई यो राजधानी प्रदेशलाई अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन गर्ने कार्यमा सहभागी गराउनु पर्छ। विदेशी व्यक्ति वा संस्थालाई आकर्षक सम्मान वा सहुलियतयुक्त प्याकेजको विकास गरिनुपर्छ। बढी पर्यटक यस प्रदेशमा पठाउने, थप पर्यटन प्रवर्द्धन गर्ने र पर्यटनका क्षेत्रमा लगानी बढाउन योगदान पुयाउने व्यक्तीलाई थप प्रोत्साहन स्वरूप पुरस्कृत र सम्मान गर्ने कार्यमा ध्यान दिनुपर्छ। सरल ढङ्गले भिषा प्रदान गर्ने र पर्यटन उद्योगमा लगानी गर्ने बिदेशी लगानीकर्तालाई लगानी कायम रहेसम्म सम्मान स्वरूप आवासीय भिसा दिन संघीय सरकारमा सिफारिस गर्ने जस्ता कार्यमा हाम्रो ध्यान पुग्नुपर्छ। महोत्सव, मेला र अन्तरक्रिया जस्ता कार्यक्रमहरूलाई जोडदिने साथै सभा, सम्मेलन, व्यापार–मेला, सांस्कृतिक महोत्सव र रचनात्मक एवम् प्रवर्द्धनात्मक पर्यटन गतिविधिमा विशेष जोडदिनु पर्दछ। अन्तर्राष्ट्रिय संघ सङ्गठनका विभिन्न बैठक, भेला, सभा र सम्मेलन यस प्रदेशमा गर्ने र यस प्रदेशको नागरिकलाई अन्तराष्ट्रिय कार्यक्रममा जाँदा पर्यटनको प्रवर्धन गर्ने जिम्मेवारी जस्ता विषयमा ध्यान दिई यस प्रदेशलाई एउटा उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास गर्नेतर्फ नीतिगत कानूनी तथा व्यवहारिक सबै पक्षमा एकीकृत ढङ्गले अगाडि बढ्नु पर्छ ।

पदयात्राको राम्रो सम्भावना भएकोले यसलाई उत्कृष्ट पर्यटकीय सम्पदाको रूपमा यसलाइ बनाइ थप सुरक्षित, भरपर्दो र आकर्षक बनाउनेतर्फ जानुपर्दछ। पदयात्रा पर्यटनमा उच्च आय वर्गका पर्यटकको आकर्षणमा बृद्धि गराउनुपर्छ। हामीले नयाँ रूटहरूको खोजी गर्ने कार्यलाई जोडदिनु पर्छ। प्राकृतिक तथा वातावरणीय दृष्टिकोणले राम्रो सुरक्षाका दृष्टिकोणले संवेदनशील मानिएका स्थलहरूलाई निर्देशित पदयात्रा क्षेत्रका रूपमा विकास गर्नुपर्छ। पदयात्रा जस्तै जलयात्रालाई पनि बढी व्यवस्थित, व्यवसायिक र वातावरण मैत्री तुल्याई यो प्रदेशलाई एउटा आकर्षक जलयात्रा गन्तब्य स्थलगरी विकास र विस्तारमा हामीले ध्यान पुयाउनुपर्छ। जलयात्रालाई सुरक्षित र भरपर्दो बनाउने त्यसको लागि निजी क्षेत्रसँग समन्वय गरी आपतकालीन उद्धार र सुरक्षाको लागि उपयुक्त संयन्त्र बनाएर अगाडि वढ्दा यस क्षेत्रले धेरै लाभ आर्जन गर्न सक्छ। यहाँ साहसिक पर्यटनको रूपमा जल, स्थल र वायुमा आधारित मनोरञ्जनपूर्ण क्यान्योनिङ, याफ्टिङ, बन्जीजम्पिङ्ग, प्याराग्लाइडिङ, स्किइङ् लगायतका साहसिक पर्यटन क्रियाकलापहरूमा हामीले ध्यान दिनुपर्छ। साहसिक क्रियाकलापमा सुरक्षित र सम्भव देखिएका नदी, पहाड, भञ्ज्याङ, गढी तथा हिमशिखरहरूको उपयोग गर्न हामीले अध्यन अनुसन्धानलाई ध्यान दिनुपर्छ। खेलकूद पर्यटन प्रवर्द्धनको लागि उच्च आय बर्गका पर्यटकहरूलाई आकर्षित गर्नुपर्छ। गल्फ, हात्ती पोलो, क्रिकेट, फुटबल, आदिको प्रवर्द्धन तथा आयोजनालाई अगाडि वढाइनुपर्छ।

यहाँभित्र क्यासिने उच्च आय बर्गका पर्यटकहरूलाई आकर्षित गर्न क्यासिनेलाई मर्यादित रूपमा सञ्चालन गर्न मुलुकले ध्यान दिनुपर्छ। यहाँभित्र सांस्कृतिक पर्यटन, चलचित्र पर्यटन, शैक्षिक पर्यटन, स्वास्थ्य पर्यटन, जैविक विविधता प्रवर्द्धन पर्यटन जस्ता विषयमा यस प्रदेशको जोडबल हुनुपर्छ। यहाँभित्र योगसाधना आध्यात्मिक साधना, ध्यान, एवम् प्राकृतिक उपचार केन्द्रको रूपमा यस प्रदेशलाई विकास र प्रवर्द्धन गर्न सकिन्छ। आयुर्वेद जस्ता परम्परागत उपचार पद्धतिको प्रचार प्रसार भनौ वा उच्च तहको शैक्षिक उपाधिसहितको शैक्षिक पर्यटन क्षेत्रको रूपमा विकास गरिनुपर्छ। सीपमूलक अल्पकालीन र मध्यकालीन तालिमलाई माग अनुरूप विविधीकरण गरी मुलुकका दुर्गम एवम् सम्भाव्य पर्यटकीय क्षेत्रहरूमा विस्तार गरि यहाँभित्र यसैमार्फत सबै वर्गलाई सहयोग पुग्ने कार्यक्रम लागू गर्न सकिने सम्भावना छ।

## आर्थिक सवलीकरणमा बढी जोड

हामीले जे प्रस्तुती गरेका छौ त्यो प्रदेशको आवधिक योजनामा प्रस्तुत गरेको सरकारी नीजि तथा सहकारी क्षेत्रको संयोजन गरिनुपर्छ। यस क्षेत्रको पूर्वाधार विकासमा सरकारी दायित्व बढी नै छ। पर्यटन गुरूयोजनामा जोडदिइ प्रदेशले प्राथमिकता जनाइएका क्षेत्रमा पूर्वाधार एवम् विकास गर्ने तर्फ विशेष ध्यान दिनुपर्छ। योजनामा समाविष्ट वार्षिक स्वीकृत कार्यक्रम, आवधिक योजनाका आधारमा स्रोतको प्रयोग हुने हुँदा खर्च व्यहोर्ने स्रोतका सम्बन्धमा पनि प्रष्ट हुनुपर्छ। शुरूदेखिनै कार्यक्रमलाई प्रभावकारी ढङ्गले लागू गर्ने समयमा नै निक्रयौल हुने तथा खर्च व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानुनी व्यवस्था एवम् प्रकृयाद्वारा व्यवस्थित गर्दा बढी विश्वास आर्जन गर्न सक्छ। पर्यटन क्षेत्रको योगदान प्रदेश विकासमा महत्वपूर्ण हुने भएकोले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा विकास गर्नेतर्फ ध्यान दिनु पर्दछ।

## पर्यटकीय सम्भावनालाई कसरी अगाडि बढाउने?

पर्यटन क्षेत्रमा विकास निजी क्षेत्रको लगानीलाई बढावा दिने त्यसको लागि मुल मर्मनै शान्ति सुरक्षाको सुनिश्चतता भएकोले यस क्षेत्रमा सुधार गर्ने विषयमा हाम्रो ध्यान पुग्नुपर्छ । पर्यटकीय प्रवर्द्धन गर्दा उत्पादित चिजलाई जोड दिदै जानु पर्दछ । अद्धितीय पर्यटकीय क्षेत्रलाई ध्यान दिने साथै चीनको तीन तिर र भारतको ठूरीसँग सिमना जोडिएको र मुलुककै ठूलो नाका रक्सालबाट नजिक रहेकोले ठूलो सङ्ख्यामा पर्यटक आउन सक्ने सम्भावना रहेको छ । सरकारले गैर आवसीय नेपालीहरूलाई लगानि गराउने हवाई सेवासँग प्रत्यक्षा सम्वन्ध बृद्धि गर्ने सामाजिक सांस्कृतिक सम्पदाको प्रचुरतालाई प्रवर्द्धन गर्ने यहाँभित्रको हिमाल पहाड उपत्यका टार वेसी तराइ देखि भित्री मधेशस समेत परेको यस भूवनावटभित्र साहसिक पर्यटन क्षेत्रहरूको पनि अत्यधिक सम्भावना रहेको छ । अझ विदेशी पर्यटकहरू प्रत्येक्ष रूपमा यस क्षेत्रमानै पहिला प्रवेश गर्नेहुँदा त्यसलाई सकरात्मक सन्देश दिन सक्नुपर्छ ।

## कोभिड १९को पर्यटनमा प्रभाव

सन् १९३० को आर्थिक मन्दी भन्दा पनि भयानक कोरोनाको कारण निम्तिने आकलन गरिदैं रहँदा महामारीको बास्तविक अन्त्य भ्याक्सिन निर्माण पछिमात्र संभव छ । यो विचमा धेरैले रोजगारी गुमाएको र गुमाउनु पर्ने निश्चित छ । विश्व बजारमा आर्थिक संकट वा वित्तीय संकटको कारण अर्थ क्रियाकलाप विल्कुलै

घट्न जान्छ । खुद ग्राहस्थ उत्पादन घट्नु भनेको नै आर्थिक मन्दी हो । धेरै जसो अवस्थामा वित्तीय संकट नै आर्थिक संकटको कारकको रूपमा उभिएको हुन्छ । अर्थव्यवस्थामा माग, आपूर्ति र वित्त व्यवस्थापनलाई तलमाथि पार्छ । प्रकोपको डरले व्यक्तिगत खर्च घटाउदा सरकारी खर्च केही बढेको देखिएता पनि कुल खर्च भने नकारात्मक हुन्छ । पर्यटकको आगमनको कारण केही उद्योगहरू बन्द हुने अवस्था छ । यसले ***अन्तर्राष्ट्रिय लगानीमात्र नभइ राष्ट्रिय लगानिलाई प्रभाव पारिसकेको अवस्था छ ।*** यो महामारीले अहिले नै अन्तर्राष्ट्रिय लगानीलाई प्रभाव पारिसकेको अवस्था छ । विश्वका प्राय सबैजसो देशले लकडाउन गरेको हुनाले कारोवार लगभग ठप्प जस्तै छ । नेपालको पर्यटन क्षेत्र मुख्य आम्दानीको स्रोत भित्र पर्नेहुँदा कोभिडको कारण यो मुलुक मारमा परेको छ ।

## त्यस्तै अन्य चुनौतीहरू

भुकम्पबाट क्षतिग्रस्त सम्पदाको अन्तराष्ट्रिय जगतमा नकरात्मक प्रभाव परेको छ । यहाँको प्राचिन सम्पदाहरूको दिनानुदिन अतिक्रमण भएको छ । यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन सकेको छैन । पर्यटकीय सेवा तथा गन्तव्यको विविधिकरण तर्फ ध्यान पुगेको छैन । क्षमता अभिबृद्धि गर्नेदेखि पर्यटकहरूको वसाईसंगै खर्चमा बृद्धि हुन सकेको छैन । मौलिक कला संस्कृतिको संरक्षण र विकास र यस सम्वन्धी पर्यटकीय शिक्षा र चेतना अभिबृद्धिमा अझै पनि प्रभावकारीता ल्याउन सकेको छैन ।

## आगामी कार्यदिशा

नेपाल संघीय ढाँचामा प्रवेश भैसकेको परिप्रेक्ष्यमा समग्र नेपाल र प्रादेशिक तहसम्मको पर्यटन प्रवर्द्धनका लागि नयाँ संरचनाहरूको निर्माण गर्ने, नयाँ परिस्थिति र अन्तराष्ट्रिय परिवेश अनुकूल हुने गरी नयाँ पर्यटन नीति बनाई लागू गर्ने, भुकम्पबाट क्षतिग्रस्त संरचना/सम्पदाहरूको तत्काल पुनःनिर्माण गर्ने, सुरक्षित, भरपर्दो हवाई सेवाको सुनिश्चितता गर्ने, पूर्वाधारमा लगानी बृद्धि गर्ने, पर्यटन विविधिकरण तथा गुणस्तरमा बृद्धि, परम्परागत मौलिक संस्कृतिहरूको संरक्षण र प्रवर्द्धन गर्ने, व्यवसायिक, दक्ष जनशक्ति विकास गर्ने, गन्तव्यहरूको पहिचान, प्रवर्द्धन तथा बजारिकरणमा जोड दिदैं जानु आजको टड्कारो आवश्यकता हो । अवसर र सम्भावनाहरूको भरपुर उपयोग गर्न सकेमा राष्ट्रिय अर्थतन्त्रमा यसको योगदान उल्लेख्य रूपमा बढ्न सक्ने नै देखिन्छ। यसका लागि पर्यटकीय सुरक्षा, सेवा सुविधाको गुणात्मक सुधार पहिलो शर्त हो ।

## निश्कर्ष

प्रर्यटन आफैमा महत्वपूर्ण सम्पदा हो । यसलाई बहु आयामिक मानिन्छ । यसका सरोकारवालाहरू थुप्रै छन् । निजी व्यवसायी कम्पनीहरू जस्तै ट्राभल एजेन्सीहरू, टुर अपरेटरहरू, ट्रेकिङ कम्पनीहरू एयरलाईन्सहरू, होटल तथा रिसोर्टहरू आदि छन् । सार्वजनिक निकायहरूमा महानगरपालिका, उप नगरपालिका, गाउँपालिका, संघीय सरकार र प्रदेश सरकार र त्यसरी नै विकास साझेदारीहरूमा जेसिज, रोटरी र लायन्स आदि छन्।

# कोरोना महामारीले रोजगारीमा पारेको प्रभाव र पुनर्उत्थानका उपायहरु

डा मान वहादुर बीके
प्रमुख सचिव, बागमती प्रदेश सरकार

पछिल्लो श्रम सर्भेक्षण[1] अनुसार कोरोना प्रभाव अघि काम गर्ने उमेर समुहका (सक्रिय जनशक्ति) २ करोड ७ लाख मध्य जम्मा ७१ लाख व्यक्ति रोजगारीमा रहेको देखाइएको छ भने त्यस मध्य करिव ६२ प्रतिशत अनौपचारिक क्षेत्रमा कार्यरत छन । अनौपचारिक क्षेत्र रोजगारको भरपर्दो श्रोत मानिदैन भने कुनै पनि प्रकोप पर्दा पहिलो प्रभाव त्यसैमा पर्दछ। तसर्थ कोरोना महामारीले गर्दा दुवै क्षेत्रमा संलग्न मध्य करिव ३० लाखले तत्काल रोजगार खोज्नु पर्ने अवस्था देखिन्छ। एउटा तथ्याङ्क अनुसार भारत वाहेक करिव २५ लाख नेपालीहरु बैदेशिक रोजगारमा रहेको आकलन गरिएको छ। अअभिलेखित समेत गणना गर्दा यो संख्या झनै बढी हुन्छ। गन्तव्य मुलुकहरु समेत आर्थिक संकटको चपेटामा परेकोले करिव १० लाख त्यस्ता व्यक्तिहरु स्वदेश फर्किने अवस्थामा रहेको अनुमान गरिएको छ। नेपालका सबै भन्दा तल्लो तप्काका व्यक्तिहरु आफ्नो घर गुजाराका लागि भारतमा श्रमिकको रुपमा काम गर्नेको संख्या पनि ठूलो छ। यस्ता श्रमिकको कुनै ौपचारिक तथ्याङ्क नभएता पनि करिव २० लाख हुन सक्ने अनुमान गरिएको छ। बन्दाबन्दी कै अवस्थामा पनि भारतबाट फर्किनेको लर्को ठूलै रह्यो। खुकुलो हुदै जादा यो संख्या न्युनतम पनि ५ लाख पुग्ने देखिन्छ। प्रतेक वर्ष हाम्रो श्रम बजारमा करिव ५ लाख[2] नया श्रम शक्ति थपिने गर्छन।

यसरी हाम्रो श्रम बजारमा ५० लाखको रोजगारीको चाप देशलाई पर्ने देखिन्छ। यसबाट एउटा अहम प्रश्न तेर्सिएको छ, के यत्रो रोजगारी देश भित्रै सृजना हुन सक्छ त? यही प्रश्नको जवाफ खोज्ने प्रयास यो आलेखमा गरेको छु ।

यसको लागि हामिले तीन महत्वपूर्ण कुरा हेर्नु पर्दछ; कोरोना संक्रमण र यसको प्रभावको निरन्तरता, रोजगारी जोगाउने तथा सृजना गर्ने क्षेत्रको रणनीतिक योजना र सक्षम शासकीय प्रणाली।

**कोरोना संक्रमण र यसको प्रभावको निरन्तरता**

कोरोना संक्रमणको महामारीको असर नपरेको क्षेत्र र स्थान कुनै छैन। यसको ठूलो प्रभाव रोजगारी र आपूर्ति श्रृंखलामा परेको छ। विश्व श्रम संगठनको पछिल्लो (पाचौ संस्करण)[3] अनुसार विश्व श्रम बजारमा मार्च पछि अधिकांश मुलुक बन्दाबन्दीको अवस्थामा रहदा करिव ९३ प्रतिशत कार्यस्थल बन्द रहेको र कार्यघण्टाको

[1] Report on the Nepal Labour Force Survey, 2017/18, CBS and ILO (2019)
[2] Ibid
[3] ILO Monitor: COVID-19 and the world of work. Fifth edition Updated estimates and analysis, ILO (30 June, 2020)

क्षति बढेर १४ प्रतिशत पुगेको आकलन गरिएको छ जुन विश्वमा ४० करोड बराबरको पूर्णरोजगारी गुमे बराबर हो। दक्षीण एशियामा कार्यघण्टाको क्षति बढेर १७.९ प्रतिशत पुगेको छ जुन ११ करोड रोजगारी गुमे सरह हो। अक्सफामले करिव ५० करोड[4] थप व्यक्तिहरु गरिबिमा धकेलिने आकलन गरेका छन। तर संक्रमणको प्रभाव लम्बिदै जादा यो संख्या पनि बढ्दै जाने संभावना देखिन्छ। यसको प्रत्यक्ष असर खाध्यान्न उपलव्धतामा परी भोकमरीको महामारी निम्तिने प्रवल संभावना रहेको छ। यो अवधी मै करिव १ करोड ३० लाखले चरम खाध्य संकट परेका व्यक्तिहरु थपिएर विश्वभर २ करोड ६५ लाख पुगेका छन[5]। अन्तराष्ट्रिय व्यापार २७ प्रतिशतले खुम्चिसकेको छ। यसले लघु, साना तथा मझौला उध्योगमा संलग्न व्यक्तिहरुलाई ठूलो असर परेको छ। त्यस्तै अन्तराष्ट्रिय मुद्रा कोषले विश्व अर्थतंत्र यो वर्ष नकारात्मक ४.९ प्रतिशतले र विकासशील मुलुकको अर्थतंत्र नकारात्मक ३ प्रतिशतमा खुम्चिने आकलन गरेको छ[6] । विप्रेषण आयमा आधारित अर्थतंत्र भएका मुलुकको अर्थतंत्र त झनै खलवलिएको छ; तासको घर जस्तो भताभुंग हुने संभावना छ।

हाम्रो मुलुकमा पनि बन्दाबन्दीका कारणले धेरैले रोजगारी गुमाउनु परेको छ। पर्यटन तथा होटल, निर्माण तथा उत्पादन, ढुवानी तथा यातायात, मनोरंजन जस्ता क्षेत्रहरु त लामो समयसम्म थला पर्ने देखिन्छ। सरकारी गणना अनुसार नै यो वर्ष करिव ४ खर्वले कूल गार्हस्थ्य उत्पादन घट्ने आकलन गरिएको छ[7]। सो अनुसार चालु अर्थिक वर्षको आर्थिक वृध्दी २.३ प्रतिशतमा खुम्चिने अनुमान गरिएको छ। क्षेत्रगत हिसावले हेर्दा रोजगारी दिने जस्तै पर्यटन, निर्माण, यातायात, उत्पादनका क्षेत्रहरुको अवस्था नकारात्मक छ। विश्व खाध्य कार्यक्रम र कृषी मंत्रालयले हालै गरेको एक द्रुत अध्ययनले यो बन्दाबन्दीको अवस्थामा १० प्रतिशतले रोजगारी गुमाएको र करिव ३१ प्रतिशतको आयश्रोतमा असर परेको उल्लेख गरेको छ। यसले प्रत्यक्ष असर खाध्य उपलव्धतामा पारेको छ। सोही अध्ययनले यो अवधीमा खाध्य अपर्याप्त व्यक्तिको संख्या सन् २०१६/१७ को तुलनामा ८ प्रतिशतले बढी २३ प्रतिशत पुगेको जनाएको छ[8]। तद्रुरुप यो संख्या करिव ६५ लाख पुगेको देखिन्छ। विश्व खाध्य संगठनले प्रकाशन गरेको पछिल्लो प्रतिवेदन (सन् २०१९) ले यो संख्या २५ लाख देखाएको थियो। सामान्य अवस्थामा पनि सुदुरपश्चिम, कर्णाली र प्रदेश नं २ का अधिकांश भागहरु खाध्य संकटमा पर्ने गरेका छन भने यो महामारीले त्यसको गांभिर्यता झनै वढाएको छ। विध्यालय तथा शैक्षिक संस्थाहरु लामो समय देखि बन्द रहदा वालवालिकाहरुको सिकाई उपलव्धीमा पार्ने असर त छदैछ उनीहरुको मानसिक स्वास्थ्यमा परेको असर दीर्घकालिन र अपूरणीय छ। एक अध्ययन अनुसार बन्दाबन्दीको ७४ दिनको

[4] OXFAM Media Briefing. “Dignity not Destitution”. OXFAM (April 2020)
[5] Dr.Man Bahadur Bk at https://www.academia.edu/42686038/Impact_of_COVID_19_Pandemic_on_Food_Security_Escalating_World_Hunger
[6] World Economic Outlook update June 2020, International Monetary Fund.
[7] ASIAN DEVELOPMENT OUTLOOK 2020 WHAT DRIVES INNOVATION IN ASIA? Special Topic: The Impact of the Coronavirus Outbreak—An Update (April 2020)
[8] The Impact of COVID-19 on Households in Nepal; Ministry of Agriculture and Livestock Development, WFP and Australian Aid (May 2020)

अवधिमा १२२७ जनाले आत्महत्या गरेका रहेछन जुन सामान्य अवस्थाको भन्दा बढी हो। यसको असर समय वित्दै जादा निराकरणको उपयुक्त विधी अवलम्वन गरिएन भने विकराल बन्दै जाने निश्चित छ। विश्व स्वास्थ्य संगठनले सन् २०२२ सम्म नै कोरोना संक्रमणको प्रकोप रहिरहने हुदा सजगता अपनाउन सतर्क गराइसकेको हुदा यो प्रभाव कति लामो जान्छ भन्न सकिने अवस्था छैन। तसर्थ कोरोना प्रभाव संगै जीवनयापन शैलि अवलम्वन गर्नु नै हाम्रो रणनीति हुनु पर्ने देखिन्छ।

## रोजगारी जोगाउने तथा सृजना गर्ने क्षेत्रको रणनीतिक योजना

माथि उल्लेख गरिसकिएको छ कि मुलुकमा करिव ५० लाखको थप रोजगारी सृजनाको दवाव परिसकेको छ। यत्रो रोजगारी कसरी सृजना गर्न सकिएला जवकि सामान्य अवस्थामा पनि जम्मा ७१ लाखले मात्र रोजगारी पाएका छन। राष्ट्रिय आर्थिक सर्भेक्षण २०७५[९] अनुसार यस्तो रोजगारी दिने ९,२३,३५६ वटा व्यबसायिक ईकाइहरु रहेका छन जस मध्य ठूला उध्योग करिव ७ हजार मात्र रहेकाछन। यसमा अधिकांशत (४,९८,०६९) थोक तथा खुद्रा व्यापार र गाडि मर्मत संग संवन्धित घरेलु, साना तथा मझौला प्रकृतिका ईकाइहरु रहेका छन जुन महामारीमा सबै भन्दा बढि प्रभावित हुन्छन। तसर्थ यो महामारीले यस्ता व्यवसायिक ईकाइहरु खल्वलिएका छन; कतिपय त अव उठ्नै नसक्ने अवस्थामा पुगेका छन। यसरी एका तिर देश भित्रैको रोजगार गुमेको छ भने बैदेशिक रोजगारीबाट फर्किनेको संख्याले यो दवाव थेगी नसक्ने भएकोछ। त्यसो त भारत, बंगलादेश, चिन लगायतका मुलुकबाट आएर यहा काम गर्नेहरु फर्किएका छन। यसले रोजगारीका केही क्षेत्र खालि पनि भएका छन।

विशेषत रोजगार सृजनाका लागि तीनवटा क्षेत्रहरु महत्वपूर्ण छन; सार्वजनिक, निजी र सामुदयिक। यी मध्य यस्तो महामारीमा सरकार नै बढी सक्रिय भई सार्वजनिक क्षेत्रलाई नै प्रभावकारी बनाउनु पर्दछ। विशेषत मुलुकको विकास र निर्माणका कार्यलाई यही बेला तिव्रता दिनु पर्दछ। देश भित्र सबै भन्दा बढी युवाशक्ति हुने अवस्थामा यसको उच्चतम लाभ लिई आर्थिक बृध्दीमा फड्को मार्ने मौकाको रुपमा परिचालन गर्नु पर्दछ। युवाशक्ति नै सबै भन्दा चलायमान र उत्पादनशील श्रोत हो। देशमा लामो समय देखि सुस्त गतिमा चलेका राष्ट्रिय गौरव र प्रार्थमिकता प्राप्त आयोजनालाई अघि बढाउनु पर्दछ। विभिन्न लोकमार्ग, रेलमार्ग, विधुत उत्पादन, औध्योगिक क्षेत्र तथा औध्योगिक ग्राम जस्ता बढी भन्दा बढी रोजगार दिन सक्ने क्षेत्रलाई पहिलो प्रार्थमिकतामा राख्नु पर्दछ। सरकारले हालै प्रस्तुत गरेको बजेटले पनि प्रधानमंत्री रोजगार कार्यक्रमबाट २ लाख समेत गरी विभिन्न निकाय र कार्यक्रमबाट प्रत्यक्षत १२ लाख[10] रोजगार सृजना हुने देखाएको छ। तराई मधेश समृध्दी कार्यक्रम, कामका लागि खाध्यान्न कार्यक्रम, राष्ट्रपति महिला उत्थान कार्यक्रम लगायतका कार्यक्रमबाट थप रोजगारी सृजना हुनेछन। यसको श्रृखला प्रभावबाट दोश्रो र तेश्रो तहमा हुने रोजगारी सृजना समेत गणना गर्दा सार्वजनिक क्षेत्रबाट करिव ३० लाख थप रोजगारी सृजना गर्न सकिने संभावना देखिन्छ।

---

[9] National Economic Census-2018, Central Bureau of Statistics (2019)

[10] डा मान बहादुर बीके available at https://www.onlinekhabar.com/2020/07/882153

नेपालको कूल गार्हस्थ्य उत्पादनको ७० प्रतिशत हिस्सा निजि क्षेत्रले ओगटेको छ। महामारीले यही क्षेत्रमा भारी असर परेको भएता पनि उत्पादन र रोजगारीका लागि यसको पुनर्उत्थान जरुरी छ। यो अवस्थामा कृषी निर्विकल्प क्षेत्र वनेको छ। विशेषत अव कृषी क्षेत्रलाई प्राथमिक उध्योगको रुपमा उठाउने मौका पनि सृजना भएको छ। कृषी क्षेत्रमा मात्रै करिव ६ लाख रोजगार सृजना गर्न सकिने सरकारी आकलन नै छ। बजेटमा एक स्थानिय तह एक उत्पादन पकेट क्षेत्र कार्यक्रम संचालन गरिने कुरा उल्लेख छ। भुमि बैंकको व्यवस्थाले आफ्नो भूमि पर्याप्त नहुनेहरु पनि सहजै कृषि कर्ममा संलग्न हुन पाउने छन। त्यस्तै भूमिहिन दलितहरुलाई भूमि उपलव्ध गराइने व्यवस्थाले उनीहरुलाई कृषि कर्म तर्फ आकर्षण गर्नेछ। यसबाट कृषीसंग संवन्धित तथा कृषीमा आधारित व्यवसायहरुको विकास हुने प्रवल संभावना छ। बैदेशिक रोजगारीबाट फर्किएका थुप्रै युवाहरु थप सीप र दक्षता हासिल गरेर फर्किएका छन। उनीहरुको सीप अनुसार इलम गर्न वा उध्यमी बनाउन सरकारी तहबाट आवश्यक सहजीकरण भएमा उनीहरु स्वरोजगार बन्ने मात्र होइन थप रोजगारी प्रदान गर्न सक्छन। त्यसका लागि घरेलु, साना तथा मझौला उध्योगहरुलाई पुनर्उत्थान गर्न ५ प्रतिशत सम्मको सहुलियतपूर्ण व्याजदरमा कर्जा उपलव्ध गराउन ५० अर्वको कोषको व्यवस्था बजेटमा गरिएको छ भने १ खर्व सम्मको पुनरकर्जाको सुविधा उपलव्ध गराउने व्यवस्था मिलाइएको छ। त्यस्तै विपन्न वर्ग कर्जाका साथै बाणिज्य बैंकका प्रतेक शाखाले १० जनालाई र विकास बैंकका प्रतेक शाखाले ५ जनालाई सहुलियतपूर्ण कर्जा उपलव्ध गराउनु पर्ने अनिवार्य व्यवस्था गरिएको छ। सो अनुसार २०७६ असार मसान्त सम्मको शाखाहरुको संख्या अनुसार बाणिज्य बैंकबाट ३५,७५० र विकास बैंकबाट ६,३२५ गरी ४२,०७५ जनाले यस्तो सहुलियत मार्फत स्वरोजगार बन्नेछन । यसका अलावा नवप्रवर्तनकारी कर्मका लागि त २ प्रतिशत व्याजदरमै कर्जा उपलव्ध गराउने व्यवस्था छ। यसबाट विस्तारै निर्माण र उत्पादन क्षेत्र पनि पुनर्उत्थान हुदै जाने देखिन्छ। यो महामारीले अब हरेक कुरा विधुतीय माध्यमबाट गर्नु पर्ने आवश्यक्तालाई उजागर गरेकोछ। यसले सूचना तथा संचार क्षेत्रमा ठूलो फड्को मार्ने अवस्था देखिन्छ। हरेक स्थानिय तहमा हुने उध्योग ग्राम, रोजगार सूचना केन्द्र र रोजगार संयोजकको व्यवस्थाले स्थानिय तहमै रोजगार सृजना हुने कुरामा थप सघाउ पुग्नेछ। उपरोक्तानुसार[11] निजि क्षेत्रले करिव १५ लाख रोजगारी पुनर्उत्थान तथा नया सृजना गर्न सकिने आकलन गरिएकोछ।

सामुदायिक क्षेत्र अर्थात सामुहिक उध्यम तथा सामाजिक कार्य पनि रोजगार सृजनाका महत्वपूर्ण पक्ष हुन। सामुदायिक कार्यका लागि उपभोक्ता समिति, सहकारी, समुह, क्लब तथा सामाजिक संघसंस्थामा आवध्द भई सामुहिक काम गर्ने प्रवृत्ति पनि बढ्दो छ। बन लगायत अन्य विभिन्न उपभोक्ता समितिहरु त यसका राम्रा उदाहरण बनिसकेका छन। त्यसैले सरकारले समृध्दीका लागि बन कार्यक्रम पनि ल्याएकोछ। महिला तथा युवाहरु विभिन्न समुह र क्लबमा आवध्द भई सशक्तिकरण तथा उध्यमशीलताको अभियानमा लागेका छन। हाम्रो खरिद कनुनले १ करोड सम्मको निर्माण कार्य अपभोक्ता समिति मार्फत गराउन सक्ने व्यवस्था गरेकोछ। सामुदायिक बैङ्कीङमा आवध्द भई आयमुलक क्रियाक्लाप गर्ने विधि विशेष गरी बैङ्कीङ पहुच नपुगेका दूर्गम तथा

[11] चालु आर्थिक वर्षको नेपाल सरकारको बजेट व्यवस्था अनुसार ।

ग्रामिण भेगमा प्रभावकारी रहेकेछ। देशभर रहेका लघुवित्त संस्थाका ३,६२९ वटा शाखा र करिव ३४,००० के संख्यामा रहेका सहकारी संघसंस्थाहरुले पनि स्वरेजगारी कै लागि सामुहिकताके प्रवर्धन गरिरहेका छन। त्यस्तै सामाजिक सेवा गर्न स्थापित सामाजिक संघसंस्थाहरु पनि रेजगारीका श्रेत हुन। विपद व्यवस्थापन र करेना संक्रमणका संवन्धमा पनि स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा, उद्धार तथा पुनर्स्थापना र जनचेतनाका लागि समेत पर्याप्त जनशक्ति परिचालन गर्नु पर्ने अवस्था छ। यसका लागि सबै तहका सरकारले स्यंसेवकहरु परिचालन गर्ने व्यवस्था गर्दै आएका छन। यसरी समष्टिगत रुपमा सामुदायिक क्षेत्रबाट करिव ५ लाख अतिरिक्त रेजगार सृजना हुने संभावना देखिन्छ।

**सक्षम शासकीय प्रणाली**

हुनत देशके अर्थव्यवस्था “भी सेप रिकभरी” हुने कुरा अर्थमंत्रीबाट संसदमा प्रस्तुत भएकेछ तथापी उपरेक्त कुराहरु यत्तिकै उपलव्ध हुन भने सक्दैनन। यसका लागि हाम्रे शासकीय शैलि र नीतिगत व्यवस्थामा सारभूत रुपान्तरणके खाचे छ। आर्थिक क्रियाक्लापके केन्द्र बिन्दु बजार नै हे र बजारलाई चलायमान राख्न सार्वजनिक वित्तके केन्द्रिय भूमिका रहन्छ। सरकारी ढुकुटीबाट एक रुपिया बाहिर निस्किदा बजारमा २४ रुपिया बराबरके आर्थिक गतिविधि बढ्छ।[12] त्यस अनुसार हालै सार्वजनिक गरिएके अगामि वर्षके संघीय बजेट पैने १५ खर्व मध्य चालु आर्थिक वर्ष जत्तिकै (७० प्रतिशत) खर्च भएमा पनि बजारमा पुग्ने १० खर्वले करिव रु २४० खर्व बराबरके थप आर्थिक क्रियाक्लाप हुने देखिन्छ। प्रदेश र स्थानिय तहका बजेटले पनि यसमा सारभुत हिस्सा थप्ने छन। त्यसले बजारमा सृजना गर्ने प्रत्यक्ष रेजगारी र त्यसके गुणात्मक प्रभाव त छदैछ। तथापी हामि कहा बजेट खर्च, श्रेत परिचालन र राजस्व व्यवस्थापन (चुहावट नियन्त्रण) गर्ने क्षमतामा सधै प्रश्न उठ्ने गर्छ। अहिलेके अवस्थामा राजश्व उठतीले चालु खर्च धान्न पनि नसक्ने अवस्था सृजना भएके छ। विशेष गरी पूजिगत खर्चके अनुपात सधै अपेक्षित भन्दा कम नै रहने गर्छ भने गरेके खर्चले के कति वास्तविक पूजि निर्माण गरेकेछ भन्ने कुरा सधै संसयपूर्ण रहने गर्छ। ये समस्या तिनै तहके सरकारमा देखिन्छ।

चालु बर्ष पनि संघीय बजेटके पुजिगत खर्च ५८.६ प्रतिशत मात्र हुने भएकेछ। त्यही हालत प्रदेश र स्थानिय तहके पनि छ। त्यस्तै राजस्व व्यवस्थापन प्रभावकारी हुन सकेके छैन; चुहावट रेक्न र करके दायरा फराकिले बनाउन सकिएके छैन। हुन त अहिलेके बजेटमा “म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जन्ताका लागि वफादार भएर काम गर्नेछु” भन्ने प्रतीज्ञा सहितके सुशासन कर्म संस्कृति प्रवर्धन गर्ने कुरा उल्लेख छ। तर भ्रष्टाचारका घटनाहरु संचार माध्यमहरुमा छताछुल्ल हुने गरी आइरहने कुराले यस्ते संस्कृति प्रवर्धन हुने कुरामा संसय पैदा गरेके छ। अझै पनि सरकारले प्राय घाटामा गइरहने र सरकारले नचलाए पनि हुने संस्थानहरुके ठूले व्ययभार बेकेर बसेकेछ। आर्थिक सर्भेक्षण २०७५/७६ मा उल्लेख भए अनुसार ४४ वटा

[12] डा मान बहादुर बीके available at https://www.onlinekhabar.com/2020/07/882153

संस्थानहरु मध्य १३ वटा घाटामा र ५ वटा लामो समय देखि बन्द अवस्थामा रहेका छन।[13] यस्ता संस्थानहरु सरकारले बेकी रहनु उपयुक्त देखिदैन। देश संघिय संरचनामा गईसके पछि केन्द्रिय निकायहरुलाई उपयुक्त संख्या र आकारमा ल्याउनका लागि गठित सार्वजनिक खर्च पुनरावलोकन आयोगले केन्द्रमा चाहिने निकायहरुको संख्या र आकार सहितको प्रतिवेदन पेश गरेको लामो समय भई सकेको छ तर हाल सम्म कार्यान्वयन हुन सकेको छैन। व्यवसायिक क्षेत्रहरु लामो समय बन्द रहदा राजस्व उठ्न नसकी साधारण खर्च नै धान्न नसक्ने अवस्थामा सरकार पुगेको छ। बजेट वक्तव्यमा सार्वजनिक खर्च कटौतीका केही झिना कुराहरु परेको भएता पनि आर्थिक संकटको यो अवस्थामा सारभुत रणनिति पर्न सकेको छैन। यसको लागि रणनितिक प्रतिवध्दता सहित संघिय तह देखि स्थानिय तहसम्म खर्च संरचनामा आमूल परिवर्तन गर्न जरुरी छ। संघीयताको मर्म अनुरुप आवश्यक संख्या र आकारमा निकायहरु चुस्त दुरुस्त राख्ने र राजनितिक नियुक्तिका लागि निजामति निकायको समानान्तर निकाय खडा गर्ने चलन हटाउने मात्र हैन खारेज नै गर्नु पर्छ। सरकारको विभिन्न कोषमा ठूलो रकम (१ खर्ब ५९ अर्ब) प्रयोग विहिन रहने तर लक्षित समुहले विपदमा पनि कुनै सहयोग नपाउनुले तत् तत् निकायको व्यवस्थापकीय असक्षमता प्रष्ट्याउछ। एका तिर श्रोतको अभाव छ भने अर्को तिर अरबौ रकम यस्ता कोषमा निष्क्रिय रहेका छन। यस्ता कोषहरुलाई एकिकृत गरी प्रभावकारी प्रयोग गर्ने हो भने यसले बजेटको भारलाई कम गर्न सकिन्थ्यो।

उल्लेखित रोजगारी सृजना गरी संमृध्द नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न तेती सजिलो छैन। अझै कोरोना संक्रमणको विश्वव्यापी महामारीको अनिश्चितताले यसलाई झनै जटिल बनाएको छ। यदि देशमा जम्मा हुने युवा शक्तिको सही व्यवस्थापन गर्न सकिएन भने यो शक्तिबाट अर्को बिद्रोह सृजना हुन सक्ने खतरा पनि उत्तिकैछ। यसलाई छिचोल्नका लागि कडा प्रतिवध्दताका साथ राजनितिक चरित्र र शासकीय शैलीमा मुक्तिकामी रुपान्तरणको खाचो छ। देश र जन्ताका लागि सबै तहमा राजनितिक लाभ र स्वार्थ त्याग गर्ने यो उपयुक्त समय पनि हो। गरिवमूखी, खुला, जवाफदेही र समाबेशी शासकीय पध्दती बेगर उल्लेखित राष्ट्रिय आकांक्षा पूरा गर्न त परै जावस बर्तमान संकट टार्न समेत गाह्रो हुने देखिन्छ। खुला बजारको पुरानै आर्थिक नीति पछ्याएर यो संभव छैन। विश्व अर्थ राजनीति नै रुपान्तरणको चरणमा छ। हामीले पनि हाम्रो अर्थ राजनीतिमा संरक्षणकारी उदारवाद (Protective Liberalism)[14] को नीति अवलम्वन गरी उदार समाजवाद (Liberal Socialism) तर्फ अग्रसर भएमा हाम्रो संविधानले परिकल्पना गरे बमोजिम् समाजवाद उन्मुख अर्थतंत्रको लक्ष्य हासिल हुन सक्छ।

---

[13] अर्थ मंत्रालय, सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समीक्षा - २०७७

[14] Dr. Man Bahadur Bk at https://www.academia.edu/41584548/Protective_Liberalism_The_Foundation_for_Transformative_Democracy

# विकास आयेजनाः समस्या र व्यवस्थापन

डा. हरिप्रसाद लम्साल
सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश

## परिचयः

आर्थिक सर्वेक्षण (२०७७) ले देखाएअनुसार नेपालको कुल गार्हस्थ उत्पादनको लगभग ८२ प्रतिशत हिस्सा उपभोगमा खर्च हुन्छ । राष्ट्रिय अर्थतन्त्रको ठूलो हिस्सा अनौपचारिक प्रकृतिको छ, जसअन्तर्गत कारोबार भएको विवरण मुलुकको ढुकुटीमा गणना हुन सक्दैन् । यसको असर सार्बजनिक बजेटको आकारमा परिरहेको छ । सार्बजनिक बजेटको आकार जति मात्रामा हुनुपर्थ्यो सो हुन नसक्नुमा यो पनि एउटा प्रमुख कारण हो । एकातिर भएकै सार्बजनिक बजेटको ठूलो हिस्सा चालु बजेटले ओगटेको छ भने अर्कोतिर पुजीँगत कार्यका लागि विनियोजन भएको न्यून बजेट समेत समयमै खर्च हुन सकिरहेको छैन । भएको खर्चको अधिक हिस्सा पनि आर्थिक वर्षको अन्ततिरको हुने गर्दछ । ठूला ठूला आयोजनाका रुपमा रहेका राष्ट्रिय गौरवका आयोजनाको प्रगति अवस्था नाजुक छ । तोकिएको समयमा आयोजना सम्पन्न हुन सक्दैनन् र म्याद थप्नुपर्ने कार्य नियमित जस्तै बनेको छ । म्याद थप गर्ने कार्यबाट आयोजनाको लागत बढेको बढ्यै छ । कतिपय आयोजना त शुरु लागतको दोब्बर लागतमा पुगिसकेको पनि हुनसक्छ । कतिपय अवस्थामा आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार नगरि बजेट विनियोजन गर्ने गरिएको पनि पाइन्छ । यसबाट मुलुकलाइ कति वर्षका लागि के कति लागत आवश्यक हुन्छ भन्ने अनुमान गर्नै कठिन छ तापनि हरेक वर्ष बजेट विनियोजन भइरहेको छ ।

विकास आयोजनाका सम्बन्धमा यस्तो अवस्था विगतका एकदुइ वर्षमात्रको होइन । विगत धेरै वर्षदेखिको निरन्तरता हो । यस्तो अवस्था त हाम्रा लागि नियमितता जस्तै भइसक्यो जुन हरेक वर्ष आउँछ र भोग्नै पर्छ । यसमा संलग्न हरेक वर्ष कुनै न कुनै कारण देखाएर उम्केकै छन् । कहिले नाकाबन्दी त कहिले भूकम्प वा यस्तै अन्य कारणलाइ जिम्मेवार बनाइकै छ । गएको आर्थिक वर्षको तेस्रो चौमासिक र यस वर्षको बारेमा त झन कुरै गर्न परेन किनकी अहिलेलाइ कोरोना बाहेक अरु केहि भन्नै परेन । तर यस अविधमा पनि विनियोजित बजेटमध्ये चालु प्रकृतिका काममा छुट्याइएको रकम लगभग खर्च हुन्छ । भनाइको मतलब उपभोगको मात्रा घटेको छैन । बरु नयाँ नियुक्तिले यस्ता खर्च बढाएका होलान । खर्च कम हुने वा नहुने भनेको त पुजीँगत शीर्षकको बजेट मात्र हो, विकास बजेटमात्र हो । जुन रकम खर्च हुनै पर्थ्यो त्यहि नभए पछि विकास कसरी हासिल गर्ने त ?

मुलुक संघिय संरचनामा गएपछि तीन तहका सरकारबाट विकासका काम छिटो र छरितो ढँगबाट हुन सक्छन् भन्ने सबैको अपेक्षा थियो । तर वितेका दुइ वर्षका अनुभवले त्यस्तो देखाएनन् । संघियता

अगाडि केन्द्रिय तहमात्र हुदाँ पनि यसको 'कनजम्प्सन' र 'एब्जर्सन' क्षमता कमजोर नै थियो । संघियता कार्यान्वयन पश्चात पनि यसमा खासै सुधार आएको छैन् । प्रदेश र स्थानीय तह बनेको धेरै भएकै छैन । एकै पटक धेरै अपेक्षा गर्दा अन्याय हुन पनि सक्छ । तर प्रदेश र स्थानीय तहबाट शुरुवाती वर्षमा जे जस्तो ढँगबाट काम र खर्च भएको छ त्यसले त्यति आशा लाग्दो अवस्था देखाएको छैन । यहाँ पनि उपभोग खर्च अत्यधिक मात्रामा बढेको छ र पुजीँगत काम एवम् खर्चको अवस्था कमजोर नै छ ।

सरकारी भाषामा विकास बजेट खर्च हुन सकेन भने तापनि सारमा भन्नुपर्दा जनताका लागि काम हुन नसकेको हो भनेर नै बुझ्नु पर्छ । काम गरि खानु पर्ने समूहले आय आर्जन गर्नका लागि पनि सरकारले विकासका काममा विनियोजन गरेको रकम खर्च हुनु पर्छ । यहि शीर्षकमा राखेको बजेट खर्च हुन नसकेपछि विकास नहुनेमात्र होइन कि यस्ता समूहले कमाउन पनि पाउँदैनन् । मुलुकमा कमाउन नपाएपछि बालबच्चा पाल्नका लागि विदेशिनु बाहेक यस समूहुसँग अरु के बाँकी रह्यो त ? यो अत्यन्त पेचिलो प्रश्न हो जुन सरकारको खर्चगर्ने क्षमतासँग जोडिन्छ ।

नेपालमा समयमा काम किन हुन सक्दैनन् त ? खर्चै गर्न भनेर राखिएको बजेट किन खर्च हुदैन ? सरकारी भाषामा भन्ने हो भने कार्यक्रममा प्रगति किन हासिल हुन सकेन त ? माथि भनिएजस्तै यो सबाल अहिलेको मात्र नभएर वर्षौं देखि निरन्तरता पाएको प्रश्न हो । यसका बारेमा प्रवचन धेरैले दिन सक्छन । जिम्मेवारीमा रहेका र जिम्मेवारीभन्दा बाहिर रहेकाहरुको उत्तर फरक खालको हुन्छ । अधिकारमा रहदाँ देखिने अवस्था र बाहिर रहदाँ देखिने अवस्थामा फरक हुन्जेल हुने यस्तै नै हो । धेरैको परीक्षा भैसक्यो तर सुधारका ठोस कदम कसैबाट पनि चालेको देखिएन । अधिकारबाट बाहिर भएपछि यसका बारेमा चेत खुल्ने गरेको पक्ष सामाजिक सन्जालबाट देख्न र सुन्न पाइन्छ । यो प्रश्न राजनैतिक नेतृत्व र कर्मचारी दुवैका हकमा उत्तिकै रुपमा लागू हुने गर्दछ ।

यस प्रश्नमा राजनैतिक र कर्मचारीका आ आफ्नै मत छन् । विगतदेखि नै राजनैतिक नेतृत्वले मैले त चाहेकै हो कर्मचारीका कारण काम हुन नसकेको भन्ने गरेको पाइन्छ । फेरी कर्मचारीका पनि आफ्नै खालका तर्क हुने गरेको देखिन्छ । संरचनाभन्दा बाहिर रहेकाहरुको बिचार पनि सम्बन्ध र आग्रहका आधारमा बन्ने गरेको देखिन्छ । काम हुनका लागि के गर्नु पर्थ्यो भन्नेतर्फ भन्दा पनि आफूले जानेको मात्र सहि भन्ने मानसिकताले सबै स्थानमा काम गरेको देखिन्छ । यसमा वस्तुगत समिक्षाकै अभाव छ भन्दा फरक पर्दैन् ।

वास्तवमै काम नहुनुमा राजनैतिक नेतृत्वले नजानेर होला कि काम गराउने ढँग नपुगेर होला ? के कर्मचारीले राजनैतिक नेतृत्वलाइ सहयोग नगरेकै होलान त ? कि कर्मचारीमा क्षमता छैन ? कि दुवैका बीचमा समन्वय हुन नसकेर यस्तो भएको होला ? के राजनैतिक नेतृत्व र कर्मचारी दुवैले बाहिर भन्ने गरिएजस्तै काम गर्न नचाहेकै होलान त ? कि काम नहुनुमा समग्र संगठन र प्रणालीमा नै कमजोरी छ ? कि उपयुक्त काम नै तय हुन सकेका छैनन ? कि काम नहुनुमा अहिले भनिएका भन्दा अरु कुनै कारण छन?

माथि दिइएका र यस्तै अन्य प्रश्नको वस्तुगत ढँगबाट समिक्षा नगरिकन काम किन नभएको वा हुन नसकेको हो भनेर एकिन गर्न कठिन छ । अनुमानका भरमा मात्र भन्दा एकले अर्कोलाइ देखाउने वा दोष लगाउने काम मात्र हुन्छ र अहिलेसम्म भइआएको पनि यहि हो । तर समस्याको नजिक पुग्न वा कारण पत्ता लगाउन अवस्थालाइ केलाउनै पर्छ, विश्लेषण गर्नै पर्छ । प्रस्तुत लेखमा यसै विषयलाइ बहसमा ल्याइ यसभित्रका कारणहरुलाइ खोतल्ने र सोको सम्बोधनका उपायहरु सुझाउने प्रयास गरिएको छ ।

## समस्या के मा छ ?

विकास आयोजनका सन्दर्भमा हामीकहाँ दुइओटा अति महत्वपूर्ण कामलाइ काम झै मान्ने संस्कार नै छैन । पहिलो हामी विगतको समिक्षा अति कम मात्रामा गर्छौं । समिक्षा भन्दा पनि बढाइचढाइमा विश्वास गर्छौं । सानो उपलब्धिलाइ ठूलो बनाउनमा समय खर्च गर्छौं । विगतमा भए गरेका कार्यलाइ निर्मम ढँगबाट समिक्षा गरेर सिकाइ हासिल गर्नुपर्थ्यो जुन हुन सकेको छैन् । के गर्न सकिएन र किन सकिएन भनेर बहस चिन्तन हुदैन । अर्को कुनै अमूर्त कारणले काम हुन सकेन भन्यो सकियो । समिक्षा जति मात्रामा वस्तुनिष्ठ र तथ्यपरक बनाउन सकियो सुधारका क्षेत्र वा स्थान पहिचान गर्न सोहि अनुपातमा सहजता हुने थयो । अनि यहिबाट सुधारका काम शुरु गर्न सकिन्थ्यो । यसका लागि अहिले कुनै ठूलो सुधारको आवश्यकता पर्दैन । धेरै स्रोत लाग्ने पनि होइन । अहिले नै अनुगमन गर्ने, सूचना संकलन गर्ने, प्रगति प्रतिवेदन तयार गर्ने र कमी कमजोरी सहित सुधार क्षेत्र पहिचान गर्ने संस्कार बसाल्ने हो भने अहिलेकै बजेट तथा कार्यक्रमबाट पनि धेरै उपलब्धि हासिल गर्न सकिन्छ । माथि भनिएझै यतिबेला काम हुन नसक्नुको एउटा प्रमुख कारण अनुगमन नहुनु र भैहाले पनि सोको सूचना निर्णयमा प्रयोग नगरिनु नै हो । यसले काम नहुदा पनि कोहि जिम्मेवार नबन्दा हुने अवस्था सृजना गरिरहेको छ ।

दोश्रो, हामीले कुनै काम गर्नका लागि खासै तयारी गर्दैनौ । मनमा आयो कार्यक्रम राखिदिउन त भन्ने ढँगबाट कार्यक्रम प्रस्ताव गर्ने प्रचलन पनि छ । एक त कार्यक्रम तय गर्नुभन्दा अघि तथ्यपरक सूचना खोजिदैन । अनि कार्यक्रम तय गरिसकेपछि पनि यसमा गहिरिएर अध्ययन गर्ने प्रचलन कम छ । सोझो अर्थमा भन्दा बाढि आएपछि रोकथामका बारेमा चर्चा गर्ने अनि बाँकी समय आरामले बस्ने जस्तै प्रवृत्ती धेरै स्थानमा छ । विषयसँग सम्बन्धित भएर कम तयारी गर्छौं । अझ कतिपय अवस्थामा त तयारी नै गर्दैनौ भने पनि हुन्छ । अझै कडा रुपमा भन्ने हो भने हचुवाका भरमा कार्यक्रम राख्छौ, अनि त्यसरी नै कार्यान्वयन हुन्छ भन्ने मान्यता राख्छौं । हरेक काम गर्न खोज्दा यससँग सम्बन्धित पक्षहरुमा प्रशस्त मात्रामा विश्लेषण आवश्यक हुन्छ, लाभहानी र जोखिम केलाउन आवश्यक हुन्छ । भन्ने गरिन्छ कुनै कामलाइ तयारी देखि कार्यान्वयनसम्मको समयलाइ १०० मान्ने हो भने तयारीका लागि ९९ प्रतिशत समय दिनु पर्छ । राम्रो तयारी गरेर काम प्रस्ताव गर्ने हो भने कार्यान्वयनमा समस्या आउने सम्भावना धेरै न्यून हुन्छ । समयमा कार्यक्रम कार्यान्वयन हुन नसक्नुमा बिना तयारी कार्यक्रम राख्नु र कार्यान्वयनमा जानु नै हो ।

नेपालमा कार्यक्रमहरु दीर्घकालिन सोचभन्दा पनि तत्कालका आवश्यकता र लाभका आधारमा तय गरिन्छन भन्दा खासै फरक पर्दैन । एकातिर आवधिक योजना पनि बनाइन्छन्, सँगै अर्कोतिर वार्षिक कार्यक्रम र बजेट बनाउदाँ यसलाइ हेर्ने चलन छैन । यीनको बीचमा तालमेल खोज्ने हो भने सो सम्बन्ध

निकाल्न धेरै कठिन हुनसक्छ । योजना तर्जुमाको क्रममा जुन मात्रामा लागत लाभ विश्लेषण हुनुपर्थ्यो सो पनि कमै मात्रामा हुनेगर्दछ । आयोजना बैंक त बन्छ तर यसैबाट आयोजना छानिन्छन् भन्ने आधार स्थापित गर्न कठिन देखिन्छ । संघ, प्रदेश र स्थानीय तहका आयोजना बैंक बनाएर प्राथमिकताका आधारमा आयोजना छनौट हुन नसकेकै कारणले काममा दोहोरोपन र छुट्ने गरेको छ ।

## समाधानका उपाय के त ?

अब के गर्ने त रु उत्तर सजिलो छ हामी सबैजना बदलिने । हाम्रो संस्कार बदल्ने । काम गर्ने पद्धति बदल्ने । योजना बनाउने पद्धति बदल्ने । अनुगमन र सोबाट प्राप्त सुचनालाइ निर्णय प्रकृयामा जोड्ने । आजसम्म नभएका यी सबै काम एकैचोटी भन्नासाथ कसरी हुनसक्लान त ?

सबैभन्दा पहिला हामी सबैले के सोच्न आवश्यक छ भने हाम्रा समस्या हामी आफैले समाधान गर्ने हो । समस्यालाइ पन्छाएर वा यसबाट भागेर कुनै निकास आउने होइन । जुन तहबाट समस्याको समाधान हुनु पर्ने हो सो तहमा बसेर छलफल गरी समाधान खोज्नु पर्छ । यसमा जति ढिलो गर्छौं यो विषय त्यतिमात्रामा जेलिदै जाने निश्चित छ । पहिलो वर्ष प्रगति हासिल भएन । त्यसपछि हामीसबै एकएकओटा कारण देखाएर बस्यौं । मिल्दासम्म अरुका कारणले काम नभएको भनेर बस्यौं । अरुलाइ दोषारोपण गर्दा आफूले जिम्मेवारी लिनै पर्दैन अनि यसैमा रमाउने गयौं । सोचौं त के अब पनि यसरी नै जाने हो त ? अहिले अनावश्यक काममा खर्च भइरहेको समयलाइ घटाएर कार्यालयका काममा लगाउनु पर्छ अनिमात्र निकाश आउँछ । भनिन्छ हरेक निकायका प्रमुखले आफ्नो ७५ प्रतिशत समय कार्यालयमा दिने हो भने अहिलेका आधा समस्या आफै समाधान हुन सक्छन् । बाँकी आधालाइ छलफल संबाद र अन्तरकृया गरेर सल्टाउन सकिन्छ ।

यति गरेपछि सबै काम भइहाल्छ त रु यो विषय माथि भनिएजस्तै यति सरल पनि छैन । माथिका कार्यबाट काम हुनसक्छ भन्ने हो । भइहाल्छ भन्ने पनि होइन । कहिलेकाँही राम्रो तयारी गर्दागर्दै पनि काम नहुन सक्छ । तयारीले काम हुनसक्छ भन्ने मात्र हो । तयारी भएका कामहरु गर्ने क्रममा धेरै अवरोध आउन पनि सक्छन् । आउनसक्ने अवरोध र जोखिमको पनि समयमा नै लेखाजोखा हुनु आवश्यक हुन्छ । कहिलेकाँही नसोचेको जोखिम पनि आउन सक्छ । सोका बारेमा लेखाजोखा गर्नका लागि विज्ञको सहयोग लिने परम्परा बसाल्नु आवश्यक छ ।

सार्वजनिक निकायका काममा तीनओटा पक्ष हुन्छनः व्यक्ति, संगठन र समग्र प्रणाली । यी तीनैको बीचमा समन्वय हुन सकेन भने पनि काममा अवरोध आउन सक्छ । यी तीन पक्ष सबै उत्तिकै महत्वपूर्ण त छन् तर वैयक्तिक पाटो सबैभन्दा प्रभावशाली हुन्छ । किनकी हरेक मानिस व्यक्तिगत रुपमा अर्को व्यक्तिभन्दा राम्रो र अब्बल देखिने चाहना राख्दछ नै । व्यक्ति स्वयम आफ्नो प्रशंसाको भोको हुन्छ । यसमा केहि अपबाद हुन सक्ला । यस्ता अपबाद छोड्ने हो भने हरेक व्यक्तिले आफूलाइ अरुले राम्रो भनिदिउन भन्ने चाहना राख्दछ नै । तसर्थ व्यक्ति काम गरेर लाभ र जस लिन उद्त हुन्छ नै । कर्मचारी स्वभावैले अलि प्रकृयामुखी हुन्छ नै । राजनैतिक नेतृत्वमा त काम देखाउने चाहना अझ बढि हुन्छ नै । यहाँ व्यक्तिको

योग्यता र क्षमता महत्वपूर्ण त हुन्छ नै सोका साथमा सोच पनि उत्तिकै महत्वपूर्ण हुन्छ । तसर्थ उपयुक्त व्यक्तिलाइ उपयुक्त स्थान दिनै पर्छ । व्यक्ति परिचालनलाइ उच्च प्राथमिकता दिनै पर्छ ।

अमेरिका र युरोपमा विकास हुनका लागि सरदरमा दुइसय वर्ष लागेको देखिन्छ । कोरिया, जापान, हङकङ र ताइवान विकास हुन ३० देखि ४० वर्षको समय लाग्यो । सिंगापुर, मलेशिया बन्नका लागि २५ वर्षभन्दा कम समय लाग्यो । अझ चीनले त सोभन्दा कम समयमा विकास गरेर देखाएकै छ । यसबाट सिक्न सकिन्छ । कुनै एउटा मुलुकले लिएको मोडल र प्रकृया अर्कोका लागि मिल्छ नै भन्ने त होइन । तर केहि आधारभूत पक्षहरु ती मुलुकबाट लिदाँ नराम्रो हुदैन् । महाथिरले पश्चिमा मोडल होइन कि ‘लुक फर इस्ट’ भनेर त्यतिबेलाको जापानबाट धेरै सिकेको बताएका छन् । चीनले सिमित खुला बजारमा प्रवेश गर्दैगर्दा अरुबाट सिक्दै अगाडि बढेको देखिन्छ । अहिले भारतका प्रधानमन्त्रीले पनि अरुबाट सिकेको देखिन्छ । यसले के देखाउछ भने अरुबाट सिक्दा हुन्छ तर विकासका लागि आफ्नो मोडल र प्रकृया चाहिन्छ नै ।

हामीकहाँ विकासको मोडल के त ? दिर्घकालिन विकासका लागि पहिला चाहिने त यहि रहेछ । त्यसपछि अन्य पक्षहरु मिलाउँदै जाने रहेछ । यसरी मिलाउने क्रममा उपलब्ध स्रोतको पहिचान र सोको परिचालनलाइ उच्च प्राथमिकता दिनु पर्ने रहेछ ।

हामीकहाँ समयमै काम सम्पन्न गर्ने हो भने कामलाइ तीन भागमा बाँडौ । तत्कालमा गर्नु पर्ने, मध्यकालमा गर्नुपर्ने र दीर्घकालमा गर्नुपर्ने काम तय गरि सोका आधारमा अगाडि बढ्नु पर्छ । अहिले तत्कालै गर्न सकिने भनेको स्वीकृत कार्यक्रमको कार्यान्वयन योजना बनाएर सोका आधारमा अगाडि बढ्नु हो । यसका लागि व्यक्तिलाइ जिम्मेवारी प्रदान गर्नु र सबै पदाधिकारीले कार्यान्वयनमा नै जोड दिनुपर्छ । कामलाइ मसिनो ढँगले केलाएर कार्यान्वयनमा ल्याउनु हो । अनुगमन गरी आवश्यकताअनुसार करेक्शन र सहयोगमा जोड दिनु हो । अहिलेलाइ यसको विकल्प छैन । कोभिड १९ कै बीचमा के कसरी अगाडि बढ्न सकिन्छ भनेर थप उपायहरु समेत तय गर्न सकिन्छ । काममा सुशासन खोज्यो भने कार्यान्वयन हुन सक्छन् । तर मध्यकालिन र दीर्घकालिन कामका लागि अहिलेदेखि नै देहायका विषयमा ध्यान दिन सक्यौं भने विकास आयोजनाको प्रभावकारी व्यवस्थापन हुनसक्छ ।

**विकासको उपयुक्त मोडल छनौटमा ध्यान दिनु पर्ने**

अहिले विद्यालयको एउटा कोठा बनाउन होस वा टारी खेतको कुलो मर्मत गर्न होओस तीनै तहका सरकार समुदायसम्म आफ्नो उपस्थित जनाउन प्रतिस्पर्धा गरेका देखिन्छन् । स्थानीय तहबाट काम गराउँदा संघ र प्रदेशको नाम आउदैन वा संघ र प्रदेशको नाममात्र आउँदा स्थानीय तहको नाम खोइ त भन्ने मानसिकतामा काम भइरहेछ । लाग्छ सबैको नाम ढुङ्गामा कुद्नु परेको छ । यसले हामीकहाँ विकासको मोडल नै छैन भन्ने जस्तो देखायो । संघ, प्रदेश र स्थानीय तहले के गर्ने र के नगर्ने भन्नेमा एकरुपता छैन्, साझा मत छैन् । कुन तहको जिम्मेवारी के भन्ने बारेमा संविधानमा त लेखियो तर व्यवहारमा साना मसिना कामका लागि पनि अनावश्यक र नहुनु पर्ने प्रतिस्पर्धा भइरहेछ । एउटै कामका लागि दुइ तीन निकायबाट बजेट विनियोजन भएको छ । यसबाट स्रोत छरिएको छ । सँगसँगै बेथिति पनि बढेको छ । अहिलेको मोडल यथावत राख्दा भएको रकम त खर्च होला तर दीगो विकास हासिल हुदैन् । यसबाट

अनावश्यक मात्रामा स्रोत छरिने मात्र नभइ बेथिति पनि बढ्ने निश्चित छ । तसर्थ विकासको साझा मोडल बनाउने काममा ढिला नगरौँ । हरेक विकसित मुलुकको विकासको मोडल थियो र अहिले विकासमा लम्केका मुलुकले पनि यस्तो मोडल बनाएका छन् ।

**आपसी विश्वास र क्षमताअनुसारको अधिकार जिम्मेवारी दिनु पर्ने**

हामीकहाँ राजनैतिक नेतृत्व र कर्मचारीको बीचमा अविश्वास छ । एकले अर्कोलाइ भित्रैदेखि नमान्ने प्रवृत्ती छ, नगन्ने प्रवृत्ती छ । कमजोरी दुवै तर्फ छन् नै । सिद्धान्तत कर्मचारीलाइ काममा लगाउने दायित्व राजनैतिक नेतृत्वको हो । कर्मचारीले काम गरेन भनेर मात्र पनि पुग्दैन । समयमा प्रभावकारी ढँगबाट काम हुनका लागि धेरै पक्षहरुको तालमेल मिल्नु पर्छ नै । तर आधारभूत पक्ष भनेको क्षमता र दक्षता अनुसार कर्मचारीलाइ काम गर्ने स्थानमा राख्न सक्नु हो । जतिसुकै प्रविधि र मेसिनको कुरा गरे पनि त्यसको परिचालन गर्ने भनेको व्यक्ति स्वयमले नै हो । तसर्थ काम नहुनुमा स्थानअनुसार व्यक्तिलाइ जिम्मेवारी दिन नसक्नु नै हो । भएकै जनशक्तिको परिचालनबाट काम लिने संस्कार अहिले चाहिएको छ । नयाँ ल्याउनका लागि पनि भएका कर्मचारीबाट नै काम गराउनु पर्छ । तसर्थ राजनैतिक नेतृत्वले आपसी विश्वास जितेर सीप र क्षमता अनुसारको जिम्मेवारी दिने हो भने अहिलेकै सरचनाबाट पनि धेरै काम हुनसक्छ । विकसित मुलुककै उदाहरण लिने हो भने पनि उपयुक्त व्यक्तिलाइ उपयुक्त स्थान दिएर नै उपलब्धि हासिल गरेको देखिन्छ ।

**ननकोरमा होइन कि कोर काममा समय लगाउनु पर्ने**

सबैका लागि काम गर्ने समय सिमित छ । सिमित समयमा असिमित काम गर्नु पर्ने अवस्था छ । माथि नै भनियो यसका लागि राम्रो तयारी चाहिन्छ । कामको अधिकार र जिम्मेवारी तलका तहमा दिनुपर्छ । अहिले त हामीकहाँ कतिपय अवस्थामा काम भनेकै बैठक त हो नि भनेजस्तो भयो । जति जति माथिल्लो तहमा पुग्यो निजहरुको समय बैठक र बैठकका लागि आफूभन्दा माथिका महानुभावलाइ कुर्दैमा बितेर जाने भयो । निर्णय गर्नुपर्ने व्यक्तिले काम गर्नु पर्ने समय जति बैठक र माथिल्ला हाकिमलाइ कुरेर बिताइदिदाँ अरु के काम भएको होला ? समयमा निर्णय हुन सक्दैन अनि कसरी विकास हुन्छ त ? ननकोर काममा दुरुपयोग भइरहेको समय नघटाइकन नेपालमा विकास हुनै सक्दैन । यस्तो प्रथा सबै निकाय र तहमा व्याप्त छ । गर्नै पर्ने बैठकहरु पनि अहिलेजस्तो बिना तयारी गर्ने होइन कि आधा घण्टा वा ४५ मिनेटमा सक्ने गरेर तय गर्नुपर्छ । यसका लागि तलका कर्मचारीको तयारी र प्रतिवद्धताले मात्र पुग्दैन् । हरेक माथिल्लो तहबाट नै शुरु गर्नुपर्छ । एउटा भनाइ छ हाकिम कार्यालयमा पुरा समय बस्ने हो भने आधा समस्या आफै समाधान हुन पुग्छन् । यस भनाइको मतलब हाकिम बसेपछि अरु कर्मचारी पनि बस्नै पर्ने हुन्छ र जनताका काम हुन्छन भन्ने हो । विकसित मुलुकले हिजोका दिनमा गरेको पनि यहि हो र आजसम्म पनि यसलाइ निरन्तरता दिइरहेका छन् ।

## आदेश तामेलभन्दा पनि जिम्मेवारी र अधिकार दिनु पर्ने

मन्त्रालय तथा कार्यालयमा विभिन्न तह र पद सृजना गर्नुको अर्थ काम र अधिकारमा बाँडफाँड गर्नुपर्छ भन्ने हो । तलका तह कमजोर भएर हो कि माथिल्ला तह माइक्रो म्यानेजमेन्टमा रमाएर हो अहिले सानो भन्दा सानो काममा पनि माथिल्लो तहमा सोध्नु पर्ने अवस्था देखिएको छ । यहि मुलुकमा कुनै दिन राजपत्राङ्कित द्वितीय तहका कर्मचारी क्षेत्रीय निर्देशनालयले सरुवा र व्यवस्थापन गर्थो । तर अहिले कार्यालय सहयोगीको सरुवा गर्न सचिवले नसक्ने अवस्थालाइ के भन्ने ?मुलुक संघियतामा गयो । साना साना निर्णय माथितिर सरेका छन् । माथिल्लो तह बढि बलियो भएको हो कि तलका तह कमजोर भएका हुन रु छुट्याउनै कठिन देखियो । जबसम्म अधिकार र जिम्मेवारी हरेक कर्मचारी र तहलाइ दिइदैन कामले गति लिदैन् । यसका लागि अहिलेकै कानून पालना गरे पुग्छ । नयाँ बनाइहाल्न पर्ने पनि छैन । यो त आचरणगत कुरा हो ।

## भएकै स्रोत, जनशक्ति र संरचनाको प्रयोग गर्नु पर्ने

हामीकहाँ आयोजना वा कार्यक्रममा प्राथमिकता भन्ने विषय कागजी रुपमा मात्र रह्यो । भएकै स्रोतको प्रयोगबाट पुजीँ निर्माण गर्दै लाभ र बचत सृजना गर्दै जाने हो । यहि प्रकृयाबाट बजेट बढाउदैं जाने हो । तर चालु खर्च बढिरहने अनि प्राथमिकतामा कार्यक्रममा खर्च गर्न नसक्ने कार्यले मुलुक अगाडी बढन सक्दैन् । पुजीँ निर्माण नभइकन लाभ सृजना गर्न सकिदैन् । भएको जनशक्ति र संरचनालाइ प्रयोग गर्दै अगाडी बढ्ने सोच चाहिन्छ । तर यसमा त्यति ध्यान पुगे जस्तो देखिदैन् । यसैमा ध्यान दिऔं ।

## निष्कर्षः

आयोजना विकासका लागि बनाइने हुन्छन् । सरकारी कामहरु नागरिकका हित र भलाइका लागि सन्चालन गरिन्छन् । यसको समयमै व्यवस्थापन गर्न सके लाभ पनि समयमै प्राप्त गर्न सकिन्छ । बिपन्नले समयमै कमाउन पनि पाउँछन् । गर्नुपर्ने कामलाइ तत्काल, मध्यकाल र दीर्घकाल भनेर वर्गीकरण गर्ने, कामका लागि राम्रो तयारी गर्ने र अनुगमनमा जोड दिनुका साथै उपलब्ध स्रोत र साधनलाइ प्रभावकारी ढँगबाट परिचालन गर्ने हो भने यहि अवस्थामा पनि हामी धेरै काम गर्न सक्छौं । विगतलाइ निर्मम ढँगबाट समिक्षा गरेर सिकाइ हासिल गर्दै अगाडी बढ्नु पर्छ । समिक्षा कसैलाइ खुसी पार्न भन्दा पनि किन काम भएन भन्नेमा केन्द्रित गर्नुपर्छ । हामीले शुरुमा आफैसँग भएका स्रोत र साधनको परिचालन गरेर अगाडि बढ्ने नीति अवलम्बन गर्नु आवश्यक छ । थप स्रोतको खोजिभन्दा पनि भएको स्रोतको उचित परिचालन गरेर त्यसबाट लाभ लिन सक्ने बुद्धिको प्रयोग आजको आवश्यकता हो ।

# युवा स्वरोजगार तथा रोजगारका लागि सीप, उद्यमशीलता प्रेरणा र वातावरण

डा. विजय नेपाल (पिएच.डी.शैक्षिक वातावरण)
डा. यमबहादुर सिलवाल (पिएच.डी उद्यमशीलता)
डा. रामप्रसाद अधिकारी (पिएच.डी.स्वास्थ्य शिक्षा)

## १. पृष्ठभूमि

आज विश्वका अधिकांश उच्च शिक्षा हासिल गरेका युवाहरु बेरोजगार छन् । तर पनि देशमा रोजगारीको अभावका कारण अन्य देशहरुमा गएर अत्यन्तै कम पारिश्रमिकमा अति जोखिमपूर्ण श्रमहरु गरिरहेका छन् । त्यसमध्ये कतिले विभिन्न सीप समेत हासिल गरेका छन् तर पनि किन तिनीहरुले आफूले सिकेको सीपलाई प्रयोग गरी उद्यम गर्न सकिरहेका छैनन् ? के यो आंशिक रूपमा हामीले लामो समयदेखि प्रयोगमा ल्याइरहेको शिक्षा प्रणालीको परिणाम होइन ? अधिक मात्रामा ज्ञानात्मक, धारणात्मक, भाषा, व्याकरण र सिद्धान्तहरुको प्रयोग गरी प्रदान गरिएको शिक्षा व्यावहारिक देखिएको छैन । व्यवहारिक शिक्षा प्रदान गर्ने सरकारी तथा गैह्रसरकारी शैक्षिक संस्थाहरुले पनि सीप मात्र सिकाए तर सीपलाई पेशा अर्थात् उद्यममा बदल्न प्रेरणा प्रदान गर्न सकेनन् । नेपालको शैक्षिक प्रणाली पनि यही अवस्थाबाट नै गुज्रिरहेको छ (शिक्षा विकास निर्देशनालय, २०७७)।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गर्न बुढानीलकण्ठ नगरकार्यपालिकाले स्थानीय राजपत्रमा "बुढानीलकण्ठ नगरपालिकाको महिला उद्यमशिल तालिम तथा रोजगार विकास समिति सञ्चालन कार्यविधि २०७६", २०७६।०१।१६ मा प्रमाणीकरण गरी जारी गर्दै महिलाहरुको हितको संरक्षण, संवर्द्धन गर्ने र तालिम दिई रोजगारीको विकास गर्ने उद्देश्यले एक महिला उद्यमशिल तालिम तथा रोजगार विकास समिति स्थापना गर्ने र समितिसँग आवद्ध भएका संघ,संस्थाले आफ्नो विधानको अधिनमा रही बेरोजगार महिलाहरुलाई विभिन्न ज्ञान र सीप सम्बन्धी तालिम प्रदान गर्ने, महिलाहरुलाई सशक्तीकरण गर्न उद्यमशिल, स्वरोजगार बनाउने र पिछडिएका समुदाय वा वर्गका महिला हक, हितको संरक्षण हुने विभिन्न कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ (बुढानिलकण्ठ नगरपालिका, २०७५)।

तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुखले तीन दिने महिला उद्यमशिलता तथा आय आर्जन तालिम कार्यक्रमको उद्घाटन गर्दै महिलाहरुको आय आर्जनका लागि महानगरपालिकाले विभिन्न सीपमुलक कार्यक्रम सञ्चालन गरेको र सो सीपलाई व्यवहारमा लागूगर्दै आफूलाई उद्यमशिल बनाउन अनुरोध गर्नुभएको छ, साथै सो कार्यक्रमका अधिकांश वक्ताहरुले आत्मनिर्भर बन्नसके मात्र महिलाप्रति हुने हिंसामा कमी आउने बताएका छन् (तुलसीपुर खबर डट कम, २०७६) ।

पोखरा महोत्सव उद्घाटनको अवसरमा राष्ट्रिय सभाका अध्यक्षले उद्यमशिलता विना देशमा आर्थिक विकास र समृद्धि हासिल हुन नसक्ने उल्लेख गर्दै एक जनाले जागिर खाँदा एक जनाको भविष्य बन्ने भए तापनि उद्यमशिल हुन सकियो भने धेरै जनाको भविष्य बन्नुका साथै राष्ट्रलाई समेत फाइदा पुग्ने कुरा उल्लेख गर्नुभयो (Pokhara News, 2075) ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ सुर्खेतको आयोजनामा पञ्चपुरी नगरपालिकाका ३० जना उद्यमीहरुको लागि सञ्चालित १० दिने तालिमको समापनको अवसरमा तालिममा सहभागीले नगरपालिकालाई समृद्ध बनाउन उद्यम आवश्यक रहेको र युवाहरुले उद्यम सञ्चालन गर्ने बताए भने नगर उपप्रमुखले अबको लक्ष्य युवा तथा महिलाहरुको आर्थिक क्षमताको विकास गरी समाजको विकास गर्ने र समृद्ध समाजको लागि प्रत्येक व्यक्ति उद्यमी हुन आवश्यक रहेको उल्लेख गर्नुभयो । त्यसैगरी नगर प्रमुखले तालिममा सिकेको कुरा व्यवहारमा लागू गरी उदाहरणीय र राम्रो व्यवसाय गर्ने युवालाई सहयोग गर्ने उल्लेख गर्नुभयो (बुलबुले खबर, २०७५) ।

नेपालको धादिङका एक जना युवाले करोडौंको लगानीमा भैंसी पालन गरेको कुरा धेरैले बिर्सिसके । काठमाण्डौंका एकजना युवाले एकसय वटा गाई पालन गरेको कुरा समेत धेरैलाई थाहा थिएन, गोठमा आगो लागेर गाई मरेपछि मात्र थाहा भयो । देशका विभिन्न ठाउँका युवा युवतिहरु कुनै न कुनै रुपमा उद्यमशिल छन्, जसले आफूजस्तै अन्य युवाहरुलाई हौसला बढाई उद्यमशिलता तर्फ आकर्षित गरिरहेका छन् । विभिन्न देशमा काम गरी फर्केका युवाहरुले कृषिलाई व्यवसायीकरण गरिरहेका छन् । कतिले त अर्गानिक खेती गरी युरोप र अमेरिकामा समेत निर्यात गरिरहेका छन्  (रातेपाटी, २०७४)।

### १.१ समस्याको पहिचान

पछिल्लो श्रमशक्ति सर्वेक्षण (२०७५) अनुसार नेपालमा बेरोजगारी दर २.३ प्रतिशत, अर्धबेरोजगार दर ३० प्रतिशत र युवा अर्धबेरोजगारी दर ३५.८ प्रतिशत रहेको छ भने प्रतिदिन करिब १००० युवाहरु वैदेशिक रोजगारीमा जानेगरेको पाइन्छ । त्यस्तै प्रतिवर्ष करिब ५ लाख युवाहरु श्रमबजारमा थपिने गरेका छन् । वैदेशिक रोजगारीमा गएका मध्ये १.५ प्रतिशत दक्ष, २४ प्रतिशत अर्धदक्ष र ७५.५ प्रतिशत अदक्ष जनशक्तिहरु रहेका छन् (अर्थमन्त्रालय, २०७५) । ती बेरोजगार तथा अदक्ष युवा जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउँदा सीपमुलक तालिम दिएर दक्ष जनशक्तिको रुपमा विकास गर्ने हो भने नेपालमा हाल भित्रिएको भनिएको रेमिट्यान्स दुई गुणाले वृद्धिहुने विज्ञहरुको भनाई रहेको छ । त्यस्तै सरकारी, गैह्रसरकारी र निजी क्षेत्रबाट अर्धदक्ष जनशक्तिलाई सिपमुलक तालिमका साथसाथै व्यवसायिक कौशलता र व्यवसायको लागि उपयुक्त वातावरण प्रदान गर्ने हो भने युवाहरु पक्कै उद्यमी वा स्वरोजगार वा रोजगार हुन सक्दथे भन्नेमा कसैको दुईमत छैन ।

नेपालमा सीप विकास प्रशिक्षण कार्यमा आ.व. २०७७/०७८ मा नेपाल सरकारले व्यवस्था गरेको बजेट अनुसार; थप २,००,००० बेरोजगार तथा अदक्ष युवा जनशक्तिको लागि रोजगारीका अवसरहरू सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रमको रुपमा ने.रु. ११.६० अर्बको बजेट विनियोजन गरिएको छ । यसैगरी सीपमा आधारित प्रशिक्षणका माध्यमबाट ५०,००० बेरोजगार तथा अदक्ष युवा जनशक्तिलाई उद्यमी वा स्वरोजगार वा रोजगारका लागि ने.रु.१ अर्ब विनियोजन गरेको छ । देशका ७५,००० युवालाई रोजगारीका लागि प्राविधिक, व्यावसायिक र सीप प्रशिक्षण प्रदान गर्दै आइरहेका प्रशिक्षण केन्द्रहरुको संगठनात्मक सुदृढीकरणका लागि ने.रु.४.३४ अर्ब विनियोजन गरिएको छ  (नेपाल सरकार अर्थमन्त्रालय, २०७७)।

नेपालमा अहिले नेपाल सरकारको १० वटा मन्त्रालयका विभिन्न निकायहरुमार्फत् र गैह्रसरकारी तथा निजीक्षेत्रको संलग्नतामा विभिन्न प्रकारका व्यावसायिक तथा सीपमुलक तालिम कार्यक्रमहरुका लागि वार्षिक करिब रु. २० अर्ब रुपैयाँ खर्च हुने गरेको छ । छरिएर गरिने यस प्रकारको कतिपय खर्चको कार्यदक्षता प्रभावकारी नहुने, प्रति इकाइ लागत फरक पर्ने, तालिमको पाठ्यक्रम र पाठ्यसामग्रीहरुमा समानता नहुने स्वतः स्पष्ट छ ।




*स्रोतः (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६)*

धेरैवटा सरकारी निकायहरु तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट समेत सञ्चालन भएको, तालिमको पाठ्यक्रम र प्रयोग गरिएको प्रविधि र औजारहरु, तालिमको अवधि आदिमा एकरुपता नभएको र दोहोरोपना रहेको छ । बेरोजगार तथा अदक्ष युवा जनशक्तिलाई उद्यमी वा स्वरोजगार वा रोजगारका लागि तालिम प्रदायक संस्थाहरुबाट स्पष्ट नीतिसहित एकीकृतरुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा एकीकृत नीतिको निर्माण तथा डाटावेस तयार गरी एक आपसमा दोहोरोपना नहुने गरी सञ्चालन गर्नुपर्ने सुझाव समेत प्राप्त भएको छ । हालकै अवस्थामा एकीकृत गरेर सञ्चालन गर्न नसकिने तर नीतिगत रुपमा नै सुधार गरेर समान प्रकृतिका तालिमहरुको पाठ्यक्रम, समयावधि, तालिम प्रदान गर्ने विधि, प्रक्रिया र सामग्री, प्रविधि आदिमा सुधार गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको तालिम प्रदान गर्नुपर्ने हुन्छ (राष्ट्रिय योजना आयोग, २०७४) ।

यसरी मन्त्रालय निकट फरक-फरक तालिम प्रदायक संस्थाहरुबाट एकीकृत नीतिको निर्माण तथा डाटावेस तयार गरी व्यवसायिक तालिम तथा सीप प्रदान नगर्ने हो भने यस क्षेत्रमा गरिएको लगानी औचित्यहिन हुनुको साथै वर्षेनि खर्च गरिने अर्बौं रुपैयाँ बालुवामा पानी खन्याए जस्तै हुनेछ । नेपाल सरकारका मन्त्रालयहरुले प्रदान गर्दै आइरहेका तालिमहरुको विवरण हेर्दा अधिकांश तालिमहरु सीप

सिकाउने किसिमका छन् । उद्यमशिलता विकासमा केन्द्रित तालिमहरु अत्यन्त कम रहेका छन् । त्यसमा पनि अधिकांश तालिमहरु पर्यटन उद्योगसँग सम्बन्धित रहेका छन् ।




*स्रोतः (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६)*

नेपाल सरकारले तालिममा गरेको लगानीको अनुपातमा प्रतिफल अत्यन्त न्यून रहेको देखिन्छ । यसो हुनुमा तालिम पश्चात् त्यसको प्रभावकारिताको अध्ययन तथा अनुसन्धान नहुनु नै हो भन्नेमा विज्ञहरुको मत रहेको छ ।

**अनुसन्धान प्रश्नः** युवाहरुलाई उद्यमी/स्वरोजगार/रोजगार बनाउन केवल व्यावसायिक सीपले मात्र सम्भव छ ?

सीप कुनै खास काम सम्पादन गर्ने दक्षता हो वा कुनै वस्तु वा सेवा उत्पादन गर्न सक्षम हुनु हो । उद्यमशिलता व्यवसायीकरण गर्ने क्षमता हो । "सीप र उद्यमशिलता सम्बन्धी कुशलता भएको व्यक्ति जुनसुकै वातावरणमा पनि बाँच्न सक्छ" जस्तो कि हावा तथा पानी मानव जीवनको लागि अत्यन्त आवश्यक छ, त्यसरी नै सीप र उद्यमशिलता सम्बन्धी कुशलता पनि हरेक सचेत मानिसको जीवनको आवश्यकता हो । उद्यमशिल कुशलता र सीपले हरेक मानिसको जीवनलाई समयानुकूल चलाउन सिकाउँद्छ, भने यसको अभावमा मानिसले असफल जीवन विताउने गर्दछ ।

## १.२ अध्ययनको विधि र प्रक्रिया

युवा स्वरोजगार तथा रोजगारका लागि सीप, उद्यमशीलता प्रेरणा र वातावरण मध्ये कुन कुन पक्षले प्रभावकारी भूमीका खेल्दछ भन्ने विषयमा उठेका सवालको अध्ययन गर्ने उदेश्यले द्वितिय स्रोत र

प्राथमिक स्रोतबाट प्राप्त नतीजाहरुको व्याख्या र विष्लेषण गरि निषर्क निकाल्ने कार्य गरियो । द्वितिय स्रोत अन्तर्गत नेपालमा रोजगारीका लागि सीपतथा उद्यमशीलता विकाशको लागि १० वटा मन्त्रालयका १९ वटा तालिम प्रदायक संस्थाहरुबाट विभिन्न अवधिका तालिमहरु प्रदान गरेको तथ्याकंहरुको व्याख्या गरियो साथै राष्ट्रिय योजना आयोगले नेपाल सरकारका मन्त्रालयहरु भएका जनशक्ति विकाश सम्बन्धी गतिविधिहरुको घटना अध्ययन गरियो ।

प्राथमिक स्रोतबाट प्राप्त नतीजाहरु संग संगै तुलनात्मक रुपमा व्याख्या तथा विष्लेषण गर्दा अध्ययनको पुष्ट्याइँ अझ स्पष्ट हुने विभिन्न अनुसन्धानहरुले देखाएको हुँदा यस अध्यनमा मकवानपुर जिल्ला भित्र भएका १० वटा स्थानिय निकायहरुमा बसोबास गर्ने यूवाहरु जसले गत भन्दा अघिल्लो आ.व. २०७५/०७६मा तालिम प्राप्त गरेका थिए तिनीहरु मध्ये प्रति स्थानिय निकाय १०/१० जनाको दरले जम्मा १०० जना सहभागिको रुपमा छनौट छनौट गरियो ।

नेपालमा रोजगारीका लागि सीपतथा उद्यमशीलता विकाशको लागि १० वटा मन्त्रालयका १९ वटा तालिम प्रदायक संस्थाहरुबाट जम्मा ८४६५० जनालाई विभिन्न अवधिका तालिमहरु प्रदान गरेको । त्यस मध्ये पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अर्न्तगत रहेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT),व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENT) र दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना गरि तिनवटा निकायहरुबाट मात्र ६९५६३ (८२.१७%)जना यूवाहरु रोजगारीका लागि सीपतथा उद्यमशीलता विकाशका लागि व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्दै आएको देखिएका देखिन्छ । त्यसैले यस अध्ययनमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अर्न्तगत (CTEVT), (EVENT) र दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना गरि तिनवटा निकायहरुबाट आ.व. २०७५/०७६मा संचालित रोजगारका लागि ३ महिना देखि ६ महिना सम्मको सीप तथा तालिम लिएका यूवाहरुलाई सहभागिता गरइयो । सहभागिहरु संग अनुसन्धानकर्ताले समुहले “सीप मात्र की उद्यमशीलता प्रेरणा र वातावरण पनि?” भन्ने प्रश्नको उत्तर खोजि गर्ने क्रममा प्राप्त भएका मूख्य धारणाहरुको ख्याख्या र विष्लेषण गरेको छ । भने यस अध्यनमा अनुसन्धानकर्ताले विभिन्न विषयका विज्ञहरु; उद्यमविद्, मनोविद्, शिक्षाविद्, व्यवस्थापनविद्का साथै विभिन्न निकायबाट फरक-फरक विषयमा तालिम लिएका व्यक्तिहरुसँग प्रत्यक्ष संवादबाट प्राप्त भएको धारणाहरुलाई समबेस गरेको छ ।

यसै सन्दर्भमा यस अध्ययनमा, बेरोजगार तथा अदक्ष युवा जनशक्तिलाई उद्यमी वा स्वरोजगार वा रोजगारका लागि नेपालमा हालसम्म कार्यान्वयन भएका केही सीप विकास प्रशिक्षण कार्यक्रमहरुको मूल्याङ्कन प्रतिवेदनहरुको विश्लेषण गरिएको छ ।

## २. नेपालको सीप विकास प्रशिक्षण कार्यक्रम तथा व्यवसायिक कुशलता विकास कार्यक्रमको विश्लेषण

१० वटा मन्त्रालयहरू मध्ये तिन वटा मन्त्रालयहरूबाट व्यावसायिक तालिमका साथै लामो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा र प्राविधिक उच्च शिक्षा (प्राज्ञिक) कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन् । प्राज्ञिक कार्यक्रम सञ्चालन गर्ने ३ वटा मन्त्रालयहरूमा शिक्षा विज्ञान तथा प्राविधिक

मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय र सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हुन् ।

### २.१ मन्त्रालयहरुबाट प्रदान गरिएका तालिम सम्बन्धी आन्तरिक मूल्याङ्कन प्रतिवेदनको विश्लेषण

मन्त्रालयहरूबाट सञ्चालन हुने कार्यक्रमको विवरण तालिका-१ मा उल्लेख गरिएको छ ।

**तालिका १:** ***आ.व. २०७५।०७६मा १० वटा मन्त्रालयबाट प्रदान गरिएका तालिम सम्बन्धी आन्तरिक मूल्याङ्कन प्रतिवेदन***

| सम्बन्धित मन्त्रालयको नाम | तालिम प्रदायक संस्थाको नाम | तालिम प्राप्त संख्या | तालिम तथा सीपको किसिम | तालिम अवधि |
|---|---|---|---|---|
| १. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | 1. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) | १२६०० | रोजगारीका लागि सीप | 3 months |
| | | ३३८३५ | रोजगारीका लागि सीप | 1.5 to 3 years |
| | 2. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENT) | २००३२ | रोजगारीका लागि सीप | 1 weak to 6 months |
| | 3. दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना | ३०९६ | रोजगारीका लागि सीप | 6 Months |
| | 4. रोजगार कोषको सचिवालय | ११३६ | निर्माण सिकर्मी र डकर्मी | 6 to 50 days |
| | 5. शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ४३४ | कक्षा ९-१२ मा प्राविधिक शिक्षा | 4 years |
| २. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | 6. व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | १२७४ | व्यावसायिक तथा सीप विकास | 3to 6 months |
| | 7. सुरक्षित आप्रवासन परियोजना | १२२९ | वैदेशिक रोजगार सीप | 30 days |
| | 8. रोजगार प्रवर्द्धन बोर्ड | ११० | प्लम्बिङ्ग इलेक्ट्रिसियन | 30 days |
| ३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | 9. लघु, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | १४८ | घरेलु तथा साना उद्योग प्रवर्द्धन | 7 day to 2 months |
| | 10. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ९१५ | वैदेशिक व्यापारको प्रवर्द्धन | 3 to 15 months |
| ४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय | 11. कृषि विभाग | ५०८ | कृषि उद्यम | 6 to 30 days |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | 12. राष्ट्रपति महिला उत्थान कार्यक्रम | १९९० | विशेष महिलाका लागि आय आर्जन | 3 to 5 days |
| ६. | सँस्कृति , पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | 13. नेपाल पर्वतीय प्रशिक्षण केन्द्र | ९५१ | पर्यटन तथा वातावरण र व्यावसायिक | 10 to 35 days |
| | | 14. राष्ट्रिय पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ३६७० | पर्यटन व्यावसायिक | 10 day to 4 years |
| | | 15. पर्यटन विभाग | १२४० | पर्यटन व्यावसायिक | 3 day to 6 months |
| ७. | युवा तथा खेलकुद मन्त्रालय | 16. राष्ट्रिय युवा परिषद | ७६ | युवा उद्यमशिलता | 1 week |
| ८. | वन तथा वातावरण मन्त्रालय | 17. वन अनसुन्धान तथा प्रशिक्षण केन्द्र | ३४३ | कर्मचारी सीप र वृत्तिविकास | Not available |
| ९. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | 18. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | १०१७ | रोजगारमुलक र कर्मचारी वृत्तिविकास | 1 week/1.5 years |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | 19. भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ४६ | इन्जिनियरिङ्ग | 3years |
| | जम्मा | | ८४६५० जना | | |

*स्रोत: (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६)*

शिक्षा विज्ञान तथा प्राविधिक मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय र सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयहरूबाट प्राविधिक एसएलसी देखि स्नातकोत्तरसम्मका प्राविधिक शिक्षाका कार्यक्रमहरू सञ्चालन हुने गरेका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सञ्चालन हुने अधिकांश तालिम १ महिना देखि ३ महिनासम्मका पनि हुने गरेको छ भने भूमि व्यावस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सञ्चालन भएका सबै तालिम ६ महिना भन्दा लामो अवधिका रहेका छन् । त्यस्तै सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट सबै किसिमका (१ हप्ते तथा ३ वर्षसम्मका) तालिम कार्यक्रम रहेका छन् (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६)।

नेपाल सरकारका मन्त्रालयहरुले प्रदान गर्दै आइरहेका माथि प्रस्तुत तालिमहरुको विवरण हेर्दा अधिकांश तालिमहरु सीपमात्र सिकाउने किसिमका छन् । उद्यमशिलता विकासमा केन्द्रित तालिमहरु अत्यन्तै कम रहेका छन् । वास्तवमा नेपाल श्रोत साधनले सम्पन्न भएर पनि गरिब मुलुकको रुपमा छ । यसको मूल कारण देशमा सक्षम उद्यमीहरु नहुनु हो भन्ने कुरामा विज्ञहरुको एकमत रहने गरेको छ ।

मकवानपुर जिल्लाको स्थानीय सरकारका प्रतिनिधिहरु (गाउँपालिका) सँग अनुसन्धानकर्ताले लिएको अर्न्तवाताको निष्कर्ष:

*गाउँमा सीप सिकेका धेरै भए तर उद्यम गर्ने जनशक्तिको कमी रहेको छ । त्यसकारण स्थानीय रुपमा हुने आय आर्जनमा बाहिरी देशहरु विषेश गरी भारतबाट आएका मानिसहरु हाबी भएको देखिन्छ । तालिम धेरै निकायहरुले दिने गरेको तर तालिमको प्रभाव सम्बन्धमा उचित अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषण हुन नसकेको पाइन्छ ।*

## २.२ व्यावसायिक र सीप विकास तालिम प्रतिष्ठानबाट प्रदान गरिएका तालिम सम्बन्धी आन्तरिक मूल्याङ्कन प्रतिवेदनको विश्लेषण

व्यावसायिक र सीप विकास तालिम प्रतिष्ठान वि.सं. २०३४ मा स्थापना भएको एउटा पुरानो श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सञ्चालित संघीय सरकार स्तरको (नेपालको सरकारी) तालिम केन्द्र हो । यसको केन्द्र भैंसेपाटी ललितपुरमा रहेको छ भने विभिन्न जिल्लाका १६ वटा स्थानमा मातहतका प्रशिक्षण केन्द्रहरू रहेका छन् । यस केन्द्रको मुख्य उद्देश्य विपन्न, विशेष तथा बेरोजगार युवालाई छोटो अवधिको (१ हप्ता देखि ६ महिना सम्म) विभिन्न आयआर्जनमूलक तालिम प्रदान गरी स्वदेशी र विदेशीको श्रम बजारका लागि आधारभूत तहका दक्ष जनशक्तिको बजारमा बृद्धि गर्नु र देशको बेरोजगारी समस्या कम गर्नु हो (VSDTA, 2019)।

यसले स्थापनाकाल देखि हाल सम्म २,३७,३३६ जनालाई तालिम प्रदान गरेको देखिन्छ भने बार्षिक २० हजार जनालाई तालिम प्रदान गर्ने गरेको देखिन्छ । यस केन्द्रको स्थापना देखि हालसम्म कुनै पनि आन्तरिक मूल्याङ्कन नभएको पाइन्छ । साथै विगत लामो समयदेखि वार्षिकरुपमा कार्यक्रम सञ्चालन भइरहेको भए तापनि यस कार्यक्रमको कुनै सोच तालिका, विस्तृत परियोजना दस्तावेज, नतिजा र बार्षिक प्रगति प्रतिवेदन समेत नभएको देखिन्छ । राष्ट्रिय योजना आयोगबाट आर्थिक वर्ष २०७३/७४ मा यस केन्द्रको आन्तरिक मूल्याङ्कन गरिएको थियो जसलाई विश्लेषण गरिएको छ । यस केन्द्रले निम्न तालिमहरु गराउने गरेको पाइयो :

क) आधारभूत तथा अभिवृद्धि तालिमः यस अन्तर्गत जनरल मेकानिक्स, विद्युत जडान, प्लम्बिङ्ग, केश श्रृङ्गार, कटाइ सिलाइ, इलेक्ट्रोनिक्स मर्मत, मोटरसाईकल मर्मत, अटोमेकानिक्स, कम्प्युटर, बेतबाँस, ढाका बुनाइ, वेल्डिङ्ग, पम्पसेट मेकानिक्स, सिकर्मी, तालिमहरु सञ्चालित छन् ।

ख) महिला सीप विकास तालिमः स्वीकृत कार्यक्रम तथा बजेटको अधिनमा रही लक्षित समूहका महिलाहरुका लागि सीप विकास तालिम संचालन गरी यस तालिमबाट विपन्न तथा असहाय

महिलाहरुमा आर्थिक उपार्जन गर्न सक्ने क्षमताको विकास गरी आत्मनिर्भर बनाउने लक्ष्य लिइएको छ ।

ग) युवा स्वरोजगार तथा वैदेशिक रोजगारमूलक विशेष सीप विकास तालिमः लक्षित वर्गहरुको लागि प्राथमिकता दिई वैदेशिक एवं युवा स्वरोजगार सम्वन्धी विशेष सीप विकास तालिम (४ हप्ता देखि ६ हप्ता सम्म) सञ्चालन गरी विशेष सीप अन्तर्गत केयर गिभर, सेल्स गर्ल, उड कार्भिङ्ग, सेक्युरिटी गार्ड (महिला, पुरुष), च्याउ खेती, साना होटल व्यवस्थापन, ग्रामिण पशु कार्यकर्ता, स्काफोल्डिङ्ग, सर्टरिङ्ग कार्पेन्ट्री, स्टिल फिक्स्चर, कुक, थाङ्का पेन्टिङ्ग, नर्सरी व्यवस्थापन, फ्रन्ट अफिस मेनेजमेन्ट जस्ता वैदेशिक एवं स्वरोजगार खालका समसामयिक राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरुप थप संख्यामा तालिम सञ्चालन गर्दै स्वरोजगार तथा वैदेशिक रोजगारको अवसर उपलब्ध गराई युवा वर्गको आय आर्जनको दायरा विस्तार तथा क्षमता विकास गर्दै लगिने ।

घ) एक हप्ते उद्यमशिलता विकास तालिमः व्यवसायिक तथा प्राविधिक सीप भएका दक्ष श्रमिकहरुलाई लक्षित गरी स्वदेशमै स्वरोजगारमूलक व्यवसाय संचालन गर्न उद्यमशीलता सम्बन्धी तालिमहरु केन्द्र मार्फत संचालन गरी मध्यम र लामो अवधिको तालिम लिने प्रशिक्षार्थीहरुलाई तालिमको अन्तमा न्यूनतम् ५ कार्यदिनको उद्यमशिलता तालिम दिइन्छ ।

***तालिका २ः व्यावसायिक र सीप विकास तालिम प्रतिष्ठानको आन्तरिक मूल्याङ्कन नतिजा***

| आ.व. | तालिम प्राप्त व्यक्ति ( लाभान्वित) | बजेट खर्च रु. लाखमा | प्रति व्यक्ति खर्च रु. हजारमा | रोजगारी पाएको वा स्वरोजगारी भएका व्यक्ति |
|---|---|---|---|---|
| २०६९/७० | १५१०७ | १२८२ | ८४८६.१३ | ७२१४ |
| २०७०/७१ | १७३२८ | १६२१ | ९३५४.८० | ८२७४ |
| २०७१/७२ | १५८७९ | १८१९ | ११४५५.३८ | ७५८२ |
| २०७२/७३ | १७४९३ | २२१८ | १२६७९.३५ | ८३५३ |
| २०७३/७४(प्रथम दश महिनाको | १८९३८ | १२२७ | ६४७३.७५ | ९०४३ |
| जम्मा | ८४,७४५ | ८१,६७ | ९६३७.३३ | ४७.७५% |

*स्रोतः (राष्ट्रिय योजना आयोग, २०७४)*

तालिम लिएपश्चात् रोजगारी वा स्वरोजगारी भएकाहरुले विभिन्न विषय क्षेत्रमा घटीमा पाँच हजारदेखि बढीमा ५० हजारसम्म मासिक आम्दानी प्राप्त गरेको प्रतिबेदनमा उल्लेख भएको भए तापनि हाल सम्म ८४,७४५ जनालाई तालिम प्रदान गरिएको तर ४७.७५ प्रतिशतले व्यक्तिले तालिम प्राप्त गरेपछि रोजगारी पाएको वा स्वरोजगारी भएको समेत उल्लेख गरिएको छ ।

भौगोलिक बनावट, जनसंख्याको वितरण र तालिमको मागसमेतका आधारमा स्थापित तालिम केन्द्रहरुको संख्यालाई नयाँ संघीय संरचना अनुसार थपघट वा यिनीहरुको भौगोलिक अवस्थितिमा हेरफेर नभइसकेको देखिन्छ ।

प्लम्बिङ, वेल्डिङ जस्ता तालिमका विषय क्षेत्रमा नयाँ प्रविधिको प्रयोग भएको तथा टि.भी.मर्मत र मोटरसाइकल मर्मत प्रविधि ज्यादै पुरानो भइसकेको र नयाँ प्रविधि खरीद गर्न बजेट नभएको कारणले पुरानै पाठ्यक्रममा सीप सिकाउन बाध्य भएको प्रतिवेदनमा उल्लेख भएको छ ।

| | रोजगार तथा सीप विकाश तालिममा सहभागिको धारणा | संख्या |
|---|---|---|
| १. | सरकारी तथा गैह्रसरकारी क्षेत्रले उद्यम गर्न बिउपुँजीका लागि सहयोग गरेको ( उद्यमशीलता वातवरण) | ८ |
| २. | अभिभावक तथा अन्य अग्रजहरुबाट उद्यमशीलता प्रेरणा प्राप्त गरेको | ४१ |
| ३. | अभिभावक तथा अन्य अग्रजहरुबाट बिउपुँजीका लागि सहयोग गरेको (उद्यमशीलता वातवरण) | ३९ |
| ४. | सीपमुलक तालिम पछि रोजगार | २१ |
| ५. | सीपमुलक तालिम पछि हाल व्यवसाय गर्ने/स्वरोजगार भएको | ४७ |
| ६. | साधारण लेखपढ गर्न जान्ने (साक्षर) | ३४ |
| ७. | आफ्नो लागि आवश्यक प्रविधिक (सीपमुलक) तालिम लिएका | ४२ |
| ८. | सीपमुलक तालिम लियर पनि बेरोजगार | ३२ |
| ९. | धेरै विषयमा (सीपमुलक) प्रविधिक तालिम लिएका | ५८ |
| १०. | उच्च शिक्षा हासिल गरेका | ६६ |

***स्रोतः तथ्याकं संकलन***




***स्रोत: तथ्याकं संकलन***

**३. निष्कर्ष**

यस अध्यनका अनुसन्धानकर्ताले विभिन्न विषयका विज्ञहरु; उद्यमविद्, मनोविद्, शिक्षाविद्, व्यवस्थापनविद्का साथै विभिन्न निकायबाट फरक-फरक विषयमा तालिम लिएका व्यक्तिहरुसँग प्रत्यक्ष संवादबाट प्राप्त भएको धारणाहरुलाई यस अध्ययनको निष्कर्षको रुपमा यस भागमा उल्लेख गरिएको छ।

विभिन्न निकायबाट फरक-फरक विषयका तालिमहरुबाट लाभ प्राप्त गरेका अधिकांश यूवाहरु भन्छन;

> *हामीले नेपालको सरकारी तथा ग्रैह्रसरकारी निकायहरुबाट प्रदान गरिएको फरक-फरक विभिन्न विधाहरुमा १०-१५ वटासम्म तालिममा सहभागी भयौ तर उद्यमशिल प्रेरणा, वातावरण र बिऊ पूँजीको अभावका कारण हालसम्म कुनै रोजगार, स्वरोजगार हुन वा उद्यम संचालम सकिएन ।*

**व्यवस्थापनविद्का अनुसार :**

> *दक्षता तथा सीप भएको मानिस निर्धक्कसँग बोल्न सक्छ भने सीप नभएको मानिसमा आत्मबल कमजोर भएको हुन्छ । सीप भएको मानिस संसारको जुनसुकै कुनामा गएपनि उसले आफ्नो जीवनयापन राम्रो ढङ्गबाट सञ्चालन गर्न सक्दछ । नेपालीमा सदियौंदेखि चल्दै आएको एउटा भनाई छ "सीप र इलम विनाको मानिस पशु सरह पनि हुन सक्दैन" । किनकि*

*पशुले पनि आफ्नो जीवन निर्वाह गर्न आ-आफ्नो सीपलाई फरक ढङ्गले प्रयोग गर्दछन् । यी भनाइहरुले के स्पष्ट पार्दछ भने उद्यमशिलता र सीपले व्यक्तिगत आत्मसम्मान बढाउँदछ, देशको विकास प्रक्रिया बढाउँछ, सक्रिय गराउँछ र परिवर्तनहरू ल्याउँदछ । मानिसले सीप सिक्दैमा उ जीवनमा सफल हुन्छ भन्ने चाहिँ हैन । सीपमुलक श्रमबाट आय आर्जन गर्न सक्नुपर्दछ वा सीपलाई उद्यममा बदल्न सकेमा मात्र ऊ जीवनमा सफल हुन सक्दछ । त्यसकारण, सिकेको सीपलाई श्रम वा उद्यममा बदल्न मानिसलाई प्रोत्साहित गरिनुपर्दछ , अवसरको सिर्जना गर्नुपर्दछ तथा प्रेरणा प्रदान गर्नुपर्दछ । उत्पादनका लागि लाभदायक सीप हासिल गरेर उद्यमशिलतामा लाग्ने मार्गहरू बनाउन सकिन्छ ।*

**शिक्षाविद्का अनुसार :**

*उद्यम तथा कौशल हरेक व्यक्तिको जीवनमा धेरै आवश्यक र महत्वपूर्ण हुन्छ । धेरै प्राविधिकहरूले केही विश्वविद्यालयले प्रदान गर्ने डिग्री भन्दा पनि बढी सीप आर्जन गर्न सक्दछन्, अझ भनौ प्राध्यापकहरू भन्दा पनि प्राविधिकहरू व्यावहारिक सीपमा बढी नै दक्ष हुन सक्दछन् किनकि प्राध्यापकले सैद्धान्तिक ज्ञानमा जोड दिन्छन् तर प्राविधिकहरूले व्यावहारिक सीपमा जोड दिन्छन् । प्राविधिकहरूमा उद्यम कौशलता रहेको हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने ज्ञान तथा सीप भन्दा पनि उद्यम कौशलता बढी नै महत्वपूर्ण हुन्छ । उद्यशिलता कौशलता भनेको कुनै खास कार्य वा प्रकार्यमा प्रशिक्षण पाउने र यसमा विशेषज्ञ बन्ने क्षमता हो । आज संसारका धेरैजसो कम विकसित देशहरुमा बेरोजगारीको समस्या भयावह रुपमा रहेको छ, यो दुःखद कुरा हो । यस समस्याले आज संसारको विभिन्न भागहरुमा रहेका धेरै युवाहरुको रातको निद्रा समेत गायब गराइरहेको छ । बेरोजगारीको समस्याका कारण विश्वका धेरै भागहरूमा अपराधको तीव्र वृद्धि भइरहेको छ । यस समस्याको समाधान गर्ने एकमात्र उपाय भनेको युवाहरुलाई उपयुक्त सीप सिकाउने र त्यसपछि सीपलाई प्रयोग गरी व्यवसाय गर्ने प्रेरणा प्रदान गर्ने हो ।*

**उद्यमविद्का अनुसार :**

*बेरोजगारी समस्या हरेक देशका लागि जटिल बनिरहेको छ । रोजगारी सिर्जना गर्न अर्थतन्त्रलाई चलायमान तथा गतिशिल बनाउनुपर्ने हुन्छ । त्यसका लागि सरकारले उद्यमशिलयुक्त वातावरण निर्माण गरेर युवाहरुलाई उद्यममा लाग्न अभिप्रेरित गर्नुपर्दछ । सरकारले नै सबै नागरिकलाई रोजगारी दिन सक्दैन । त्यसैले सीपमुलक उद्यमशिलता विकासको माध्यमबाट स्वरोजगारी तथा रोजगारी सिर्जना गरी बेरोजगारी न्युनीकरण गर्न सकिन्छ । ठूला-ठूला उद्योग नै खोल्नु पर्छ भन्ने छैन, थोरै भन्दा थोरै लगानीमा स्थानीय श्रोत साधनमा आधारित उद्यम गरेर उद्यमशिलता अगाडि बढाउन सकिन्छ ।*

**मनोविद्का अनुसार :**

*उद्यमशिलता विकासका खास तिन पक्षहरु हुन्छन र ती हुन्: मनोवैज्ञानिक, व्यवहारिक र आर्थिक पक्षहरु । व्यक्तिमा उद्यम प्रति चाख बढाउने, अभिप्राय जगाउने, र उद्यमी बन्न प्रेरित गर्ने विषयवस्तुहरुको प्रस्तुतीले सिकारुहरुको अन्तस्करणमा उद्यमशिलता जागृत गराउँदछ । उच्च आर्थिक उपलब्धि हासिल गर्नका लागि मानिसमा जोखिम लिने साहस बढ्दछ । यसरी व्यक्तिको मनोविज्ञानमा आउने परिवर्तनले व्यवहारमा नयाँपन ल्याउन मद्दत गर्दछ । व्यवहारिक पक्षको सिकाइबाट परिस्थिति बुझ्ने, अवसरहरु चिन्ने, नयाँपनको सुरुवात गर्ने, सम्पर्क र सम्बन्धहरु बढाउने जस्ता कुराहरुले उद्यमशिलता विकसित गर्दछ । यस्ता क्षमता तथा दक्षता विकसित भएको व्यक्तिबाट व्यवसाय स्थापना, सञ्चालन, आय आर्जन, मुनाफा, तथा व्यवसाय बृद्धि आदि नतिजाका रुपमा देखा पर्दछ र एउटा व्यक्ति सामान्यतया उद्यमशिल बन्दछ । कुनै खास सीप हासिल गरेको व्यक्तिलाई उक्त सीप मै आधारित उद्यमशिल बनाउन सकिन्छ । सीप सिकाइसकेपछि उद्यमशिलता समेत विकसित गरियो भने त्यसले पूर्णता पाउँछ र देशको आवश्यकता पनि पूरा गर्न मद्दत पुऱ्याउँदछ ।*




***चित्र : व्यवसाय/स्वरोजगार/रोजगारका लागि प्रेरणा र वातावरण***

***स्रोत: तथ्याकं संकलन***

अन्तमा *"सीपमात्र कि उद्यमशील प्रेरणा र वातावरण पनि"* भन्ने विषयमा गरिएको तथ्याङ्कहरु संकलन र व्यक्तित्वहरुबाट प्राप्त भएको सूचनाहरु विश्लेषण गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ कि, कुनै वस्तु वा सेवा उत्पादनका लागि आवश्यक पर्ने खास दक्षतालाई सीप भनिन्छ ।

साधारण अवस्थामा रहेका अदक्ष व्यक्तिलाई सीप सिकाएर दक्ष बनाउन सकिन्छ । अभ्यासमा आधारित सिकाइ बिधिको प्रयोगबाट मात्र सीप सिकाइन्छ । सीप हासिल गरेको व्यक्ति सिकेको सीप अनुसारको रोजगारीमा सहभागी भएर आय आर्जनमा लाग्न सक्दछ । सीप सिकेर त्यसको प्रयोग आय आर्जन र रोजगारीमा भएन भने सीप सिक्नु बेकार हुन्छ ।

आफ्नो जीवनको लागि अति आवस्यक सीप मात्र सिकेका तर सामान्य साक्षर भएका मानिसहरुले उद्यमशिलता प्रेरणा पाउने हो भने रोजगारी नपाए पनि उनीहरु स्वरोजगार बन्न सक्दछन् । त्यसका लागि उद्यमशिलता प्रेरणाको आवश्यक पर्दछ । सीप जस्तै उद्यमशिलता पनि मानिसमा विकसित गरिने मनोवैज्ञानिक प्रेरणात्मक पक्ष हो । औपचारिक शिक्षा तथा अनौपचारिक सिकाइद्वारा प्रेरणा प्रदान गर्ने हो भने उद्यमशिलता विकास हुने कुरा अध्ययनहरुले सिद्ध गरिसकेका छन् ।

आजकाल विद्यालय शिक्षादेखि विश्वविद्यालय शिक्षासम्मका विभिन्न तहहरुमा उद्यमशिलता विकासका पाठ्यक्रमहरु कार्यान्वयनमा छन् तर ति पाठ्यक्रमहरु उद्यमशीलता प्रेरणा तथा वातवरणको भने व्यवस्थागर्न खासै सकेको देखिदैन् । कुनै खास सीप हासिल गरिसकेको व्यक्तिमा उद्यमशिलता प्रेरणा तथा वातावरण भएमा उसलाई सफलता हासिल गर्न अझ थप मद्दत पुग्दछ । यस्ता व्यक्तिले धेरै जोखिम लिनु पर्दैन भने कमै लगानीमा उद्यम गर्न सक्दछ र सानै बजारमा पनि स्थापित हुन सक्दछ ।

### ४. सुझावहरु

१. नेपाल सरकारका मन्त्रालयहरुले प्रदान गर्ने तालिमहरु समसामयिक आवश्यकतामा आधारित नै छन्, यद्यपि भूगोल अनुकुलका आवश्यकता र तालिमका विषयमा तादात्म्यतामा अपुग भएको देखिन्छ । जसका लागि वास्तविक व्यक्ति तथा समुदाय (अत्यावश्यक) सम्म तालिम र उद्यमशिलता प्रेरणा पुऱ्याउन थप उपाय अवलम्बन गर्न आवश्यक पहल गर्नुपर्ने ।

२. तालिम लिइसकेकाहरुले तालिम पश्चात् सम्भावित रोजगारी प्राप्त गर्न सकिने क्षेत्र, स्थान, संस्थाहरुको बारेमा पनि अभिमुखीकरण आवश्यक देखिन्छ भने स्वदेशी तथा अन्तर्राष्ट्रिय रोजगारदाताहरुसँग प्रत्यक्ष सम्पर्कको व्यवस्था पनि गर्नुपर्ने ।

३. स्थानीय श्रोत साधन सदुपयोग गरी स्वरोजगार तथा उद्यममा लाग्न प्रेरित गर्ने र व्यवसायको सुरुवाती चरणमा बिऊ पुँजी तथा सामग्रीहरुको सहज उपलब्धतासम्मको व्यवस्था गर्दा तालिमको उपलब्धि प्रभावकारी बन्न सक्दछ ।

४. तालिम लिएका व्यक्तिहरुको पूर्ण विवरण सम्बन्धित निकायले आफ्नो वेभसाइटमा प्रकाशित अनिवार्य रुपमा गर्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ, ताकि रोजगारदाताहरुले सिधै विवरण हेरेर रोजगारी दिन सकोस्, साथै एउटै व्यक्तिले पटक-पटक अनावश्यक रुपमा नाम मात्रको तालिम नलिउन् ।

५. तालिमहरुमा सरकारले वार्षिक रुपमा गर्दै आइरहेको अर्बौंको बजेट खर्चबाट अर्थतन्त्रमा के कस्तो उपलब्धिहरु हासिल भए ?, कतिले रोजगारी पाए ?, कति उद्यमी भए ? कति लगानी गरियो ? लगानीको अनुपातमा देशको उत्पादनको अवस्था कस्तो रह्यो ?, तालिम लिएर बैदेशिक रोजगारीमा

गएकाले तालिम नलिइकन गएका भन्दा बढी आर्जन गरेका छन् ?, जसको कारण देशको स्थिति कस्तो रुपमा परिवर्तित हुँदैछ ? भन्ने जस्ता प्रश्नहरुको स्पष्ट उत्तरका लागि बार्षिक रुपमा स्वतन्त्र व्यक्तिहरुबाट सरकारी खर्च र उपलब्धिबीचको अन्तरसम्बन्ध अध्ययन अनुसन्धान हुनुपर्दछ ।

## सन्दर्भ सूची


1. Pokhara News. (2075, 9 27). *http*. Retrieved from .pokharanews.com: https://www.pokharanews.com/2019/01/66619/
2. VSDTA. (2019). *Skill development programme.* Kathmandu: Ministry of Labour, Employment & Social Security Vocational and Skill Development Training Academy. Retrieved from http://www.training.gov.np
3. अर्थमन्त्रालय. (२०७५). *आर्थिक सर्वेक्षण २०७४/०७५.* काठमाडौं: नेपाल सरकार अर्थमन्त्रालय सिंहदरबार. Retrieved from https://www.mof.gov.np
4. तुलसीपुर खबर डट कम. (२०७६, १२ १८). *http*. Retrieved from tulsipurkhabar.com: https://tulsipurkhabar.com/archives/18395
5. नेपाल सरकार अर्थमन्त्रालय. (२०७७). *नेपालको वार्षिक बजेट तथा आयव्यय विवरण.* काठमाण्डौं, सिंहदरबार : नेपाल सरकार अर्थमन्त्रालय सिंहदरबार .
6. बुढानिलकण्ठ नगरपालिका. (२०७५, १ १६). *http*. Retrieved 9 5, 2020, from budhanilkanthamun.gov.np: https://www.budhanilkanthamun.gov.np
7. बुलबुले खबर. (२०७५, २ ३१). *http*. Retrieved from bulbulekhabar.com: https://bulbulekhabar.com/2018/06/18329
8. रातेपाटी. (२०७४, ९ १०). *http*. Retrieved from .ratopati.com: http://www.ratopati.com/story/27030
9. राष्ट्रिय योजना आयोग. (२०७४). *व्यावसायिक तथा सीप विकास तालिम कार्यक्रमको आन्तरिक मूल्याङ्कन प्रतिवेदन.* काठमाण्डौं, नेपाल: राष्ट्रिय योजना आयोगको सचिवालय (अनुगमन तथा मूल्याङ्कन महाशाखा). Retrieved from https://www.npc.gov.np
10. शिक्षा विकास निर्देशनालय. (२०७७). *आधारभूत तहको पेशा, व्यवसाय र प्रविधि शिक्षा विषयको पाठ्यक्रम प्रभावकारिता अध्ययन प्रतिवेदन.* बागमती प्रदेश, हेटौडा, मकवानपुर, नेपाल: नेपाल सरकार, शिक्षा विकास निर्देशनालय.
11. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७६). *प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत वार्षिक प्रतिवेदन.* सिंहदरवार, काठमाडौं, नेपाल: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय.

# नेपालमा वन क्षेत्र र त्यसको प्रभाव

डा विश्वनाथ ओली
सचिव, वन तथा वातावरण मन्त्रालय,
काठमाडौं, नेपाल

## वन क्षेत्रको अवस्था

नेपाल क्षेत्रफलको दृष्टिकोणबाट तुलनात्मक रुपले सानो भएतापनि धरातलीय तथा मौसमि विविधताले गर्दा वन जंगल, वन्यजन्तु, जैविक विविधता, सीमसार, भौगोलिक र जलवायुजन्य विविधतामा सम्पन्न रहेको छ । देशको कूल भू-भागको ४०.३६% वन र ४.३८% झाडी बुट्यान समेत गरी ४४.७४% (करीब ६६ लाख हेक्टर) क्षेत्रफल वन क्षेत्रले ेगटेको छ । कूल वनमध्ये सबैभन्दा बढी मध्यपहाडी र सबै भन्दा कम तराई क्षेत्रमा अवस्थित छ । प्रदेशगत रुपमा सवैभन्दा वढी वन क्षेत्र कर्णाली प्रदेश र सबैभन्दा कम वन क्षेत्र प्रदेश नं २ मा रहेको छ । वन स्रोत सर्वेक्षण २०१५ को तथ्याङ्क अनुसार देशका ७५३ स्थानीय तहमध्ये १०६ वटा स्थानीय तहहरुमा वन नरहेको अवस्था छ।

नेपालमा ११८ प्रकारका पारिस्थितिकीय प्रणाली, ३५ प्रकारका वन र ७५ प्रकारका वनस्पति समुदाय पाइन्छ । वनको प्रकार तथा वनस्पति र जिबजन्तुका प्रजातिहरू भौगोलिक क्षेत्र, जलवायु र उचाई अनुसार फरक पाइन्छ । तराई-मधेस र चुरे क्षेत्रमा साल, खयर र सिसौ, नदितटीय वन, अस्ना-कर्मा लगायतको अन्य रुख प्रजातिको मिश्रित वन पाइन्छ भने पहाडी क्षेत्रमा साल, सल्ला, कटुस-चिलाउने, उत्तिस, सिरिस-टुनी र अन्य चौडापाते प्रजातिको वन पाइन्छ। त्यसै गरी उच्च पहाडी तथा हिमाली क्षेत्रमा खस्रु, लालीगुराँस, धुपी, मिश्रित चौडापाते तथा कोणधारी रुखहरुको वन पाइन्छ। वनमा मौज्दात (काण्ड आयतन) को हिसाबले नेपालमा पाइने मुख्य प्रजातिहरुमा साल, खस्रु, खोटे सल्ला, गुरास,साज, ठिग्रे सल्ला,गोब्रे सल्ला, उत्तिस, धिंगे सल्ला, चिलाउने लगायतका प्रजातिहरु पर्दछन् । नेपालको वनमा ैसत रुख सङ्ख्या ४३० प्रति हेक्टर र ैसत वृद्धि मौज्दात १६५ घन मिटर प्रति हेक्टर रहेको छ । नेपालको सम्पूर्ण वनमा जम्मा रुखको सङ्ख्या २ अर्ब ५६ करोड ३३ लाख र कूल मौज्दात ९८ करोड २३ लाख ३२ हजार घन मिटर रहेको छ ।

## जडिबुटीको सम्भावना र त्यसको प्रवर्द्धन

नेपालमा करीब २,००० प्रजातिका विभिन वनस्पतिहरु गैरकाष्ठ वन पैदावारको रुपमा पहिचान भएका छन् । यसमध्ये नेपालमा पाइने ८१९ भन्दा बढी वनस्पतिका प्रजातिहरु जडिबुटीको रुपमा प्रयोग हुने गरेको छ । यी मध्ये करिव १२० प्रजातिहरू प्राकृतिक बासस्थानवाट संकलन गरी प्रयोगमा आएको पाइन्छ भने १२० वटा प्रजातिहरु खेती गरिने गरिएको छ । करिव १०० वनस्पतिका प्रजातिहरू नियमित रुपमा व्यापारमा आएको

अनुमान छ । व्यापारमा आउने ७०% वनस्पतिका प्रजातिहरू जंगली अवस्थामा संकलन गर्ने गरिएको छ र कूल निर्यात हुने वनस्पतिमध्ये ९०% भन्दा बढी विना प्रशोधन कच्चा पदार्थको रुपमा विभिन्न देशहरु (भारत, चीन, भियतनाम, हँगकङ, दक्षिण कोरिया, अमेरिका, युरोप आदि) मा निर्यात हुने गरेको छ । नेपालको हिमाली क्षेत्र उच्च महत्वका जडिवुटिको भण्डारको रुपमा रहेको छ ।

परिमाणको दृष्टिकोणबाट नेपालमा धेरै संकलन हुने महत्वपूर्ण जडिबुटी प्रजातिहरुमा रिठा, सेतकचिनी, टिमुर, तेजपात, पाषणवेद, काउलो, धुपी, अमला, पदमचाल र सुगन्धवाल पर्दछन । राजस्व संकलनको हिसाबले सबै भन्दा बढी मूल्यवान जडिबुटी प्रजातिहरुमा यार्सागुम्बा, टिमुर, सेतकचिनी, रिठा, काऊलो, गुच्छीच्याउ, पाषणवेद, सुगन्धवाल, पदमचाल र कुट्की रहेका छन् । नेपाल सरकारले ३३ प्रजातिका वनस्पतिलाई आर्थिक समृद्धिको लागि महत्वपूर्ण र १३ प्रजातिका वनस्पतिलाई प्रबिधि विकासका लागि महत्वपूर्ण भनि प्राथमिकीकरण गरेको छ ।

नेपालका वन जंगलमा पाइने वहुउपयोगि र उच्चमूल्यका जडिवुटीहरुको उचित सदुपयोगबाट वनमा आश्रित ठूलो ग्रामीण जनसमुदायको जीविकोपार्जनमा सहयोग पुर्याउदै देशको अर्थतन्त्रमा समेत सकारात्मक टेवा पुर्याउन सकिने सम्भावना वन क्षेत्रले आगटेको छ । मानव स्वास्थ्यका लागि अत्यन्तै उपयोगी ठहरिएका र विश्वमानै दुर्लभ मानिएका जडिवुटीहरु प्रशस्त मात्रामा पाइने हुनाले जडिवुटी मार्फत आर्थिक सम्भावनाका अवसरहरु रहेका छन् । यद्धपि परम्परागत तरिकाले गरिने संकलन, उपयोग, वेच विखन तथा ोसार पसार जस्ता कार्यले गर्दा जडिवुटी मार्फत अपेक्षकृत रुपमा लाभ लिन नसकिएको यथार्थ रहेको छ । अनिन्यन्त्रित रुपमा जडिवुटीजन्य वन पैदावारहरुको संकलन हुनु, उचित भण्डारण हुन नसकेको कारणले गर्दा जडिवुटीको वास्तविक गुण कायम गर्न नसक्नु, जडिवुटीजन्य वन पैदावारको लागि वनमा मात्र आश्रित हुनु, जडिवुटीमा सिमित व्यक्तिहरुको मात्र पहुच हुनाले लाभको समानुपातिक रुपमा बाँडफाड नहुनु जस्ता समस्याहरुले गर्दा जडिवुटीबाट उच्चतम प्रतिफल प्राप्त गर्न नसकिएको अवस्था रहेको छ ।

यिनै समस्याहरु र सम्भावनाहरुलाई मध्यनजगर गर्दा जडिवुटीबाट वढी भन्दा वढी फाइदा लिनका लागि जडिवुटीको दिगो रुपमा विकास र उपयोग गर्नु पर्ने हुन्छ । देशको आर्थिक समृद्धिमा टेवा पुर्याउन सक्ने सम्भावना बोकेको जडिवुटीजन्य वन पैदावारहरुको उत्पादन, संकलन, प्रशोधन, बजारीकरण देखि लिएर उपयोग समेतमा उचित ध्यान दिनु पर्छ अनिमात्र अपेक्षाकृत फाइदा लिन सकिन्छ ।

हालको विश्व बजारमा नेपाली जडिवुटीहरुको अधिक माग रही आएको हुँदा प्राकृतिक रुपमा पाइने सिमित स्रोतको अधिक दोहन रोक्नका लागि कुनै पनि वन क्षेत्रमा उपलब्ध जडिवुटी स्रोतहरुको सर्वेक्षण पश्चात सिफारिस गरिएको परिमाणमा र तरिकाबाट मात्र संकलन गर्नु पर्छ । साथै कतिपय जडिवुटीहरुको कृत्रिम खेतीको सम्भावना रहेको हुँदा निजी जमीन, बाँझो जमीनहरुमा खेती मार्फत आर्थिक लाभ लिदै प्राकृतिक जडिवुटी माथिको अधिक दोहनलाई कम गर्न सकिन्छ । जडिवुटीहरुको गुणस्तर भनेकै यसमा प्राप्त रसायनको गुणस्तरमा

भर पर्ने हुँदा संकलित जडिवुटीहरुको रसायनिक गुणमा ह्रास नआउने गरी व्यवस्थित तरिकाबाट भण्डारण तथा प्रशोधन हुन अनिवार्य हुन्छ ।

नेपालमा विश्वमा नपाइने उच्च मूल्यका दूर्लभ जडिवुटीहरु प्रशस्त मात्रामा पाइने भएता पनि ९० प्रतिशत भन्दा जडिवुटीहरु कच्चा पदार्थको रुपमा विदेश निकासी हुने हुँदा विदेशि मुद्रा आर्जन गर्ने ठूलो अवसरलाई सदुपयोग गर्न सकिएको छैन । प्रशोधित जडिवुटीबाट कच्चा जडिवुटी भन्दा वढी आर्थिक लाभ लिन सकिने भएकाले कच्चा रुपमा रहेका जडिवुटीको प्रशोधन गरी मूल्य श्रृंखलामा वृद्धि गर्न सकेमा तुलनात्मक रुपमा वढी लाभ लिन सकिने सम्भावन रहेको छ । हालको अवस्थामा केही स्थानीय स्तरमा नै साना स्तरका सामुदायिक जडिवुटी प्रशोधन केन्द्रहरु संचालन भएता पनि जडिवुटीहरुको उपलब्धता र सम्भावनाका हिसाबमा पर्याप्त भने छैन । यस्ता केन्द्रहरु जडिवुटीजन्य स्रोतहरुको उपलब्धताका आधारमा व्यापक बनाउदै लगि स्थानीयस्तरमा आर्थिक उपार्जन गर्ने केन्द्रको रुपमा विकास गर्न सकिन्छ । यस्ता केन्द्रहरुको उत्पादनलाई मूल्य श्रृखंला वृद्धि गर्न दक्ष जनशक्तिको व्यवस्था गर्दै बजारको पहुँच समेत सुनिश्चितता गर्नु अपरिहार्य हुन्छ । जडिवुटीको गुणस्तरमा विश्वसनियता कायम राख्न तथा बजारीकरणमा टेवा पुर्याउनका लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त क्वारेन्टाइन तथा प्रयोगशालाहरुको स्थापना तथा विस्तार गर्नु पर्ने आवश्यकता रहेको छ ।

नेपालको सम्पूर्ण भू भाग नै जडिवुटीको भण्डार रहेको हुँदा उपलब्ध हुन सक्ने जडिवुटी तथा यिनिहरुको गुणको बारेमा विभिन्न प्राज्ञिक निकायहरु संघ, संस्था तथा व्यक्तिहरु समेतको साझेदारीमा अध्ययन अनुसन्धानलाई अझ व्यापक बनाउदै लग्नु पर्छ । जडिवुटी सम्बन्धी हाम्रा परम्परागत ज्ञान सीपलाई समेत अभिलेखीकरण गर्दै हाम्रा बौद्धिक सम्पत्तिको रुपमा सुरक्षित राख्नु पर्छ

## वन व्यवस्थापनको इतिहास

भारतमा रेलको लिकको लागि कडी उपलब्ध गराउने उद्देश्यका साथ सन् १९२७ मा स्थापना भएको काठमहलसंगै नेपालमा वन व्यवस्थापनको इतिहास शुरु भएको पाइन्छ । वन विभागको स्थापना वि.सं.२००८ सालमा भएको थियो । वि.सं.२०१२ सालसम्म वन विभागमा भारतीय वन सेवाका वन विशेषज्ञहरू झिकाइने प्रचलन थियो । २ सर्कल, ११ वन डिभिजन र ४४ रेञ्ज कार्यालयबाट शुरु भएको वनको सँगठन ६ दशक अवधिमा धेरै पटक पदहरूको नाम परिवर्तन तथा संरचना पनि परिवर्तन हुँदै आएको छ । देशमा संघीयता कार्यान्वयन पश्चात २०७५ साल देखि साविकको वन विभाग र भू तथा जलाधार संरक्षण विभाग एक भइ हाल वन तथा भू संरक्षण विभाग कायम भएको छ भने साविकका जिल्ला वन कार्यालयहरु प्रदेश मातहत रहने गरी जम्मा ८४ वटा डिभिजन वन कार्यालयहरुमा रुपान्तरण भएका छन् ।

राणाकालिन शासन व्यवस्थामा पटवारी, मुखिया, जिमुवालहरु जस्ता व्यक्ति विशेषलाई वन संरक्षणको जिम्मेवारी दिइन्थ्यो भने विर्ता, गुठी, किपट आदिका नाममा विभिन्न व्यक्तिहरुलाई वन क्षेत्र समेत हस्तान्तरण गर्ने प्रचलन रही आएको थियो । वि.स. २०१३ (सन् १९५७) सालको निजी वन राष्ट्रियकरण ऐनबाट नेपालको वन

व्यवस्थापन प्रणालीले नीतिगत तथा कार्यगत रुपमा नयाँ मोड लिएको पाइन्छ । यद्यपि यस ऐनले वनको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायलाई विश्वासमा लिन नसक्दा व्यापक रुपमा वनको फडानी हुन पुग्यो । वनको विनाश, क्षयीकरण र वनको उत्पादकत्वको कमीलाई सम्बोधन गर्नका लागि वि.स. २०३३ सालमा राष्ट्रिय वन योजना कार्यान्वयनमा ल्याउनका साथै वि.स. २०३५ सालबाट वन व्यवस्थापनमा समुदायको पनि अपनत्व हुने गरी समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको थालनी गरियो ।

यसरी सुरुवात भएको समुदायमा आधारित वन व्यवस्थापन प्रणालिलाई वन क्षेत्रको २१ वर्षे गुरुयोजना २०४५, वन ऐन २०४९, वन नियमावली २०५१, राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४-२०२०) तथा विभिन्न आवधिक योजनाहरुले समेत नीतिगत रुपमा उच्च महत्व दिएको पाइन्छ । यस व्यवस्थापन पद्धतिबाट वन क्षेत्रले हासिल गरेका सफलता र प्राप्त सिकाइलाई संस्थागत गर्दै हालका दिनसम्म देशको कुल भू भागको लगभग ४० प्रतिशत वन क्षेत्र समुदायमा आधारित वन व्यवस्थापन पद्धतिबाट व्यवस्थापन भै रहेका छन्।

## वनको वैज्ञानिक व्यवस्थापन

वैज्ञानिक वन व्यवस्थापन भनेको वन विज्ञानका विभिन्न सिद्धान्त र अवधारणाहरुलाई समावेश गरी वनको वातावरणीय दृष्टिकोणले उपयुक्त, सामाजिक दृष्टिकोणले ग्राहय र वित्तिय दृष्टिकोणले फाइदाजनक रुपमा वनको दिगो व्यवस्थापन गर्ने पद्धति हो । यसमा वन सम्वर्द्धन प्रणालीको आधारमा तोकिएको उदेश्य पूर्ति गर्न वनलाई निश्चित कटान चक्रमा व्यवस्थापन गरी सामन्यतः प्रत्येक वर्ष समान परिमाणमा वन पैदावार आपूर्ति हुने गरी वनको चक्रिय व्यवस्थापन गरिएको हुन्छ । वनको प्रकारको आधारमा निश्चित कटान चक्र (Rotation period) तोकी उक्त कटान चक्र (Rotation period) बराबर वनलाई विभिन्न वार्षिक कटान क्षेत्र (कुप) हरुमा विभाजन गरी प्रत्येक वर्ष एउटा कुपमा मात्र कटान गरिने र अन्य कुपहरुमा वन संवर्द्धनका कार्यहरुमात्र गरिने हुँदा वनको दिगो व्यवस्थापन हुन्छ । तसर्थ, बैज्ञानिक वन प्रणालीलाई दिगो (Sustainable) एवम् महत्तम (Optimum) वन व्यवस्थापनको एउटा मुख्य आधार स्तम्भको रुपमा लिइन्छ ।

वनको स्वास्थ्य र हैसियतमा सुधार गर्दै वनको संरचनामा आफ्नो लक्ष्य, उद्देश्य अनुसार परिवर्तन ल्याई वनको दिगो व्यवस्थापन र उत्पादन अभिवृद्धि गर्दै सिमित वन क्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष लाभहरुलाई अत्यधिक वृद्धि गर्नु नै वैज्ञानिक वन व्यवस्थापन प्रणाली कार्यान्वयनको सैद्धान्तिक आधार हो ।

नेपालमा दिगो वन व्यवस्थापन प्रणालिको शुरुवात सन् १९६० को वन स्रोत सर्वेक्षण मार्फत शुरुवात भएको मान्न सकिन्छ त्यस्तै वन क्षेत्रका विभिन्न नीतिगत दस्तावेजहरु राष्ट्रिय वन योजना २०३३, वन क्षेत्रको २० वर्षे गुरुयोजना १९८९, वनक्षेत्रको परिमार्जित नीति-२०५७, वन तथा भू-संरक्षण मन्त्रालयको दूरदृष्टि ' २०३० समेतले वनको दिगो व्यवस्थापनलाई उच्च प्राथमिकता दिएको पाइन्छ । त्यस्तै सन् १९९० को दशकमा फिनल्याण्ड सरकारको सहयोगमा नेपाल सरकारले सञ्चालन गरेको Forest Management and Utilization Development Project (FMUDP) ले तराईका २१ जिल्लामा बैज्ञानिक वन व्यवस्थापनका लागि

Operational Forest Management Plan (OFMP) तयार गरी सञ्चालनमा ल्याउने प्रयास गरेता पनि उक्त वन व्यवस्थापन योजना विभिन्न कारणहरुले गर्दा सञ्चालन हुन सकेन । जसले गर्दा नेपालमा बैज्ञानिक वन व्यवस्थापनका कार्य पछाडि धकेलिन पुग्यो ।

यसरी वनको दिगो व्यवस्थापन सन् १९६० को दशकबाट शुरु भएतापनि वन संवर्धन प्रणालीमा आधारित बैज्ञानिक वनको शुरुवात आर्थिक वर्ष २०६७।०६८ देखि कपिलवस्तु जिल्लाबाट शुरु भएको हो ।

आ.व. २०६९/७० को बजेट वक्तब्यमा एक लाख हेक्टर वनको वैज्ञानिक व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको थियो । वि. सं. २०७० मा आयोजित छैठौं राष्ट्रिय सामुदायिक गोष्ठीको घोषणापत्रमा समेत वैज्ञानिक वनको व्यवस्था उल्लेखित रहेको छ ।

वैज्ञानिक वन व्यवस्थापनलाई व्यवस्थित गर्न साविकको वन तथा भू-संरक्षण मन्त्रालयबाट वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ स्वीकृत भएपश्चात यस कार्यक्रमले थप गति लिएको पाइन्छ । तेह्रौं योजना (२०७०/७१—२०७२/७३) मा दिगो र वैज्ञानिक वन व्यवस्थापन पद्धतिको माध्यमबाट वनको व्यवस्थापन गर्ने, साझेदारी वन कार्यक्रम सञ्चालनवाट थप ७५,००० हेक्टर वन क्षेत्र दिगो व्यवस्थापन गर्ने सरकारले नीति लिएको थियो। चौधो योजना (२०७३/७४-२०७५/७६) को उद्देश्यमा दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु र रणनीतिमा वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने उल्लेख थियो । पन्ध्रौ पञ्च वर्षिय योजना (आ.व. २०७६।७७ देखि २०८०।८१) ले समेत दिगो वन व्यवस्थापन र वनको उत्पादकत्व वृद्धिमा जोड दिएको छ ।

यसैगरी राष्ट्रिय वन नीति २०७५ ले व्यवस्थित वन क्षेत्र र सन्तुलित पर्यावरण मार्फत नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा योगदान रहने दूरदृष्टि राखेको छ । वन क्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारको यस वर्षको नीति तथा कार्यक्रममा दिगो वैज्ञानिक वन व्यवस्थापन र वनजन्य उद्यम विकास गर्न समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन गरिने उल्लेख छ भने आर्थिक वर्ष २०७७।०७८ को वार्षिक बजेटमा वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट वनपैदावारलाई आर्थिक क्रियाकलापसँग जोडिनेछ भनी उल्लेख गरी वजेट विनियोजन समेत गरेको छ ।

आ.व.२०६६।७७ सम्म ७ वटै प्रदेशका ५८ वटा जिल्लाहरुमा अवस्थित ७५० वटा सामुदायिक वनहरुमा बैज्ञानिक वन व्यवस्थापन कार्ययोजना निर्माण भई स्वीकृत भइसकेका छन् । सबैभन्दा धेरै कैलाली (९२ वटा सामुदायिक वन), सिन्धुली (८९ वटा सामुदायिक वन) र नवलपुर (नवलपरासी बर्दघाट-सुस्तापूर्व, ४८ वटा सामुदायिक वन) जिल्लामा र प्रादेशिकरुपमा सबैभन्दा बढी प्रदेश नं. ५ मा २०५ वटा बैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत भएका छन्। यसरी बैज्ञानिक वन व्यवस्थापन शुरु भएको करीव १० वर्षको छोटो अवधिमा ७५० वटा भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरुले आफनो सामुदायिक वनको वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयार गरी करीव ७५ प्रतिशत भन्दा बढी समूहहरुले कार्यान्वयन समेत गरिरहेका छन् ।हालसम्म वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत भएका ७५० वटा सामुदायिक वनहरुको क्षेत्रफल १७७,३२१ हेक्टर हुन आउँछ।

यस बाहेक कार्ययोजना तयार भएका ३१ वटा साझेदारी वन (जसको कूल क्षेत्रफल ७६,०१२ हेक्टर) व्यवस्थापन समूहहरु मध्ये करीव १५ वटा (३४,२९१ हेक्टर) मा बैज्ञानिक वन व्यवस्थापन क्रियाकलापहरु सञ्चालन भएका छन् । यसका साथै ७ वटा चक्ला वनहरु मध्ये ६ वटा चक्ला वनको ११,६८६ हे.मा वैज्ञानिक वन व्यवस्थापन कार्यान्वयनमा रहेको छ ।

वनको बैज्ञानिक व्यवस्थापनको सङ्ख्या, पहुँच, अवस्था, माग र अभ्यास क्रमशः बढ्दै गइरहेको छ । हाल विभिन्न डिभिजन वन कार्यालयहरुमा धेरै ठूलो मात्रामा वनको बैज्ञानिक व्यवस्थापन कार्ययोजना निर्माणका लागि निवेदन परेका छन् । धेरै ठूलो मात्रामा बैज्ञानिक वन बनाउन परेका निवेदनहरु जनशक्ति र लगानीको कमीले अघि बढाउन सकिएको छैन ।

## वनबाट व्यक्ति र समुदायले पाउने आर्थिक लाभ

स्वामित्वको हिसाबमा वन ऐन २०७६ अनुसार नेपालमा २ प्रकारका वनहरु पाइन्छन्। व्यक्तिले आफ्नो हक भोगको जग्गमा हुर्काएको वनलाई निजी वन भनिन्छ भने निजी वन जंगल बाहेकका वन जसको स्वामित्व सरकारको हुन्छ त्यस्तो वनलाई राष्ट्रिय भनिन्छ । व्यवस्थापन पद्धतिको आधारमा राष्ट्रिय वनलाई विभिन्न प्रकारमा वर्गीकरण गरिएको छ र तिनीहरुको व्यवस्थापन, सदुपयोग तथा लाभको बाँडफाँड समेत फरक फरक रहेको पाइन्छ । नेपालको राष्ट्रिय वनको व्यवस्थापनमा तीनै तहका सरकार तथा स्थानीय समुदायको सक्रिय सहभागिता रहदै आएको छ ।

नेपालको राष्ट्रिय वनको भू-भाग सरकारद्वारा व्यवस्थित वन र समुदायमा आधारित विभिन्न प्रकारका वन व्यवस्थापन प्रणाली मार्फत व्यवस्थापन गरिएको छ । नेपालको समुदायमा आधारित वन व्यवस्थापन प्रणाली वन व्यवस्थापनको क्षेत्रमा विश्वकै लागि सफल नमूनाको उदाहरण हो । सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, वन संरक्षण क्षेत्र जस्ता समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुमा समुदायको सक्रिय सहभागिता र वन प्राविधिकको प्राविधिक सहयोगमा वन व्यवस्थापनका अभ्यासहरु गरिदै आएको छ । सामुदायिक वन व्यवस्थापन प्रणालीमा समुदायले स्वतन्त्र रुपमा वन पैदावारहरुको सदुपयोग तथा विक्रि वितरण गर्दै सम्पूर्ण लाभ प्राप्त गर्न सक्ने व्यवस्था छ भने साझादारी वन व्यवस्थापन प्रणालीमा ५० प्रतिशत समूह, ४० प्रतिशत नेपाल सरकार र १० प्रतिशत स्थानीय तहले पाउने प्रावधान रहेको छ । यसरी समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्ने कानूनी प्रावधान रहेको छ ।

धार्मिक वनको सन्दर्भमा धार्मिक वनभित्रको उपलब्ध वन पैदावार धार्मिक प्रयोजनका लागि मात्र प्रयोग गर्न पाइन्छ । नेपालमा कबुलियती वनलाई गरिबीको रेखामुनि रहेका जनताको कबुलियती वन र व्यवसायिक कबुलियती वन गरी दुइ तरिकाबाट व्यवस्थापन गरिएको छ । गरिवीको रेखामुनिको कबुलियती वन गरिवीको रेखामुनि रहेका जनताको समुह बनाई गरिवी न्यूनीकरण गर्ने उदेश्यका साथ हस्तान्तरण गरिन्छ भने व्यवसायिक कबुलियती वन राष्ट्रिय वनको हैसियत विग्रेको कुनै भागलाई पर्यापर्यटन, कृषि वन, वनमा आधारित उद्यमलाई

कच्चा पदार्थ उत्पादन गर्ने उदेश्यका साथ प्रचलित कानून बमेजिम स्थापित कुनै सङ्गठित संस्थालाई उपलब्ध गराउन सक्ने प्रावधान रहेके छ ।

यस्ता समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुबाट समुहमा नेतृत्व विकास, समावेशीकरणके अभ्यास, गरिवी निवारण, वन संरक्षण तथा आर्थिक लाभ मार्फत सामुदायिक विकास जस्ता क्रियाकलापहरुमा प्रत्यक्ष रुपमा टेवा पुगेके देख्न पाइन्छ ।

## वनको दीर्घकालीन व्यवस्थापनका लागि गर्नुपर्ने कार्यहरु

नेपालके कुल भू भागके ४४.७४ प्रतिशत ेगटेके वन क्षेत्र नेपालके महत्वपूर्ण प्राकृतिक सम्पदा हे। नेपालके वन क्षेत्र ठूले सम्भावना बेकेके क्षेत्र पनि भएकाले यसके उचित व्यवस्थापनका लागि संरक्षण तथा सदुपयेगलाई संगै अघि वढाउनु पर्ने हुन्छ । विश्वका कतिपय विकसित देशहरुमा वन क्षेत्रलाई आर्थिक स्रेतके रुपमा व्यवस्थापन गरिरहेके सन्दर्भमा नेपालमा पनि उत्पादनशील वन क्षेत्रलाई दिगे वन व्यवस्थापन मार्फत उत्पादन वृद्धि गर्नु पर्छ । यसका साथै वातावरणीय तथा जैविक विविधताके दृष्टिकेणबाट महत्वपूर्ण क्षेत्रहरु जस्तै संरक्षण क्षेत्र, सिमसार क्षेत्र लगायतका अन्य सम्भाव्य स्थानहरुलाई प्रकृतिमा आधारित पर्यटनके गन्तव्यके रुपमा विकास गरी आम्दानी र रेजगारी वृद्धि गर्नु पर्छ । त्यस्तै प्रचुर सम्भावना बेकेके जडिवुटी तथा गैरकाष्ठ वन पैदावारके दिगे संकलन, उपयेग, प्रशेधन तथा बजारीकरण मार्फत आर्थिक उपार्जनका क्रियाकलापहरुलाई वृद्धि गर्नु पर्छ ।

वन क्षेत्रबाट प्राप्त हुने लाभके समेत समानुपातिक बाँडफाँड र निर्णय प्रकृयामा सवैके सहभागिता सुनिश्चितता गर्दै सुशासनके पाटेलाई अझ प्रभावकारी बनाउन जरुरी छ । समग्रमा वन क्षेत्रके समुचित तथा दिगे व्यवस्थापनबाट स्थानीय तथा राष्ट्रिय स्तरमा आर्थिक गतिविधिलाई चलायमान बनाउदै "समृद्ध नेपाल सुखी नेपाली" के राष्ट्रिय आकांक्षा हासिल गर्न येगदान पुर्याउन सकिन्छ ।

# संविधानमा खाद्य सुरक्षा र संप्रभुताः प्रावधान एक सन्दर्भ अनेक

मुकुन्द प्रसाद अधिकारी
अधिवक्ता

**सारसंक्षेप**

खाद्यान्नको अधिकारको अभावमा स्वतन्त्रताको हकहरुसमेत लागु हुन सक्दैन । नागरिकहरुले पर्याप्त खाद्य नियमित प्राप्त गर्ने पहुँचको निर्माण र त्यसरी प्राप्त गरेको खाद्य पोषणयूक्त र प्रदुषणमुक्त रहेमा मात्र राज्यले खाद्य सुरक्षाको संवैधानिक हकको दायित्व पूरा गरेको भन्न सकिन्छ । खाद्यको पहुँच ब्यक्ति, परिवार र समुदायमा रहने र प्राप्त खाद्यान्न स्वास्थ्य जीवनयापनका आधारमा शारीरिक र मानसिक स्वास्थ्ययुक्त भै त्यस्तो खाद्य प्राप्त गर्ने आर्थिक र भौतिकसँगै उपलब्धताको पहुँच अनिवार्य रहनु पर्दछ । यसरी प्राप्त हुने खाद्य वस्तु धार्मिक संस्कृतिक रुपमा सुहाउँदो र स्वीकार्यसमेत हुनु पर्दछ भन्ने कुरालाई नै खाद्य अधिकारको रुपमा संविधानले चिन्दछ ।

खाद्य संप्रभुताका दृष्टिले नागरिक आफैले आफ्नो खाद्य उत्पादन गरी आफै आत्मनिर्भर बन्नका लागि राज्यले सघाउने विषय अन्तरगत पर्दछ । कृषि उत्पादनका तमाम नीति निर्माणमा कृषकको भूमिका उत्पादित खाद्य वस्तुको भण्डारण, बजारको ब्यवस्था र संरक्षणको कार्यमा निरन्तर सहयोगको सुनिस्चितता जस्ता कार्यक्रमहरुको माध्यमबाट खाद्यान्नमा सबै नागरिकको आत्मनिर्भरता एवम् सहज पहुँच नै खाद्य संप्रभुता हुने हुँदा यसलाई प्रतिकुल प्रभाव पर्न नदिन बाताबरण सन्तुलनसँगै पर्यावरण र परम्परागत उत्पादन तथा सोको प्रवर्धन सँगै वस्तुतः नागरिकको भोकबाट मुक्त हुने हकलाई स्थानीयकरण गरी खाद्य संप्रभुताको संवैधानिक हक संरक्षण गर्न सकिन्छ ।

हेपिएका एवम् जोखिममा परेका जनताहरुको हक मुखरित गर्न र दबिएको आवाजहरुलाई वाणी प्रदान गरी संविधानले ब्यवस्था गरेको खाद्य अधिकार र खाद्य संप्रभुताको प्रचलनीय हकलाई कार्यान्वयनमा ल्याउनमा राज्यको आर्थिक क्षमता वा स्रोत साधनको सीमा हुन्छ भनी त्यस्तो कमजोर अवस्थालाई देखाएर योजनाबद्ध र गरी आएका कार्य पनि नगरी राज्य उम्कन पाउदैन । राज्यसँग संवैधानिक हकहरु कार्यान्वयनको योजना र कार्यनीति हुनै पर्दछ र यो अनिवार्य कार्यान्वयन भएको देखिनै पर्दछ । समयमा मल बीउ र रोग बिरुद्धको औषधि जस्ता आधारभूत कुरासमेत उपलब्ध गराउन नसक्ने हो भने खाद्य संप्रभुता एवम् खाद्य सुरक्षामा संविधानको प्रचलनीय हकलाई कार्यन्वयन गरेको भन्नै मिल्दैन । वर्तमान संविधानबाट लक्षित समाजवाद स्थापनार्थ कृषिको दिगोपना र नियमितताबाट आत्मनिर्भर भई गरिब निमुखाहरुको एक पेटको चिन्ता मुक्त हुने गरी एउटा संयक दृष्टि निर्माणको अपरिहार्यता संविधानले खोज्दछ । खाद्यसुरक्षा र संप्रभुताको संबैधानिक दायीत्व पनि पालना गरेको ठहरिने छ ।

**मुख्य शब्दः** खाद्य अधिकार, खद्य सुरक्षा, खाद्य संप्रभुता, उत्पादकत्व, भोकको अन्त्य, सम्मान, संरक्षण, परिपुरण ।

## पृष्ठभूमीः

नागरिकको जीवनको सुरक्षा राज्यको कर्तब्य हो । नमारिनु मात्र बाँच्न पाउने हक होईन । नेपालको वर्तमान संविधानको धारा ३६ (१) मा प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ भन्ने उल्लेख भएको छ । यो हक मौलिक हकको सूचीमा कायम भएको अर्को आयम हो । खाद्यवस्तुको अभावमा कुनै पनि नागरिकको जीवन जोखिम हुने अवस्थाबाट सुरक्षित हुने हक हो । यसले नागरिकलाई खाद्य अधिकारको दाबी गर्ने शक्ति र राज्यलाई कार्यान्वयनमा सक्रिय हुने दायित्व प्रदान गरेको हुन्छ । अझ संविधानको धारा ३६ को उपधारा (३) मा नागरिकलाई खाद्य सम्प्रभूताको हक पनि प्रत्याभूत गरिएको छ । के हो खाद्य सम्प्रभूताको हक, एउटा स्वभाविक प्रश्न उठ्छ । यो संवैधानिक कानूनमा त्यति प्रचलित शब्दावली होइन । तथापि हालको संविधान जारी हुनुभन्दा अघि वहाल रहेको नेपालको अन्तरिम संविधान, २०६३ ले चाहि खाद्य सम्प्रभूताको हक प्रत्याभूत गरेको थियो ।

संविधान कुनै परिकल्पनाको दस्ताबेज होईन यो त कार्यान्वयनबाट सिङ्गो देश र नागकिकको बिश्वासको रुपमा रहने दस्ताबेज हो । जनसंख्याको ठूलो भाग गरिबीको रेखामुनि रहेको नेपालमा भूकम्प, बाढी, पहिरो, आगलागी, अनिकाल जस्ता महामारीहरूबाट नेपाली जनता बारम्बार आक्रान्त भइरहने अवस्था परिरहेको छ । सामान्य अवस्थामै पनि नेपालको ठूलो जनसंख्याले खाद्यान्नको अभाव व्यहोर्नु परिरहेको हुन्छ । एकातर्फ मुलुकमा यस्तो स्थिति छ भने अर्कोतर्फ संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको साथै शिक्षा, स्वास्थ्य, रोजगारी, आवासँगै खाद्यसम्बन्धी हक प्रत्याभूत गरेको छ ।

## उद्देश्य

प्रस्तुत लेखका निम्न उद्देश्यहरु रहेका छन् :

१. नागरिकको जीवनको अधिकार सुनिश्चित गरी सामाजिक न्याय कायम गर्न खाद्य सुरक्षा र सम्प्रभुताका संवैधानिक हकले कसरी उचित स्थान पाउँछ यसै सेरोफेरोमा रहेर यसका आयामहरुलाई केलाउनु ।

२. भोक, रोग, अशिक्षा एवम् जीवनका आधारभूत आवश्यकतासमेत जुटाउन नसकेका जनताको संरक्षण एवम् संविधानद्वारा प्रत्याभूत हकहरूको प्रचलनमा राज्य तथा राज्यको निकायले के कस्तो दायित्व वहन गर्नुपर्ने हो सो केलाउनु ।

३. वर्तमानमा भएका कमीकमजोरीहरू सच्याउन संवैधानिक कसीमा एउटा सम्यक दृष्टिकोण विकास गर्न मात्रै पनि के गर्नु पर्ने हो सो केलाउनु ।

## विषय प्रवेश

खाद्य मानिसलाई बाच्नको लागि अपरिहार्य छ भने पर्याप्त खाद्यमाथिको पहुँच मानवीय मर्यादासँग प्रत्यक्ष जोडिएको विषय हो । खाद्य वा खाद्य प्राप्त गर्ने स्रोतमाथि नागरिकको पहुँच नभएमा वा पहुँचमा सहजता नभएमासमेत मानवीय मर्यादाको उल्लघन हुन जान्छ । तसर्थ खाद्य अधिकार र खाद्य सुरक्षाको विषयलाई मानव अधिकार सम्बन्धी अन्तर्राष्टिय दस्तावेजले व्यक्तिको मौलिक मानव अधिकारको रुपमा समेत स्वीकार गरेको छ ।

अर्कोतिर यस्तो व्यक्तिको मौलिक मानव अधिकारलाई वातावरणीय दिगोपना समेत विचार गर्दै खाद्यान्नको उत्पादन, वितरण, मूल्य निर्धारण र नियमनका सन्दर्भमा उत्पादनकर्ता किसानको भूमिका महत्वपूर्ण हुने अवधारणा खाद्य संप्रभता हो । यो कृषि प्रणलीमाथी कृषकहरुको अधिकार स्थापना गर्ने राजनीतिक मान्यता पनि हो ।

नेपालले बिगतका २ बर्षमा संबिधान कार्यान्वयन गर्ने कानुनहरुमा खाद्य सम्बन्धी हकलाई कार्यान्वयन गर्न बनेको "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" जारीसम्म गरेको छ । यसको नियमावलीको अभाब अझै कायम रहेकै छ । कानुन कार्यान्वयनमा यसको नियमावलीको अभावमा सार्थकता पाउन सक्दैन। यद्यपि खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई समेटी निर्माण भएको यस कानुनको दफा ३ ले प्रत्येक नागरिकलाई खाद्य तथा खाद्य सुरक्षाको अधिकार हुने तथा दफा १२ ले प्रत्येक किसानलाई खाद्य सम्प्रभुताको अधिकार हुने व्यवस्था गरी यी अधिकारको कार्यान्वयनको लागि स्थानीय, प्रदेश र संघीय तहका सरकारलाई सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने दायित्वहरु समेत सिर्जना गरेको छ । तसर्थ वर्तमान सन्दर्भमा खाद्य सम्बन्धी हकको कार्यान्वयनका लागि तीन वटै तहका सरकारद्वारा निर्माण गरिने नीति, कानुन तथा कार्यक्रमहरु खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई सम्बोधन हुने गरी गरिनु पर्दछ भन्नेमा दुबिधा रहन सक्दैन ।

सरोकारवालाहरुलाई खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताका अवधारणा, यिनीहरुबीचको भिन्नता तथा अन्तरसम्बन्धका बारे जानकारी हुनु आवश्यक छ जसले गर्दा नीति निर्माताले आवश्यक नीति, कानुन तथा कार्यक्रम निर्माण तथा संशोधन गर्न, नागरिक समाजले खाद्य अधिकार कार्यान्वयनका लागि बकालत पैरवी गर्न तथा अधिकार बाहकलाई खाद्य अधिकार दाबी गर्न सहजीकरण हुन सकोस। यद्यपि नेपालमा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धमा एकीकृत जानकारी समेटिएको "जानकारी मुलक सामाग्री" को समेत अभाव रहेको छ ।

## अधारभूत स्रोत

International Covenant on Economic, Social and Cultural Rights(ICESCR) 1966 ले "प्रत्येक व्यक्तिको भोकमरीबाट मुक्त रहने अधिकार" (The fundamental right of everyone to be free from hunger) प्रत्याभूत गरिएको छ । मानव अधिकारसम्बन्धी दस्तावेजहरूले खाद्यसम्बन्धी हकलाई खाद्यान्नको मात्रा, गुणको पर्याप्तता र पहुँचसँग जोडेर पनि हेरेका छन् । यस बारेमा आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिले भनेको छः The right to adequate food is realized when every man, woman

and child, alone or in community with others, has physical and economic access at all times to adequate food or means for its procurement.

यसबाट पक्षराष्ट हुनुको नाताले नेपाल कृषि र खाद्यउत्पादन बढाउन बाध्यकारी छ। महासन्धिको व्यवस्थाले भन्छ भोगबाट मुक्त हुने प्रतेक व्यक्तिको मौलिक अधिकार स्विकार गर्दै पक्ष राष्टले स्वयं वा अन्तराष्टिय सहयोग बाट निम्न कुराका लागी आवश्यक विशेष कार्यक्रम तथा उपायहरु अवलम्बन गर्नु पर्ने छ।

क) प्राविधिक तथा बैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतको अति प्रभावकारी विकास तथा उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरु विकास तथा सुधार गरी खाद्यान्नको उत्पादन संरक्षण तथा वितरणका तरिका सुधार गर्ने,

ख) खाद्यान्न आयात गर्ने तथा निर्यात गर्ने देशहरु दुबैको समस्यालाई ध्यान दिदै आवश्यक्ता अनुरुप विश्वको खाद्यान्न आपूर्तिको समाधान र वितरण सुनिश्चित गर्ने,

**खाद्य सुरक्षा र संप्रभुताको सम्बन्धमा नेपालले गरेका व्यवस्थाहरु**

१ खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन र खाद्य सुरक्षा संबन्धी ऐन जस्ता कानुनी प्रावधान रहेका छन्।

२ दिगो बिकास लक्ष अन्तर्गत Zero Hunger नीति नेपालले पनि अनुसरण गरेको छ।

३ सन २०३५ सम्ममा नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष सहितको दिर्घकालीन कृषि विकास रणनिति २०७२ जारी भएको छ।

४ पन्ध्रौ योजनामा खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्ने लक्ष निर्धारण भएको छ।

५ संविधानमा राज्यका नीति अन्तर्गत कृषि र भुमिसुधार सम्बन्धी नीति र नागरिकका आधारभूत आवश्यक्ता सम्बन्धी नीति रहेका छन जसमा कृषि क्षेत्रको उत्पादकत्व बढाउने र खाद्यान्नको दिगो उत्पादन, आपूर्ति र संचयको ब्यवस्था गर्ने।

६ खाद्य तथा पोषण सुरक्षाका लागि राष्टीय योजना आयोग, भूमी व्यवस्था तथा सहकारी मन्त्रालय कृयासील रहेका छन् भने खाद्य सुरक्षम ऐन २०७५ ले राष्टिय खाद्य परिषद, प्रदेश खाद्य परिषद, स्थानीय खाद्य समन्वय समितिको संस्थागत व्यवस्थाको परिकल्पना गरेको छ र नेपाल खाद्य संस्थान जस्ता सरकारी संस्थाको व्यवस्था रहेका छन्।

७ विश्व खाद्य कार्यक्रम, सार्क खाद्यान्न बैंक परियोजना, सिँचाइ परियोजनासँगै सरकारी तथा गैह्र सरकारी तबरबाट खाद्य कार्यक्रमहरु संचालित छन्।

**नेपालको अवस्था**

नेपालको जनसांखिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसारः पाँच बर्ष मुनिका बालबालिकाहरुमा कुपोषणको अवस्था ३६ प्रतिसत छ। पुड्का (उमेर अनुसारको उचाई नहुने) २७ प्रतिसत छ। उमेर अनुसार कम तौल तथा ख्याउटे ११ प्रतिसत छ। उमेर अनुसार बालबालिकामा र महिलामा रक्त अल्पता उदेक लाग्दो रहेको छ।

विश्वब्यापी भोकमरी सुचकाङ्कमा नेपाल १ स्थान तल झरी ७३ औं स्थानमा रहेको छ। नेपालको ४१ प्रतिसत जनसंख्या दैनिक रुपमा चाहिने २२७९ क्यालोरीका लागि खाद्यान्न उपभोग गर्नबाट बन्चित हुनु परेको छ।

खाद्यसम्बन्धी हकको प्रत्याभूतिको निम्ति खाद्यान्नको नियमित र स्थायी पहुँच हुनुपर्छ। त्यस्तो पहुँच व्यक्ति, परिवार र समुदाय सबैलाई हुनुपर्छ। यसभित्र खाद्यान्नको मात्रा र गुण, उपलब्धता, आर्थिक र भौतिक पहुँच पर्छन्। यस्तो खाद्य व्यक्तिको उमेर, स्वास्थ्य, जीवनस्तरसमेतको दृष्टिबाट शारीरिक एवम् मानसिकरूपमा स्वस्थ रहनको लागि पर्याप्त हुनुपर्छ। साथै उपलब्ध खाद्य, धार्मिक र साँस्कृतिक रूपमा पनि मिल्दो वा सुहाउँदो र स्वीकारयोग्य हुनुपर्छ। आवश्यक खाद्यान्न किन्न सक्ने शक्ति जनतामा रहेको छ वा छैन भन्ने पनि राज्यले हेक्का राख्नु र खाद्यान्न खरिद नै गर्न नसकी भोकमरीमा पर्ने स्थिति भएमा उपयुक्त माध्यमबाट खाद्यान्न उपलब्ध हुने स्थिति बनाउनु पर्छ।

त्यस्तैगरी, जहाँ बाढी पहिरो वा लामो खडेरी, भूकम्प वा अन्य त्यस्तै प्राकृतिक प्रकोपको कारण जनता भोकै पर्ने स्थिति छ, राज्यले आफैँ वा अन्तरर्राष्ट्रिय समुदायको सहयोगमा खाद्यान्न जुटाई जनतालाई भोकमरीबाट जोगाउनुपर्छ। यस मानेमा हाम्रो संविधानको धारा ३६ को उपधारा (१) र (२) अन्योन्याश्रित एवं निर्देशक छ भन्ने स्पष्ट हुन्छ। खाद्य संप्रभूत्ता कृषि उत्पादनसँग प्रत्यक्ष रुपमा सम्बन्धित रहन्छ। कृषि उत्पादन बिना खाद्य संप्रभुताको हक कायम हुन सक्दैन। कृषि उत्पादनका लागि सिँचाइ, मलजल आपूर्तिको र ढुवानी व्यवस्था लगायत बजारसमेत आवश्यक हुन्छ। नागरिकले मात्र कृषिका लागि चाहिने यस्ता आवश्यक सेवा एवम् सुविधाको बन्दोबस्त गर्न सक्दैन। यस्ता संरचना सेवा एवम् सुविधा उपलब्ध गराउने संवैधानिक कर्तब्य राज्यको हो। कृषि क्षेत्रमा उत्पादकत्व, कृषिलाई उधोगको रुपमा विकास गर्न र खाद्य संप्रभुलाई राज्यले आरक्षित गर्ने वैधानिक प्रावधान संविधानले औंल्याएको छ। यस्तोमा नागरिकले लगाएको कृषिबाली, खेती वा उपज नष्ट हुँदा राज्य मुकदर्शक हुनै सक्दैन।

त्यतिमात्र होईन कृषकलाई सिँचाइको सुबिधा, मलखादको आपूर्ति, बजारको व्यवस्थामात्र होईन प्राकृतिक प्रकोपका कारण हुनजाने क्षतिबाट नागरिकलाई बचाउने उपायहरुको व्यवस्था गरिदिने राज्यको संबैधनिक कर्तब्य र दायित्व रहेको छ। राज्यले यस्ता कर्तव्य पूरा गर्दा मात्र नागरिकले खाद्य संप्रभुताको हक उपभोग गर्न सक्षम हुनसक्दछ।

नेपालले अनिकाल र विपत्तिमा परेका जनताहरू समक्ष पुगी उनीहरूको दुःखमा मलमपट्टी लगाउने जुन पवित्र उद्देश्य संविधानमा नै गरेको छ त्यसमा खोट लगाउनु पर्ने ठाउँ छैन तर गृह मन्त्रालयको राष्टिय आपतकालीन कार्य संचालन केन्द्रको तथ्याङ्कअनुसार सन् २०१३ देखि २०१९ सम्ममा बाढीका कारण करिब १६ अर्ब १० करोड ८५ लाख ४५ हजार र पहिरोको कारण रु १ अर्ब ५९ करोड ६७

लाख ४५ हजार बराबर क्षति भएको थियो । पर्याप्त योजना र कार्यक्रमको अभावमा यस्ता प्रकोपको क्षति निरन्तर भैरहेको छ ।

तराईको वन क्षेत्र बसाई सराई र चुरे दोहनका कारण घट्दो क्रममा छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सन् २०१४ मा प्रकाशित मुल्यांकन प्रतिबेदन अनुसार सन् २००१ यताको ९ वर्षको अवधिमा १६५०० हेक्टर वन क्षेत्र घटेको छ । यसबाट पर्ने प्राकृतिक प्रकोप एवम् वातावरणीय असन्तुलनकोसँगै कृषि उत्पादनमा पार्ने प्रतिकुलताको आँकलन गरी रोक्ने वस्तुगत कार्यक्रम रहेको पाईदैन ।

खाद्य सम्प्रभूतालाई मानव अधिकारसम्बन्धी साहित्यमा किसानहरूको बीउ विजनको सञ्चय गर्ने, प्रयोग गर्ने, बिक्री गर्ने र आफ्नो परम्परागत ज्ञान, सीप, खोज एवम् व्यवहारको प्रयोग गर्ने अधिकारको रूपमा स्वीकार गर्ने गरिएकोसम्म छ । खाद्य सम्प्रभूताको हकले किसानहरूको उक्त अधिकारलाई सुनिश्चित गर्दै सोको निम्ति आवश्यक पर्ने जल, जमिन, खाध एवं रासायनिक मल र सोको निम्ति आवश्यक पर्ने ज्ञान, सीप र नवीनतम खोज उपरको पहुँच सुनिश्चित गर्नुपर्ने दायित्व राज्यउपर सुम्पन्छ । व्यापक परिवेशमा हेर्दा अनधिकृत बीउ विजन, अनियन्त्रित किटनासक औषधि एवं रासायनिक मलको प्रयोगबाट खाद्यान्नको उत्पादन र कृषियोग्य जमिनको उत्पादकत्व दुवैमा असर गर्छ । अनियन्त्रित शहरीकरण र पूर्वाधारको विकासबाट कृषियोग्य जमिनको संकुचन एवं खण्डीकरण रोक्ने, भूमिहीन किसानको संरक्षण गर्ने र भूमि सुधार कार्यक्रममार्फत मुलुकमा दिगो विकास प्रवर्धन गर्ने कार्य खाद्य सम्प्रभूतालगायतका खाद्यसम्बन्धी हकसँग जोडिएका विषय हुन् ।

पोषणयुक्त खाद्यान्न नभएमा गर्भवती महिला, बालबालिकालाई विशेष असर गर्छ । खान नपाए बालबालिकाहरू विद्यालय जान र युवा युवतीले काम गर्न र आय आर्जन गर्न सक्दैनन् । आफ्नो वासस्थानमा खाद्यान्न उपलब्ध नहुँदा उनीहरू कामको खोजीमा भौतारिने, असुरक्षित काम स्वीकार गर्ने, दासता, बेचबिखन आदिमा पर्ने र शोषणको शिकार हुने वा श्रम शोषणमा पर्ने हुन्छन् । त्यसैले खाद्यान्नको अधिकारको उल्लङ्घनको प्रश्न प्रकारान्तरले अन्य संवैधानिक अधिकारहरूको उल्लङ्घनको विषय पनि बन्न जान्छ ।

हाम्रो संविधानले खाद्यसम्बन्धी हकलाई प्रचलनीय हकको रूपमा स्वीकार गरेको र संकटकालीन अवस्थामा पनि धारा ३६ को उपधारा (१) र (२) मा वर्णित हक अर्थात् खाद्यसम्बन्धी हक र भोकमरी विरूद्धको हक निलम्बन नहुने व्यवस्था गरेकोबाट राज्यले यो हकको सम्मान, संरक्षण, सम्बर्धन र उपयोग सुनिश्चित गर्ने दायित्व वहन गर्नुपर्छ भन्नेमा द्विविधा हुन सक्दैन । फेरी अन्तरराष्ट्रिय मानव अधिकार दस्तावेजहरूले राज्यउपर सुम्पेको दायित्व अर्थात् "Obligation to respect, protect and fulfill" हाम्रो संविधानको अन्तरवस्तु बनिसकेको हुँदा अब यी सबै आयामहरूतर्फ राज्य सचेष्ट एवं कर्तव्यनिष्ठ रहनु आवश्यक हुन आएको छ ।

खाद्यसम्बन्धी हकको प्रचलन राज्यको स्रोत साधन र आर्थिक एवं प्राविधिक स्रोतको उपलब्धतासँग जोडिएको विषय हो तर प्रचलनीय अधिकारको रूपमा खाद्यसम्बन्धी हक प्रत्याभूत गरिएको कारण राज्यले अब यो हकलाई क्रमशः लागू गरिँदै जाने हक हो भन्न मिल्दैन । कम्तिमा पनि अधिकारहरूको उपयोग सुनिश्चित हुने कार्ययोजना अब राज्यसँग हुनै पर्छ । संविधान अधिकारहरूको दस्तावेज हो र घोषित

अधिकारहरूको कार्यान्वयन राज्य संयन्त्रको प्राथमिक कर्तव्य हो भन्ने कुरालाई अब हाम्रो राज्य संरचनाले नबुझिरहन सक्दैन । खाद्यान्नको उपलब्धताको साथै त्यसउपरको पहुँचमा धर्म, वर्ण, लिङ्ग, बसोबास आदिको आधारमा गरिने विभेदको उन्मुलनको निम्ति उपयुक्त नीति, कानून एवं संरचनाको निर्माण र तिनको कार्यान्वयन राज्यले कुनैरूपमा पन्छाउन नमिल्ने दायित्वभित्र पर्छन् । खाद्यसम्बन्धी हकको सम्मान किन पनि आवश्यक छ भने हाम्रो समाज जात, धर्म, वर्ण, लिङ्गमा विभाजित छ । सीमान्तकृत वर्ग र विशेषतः महिला, दलित तथा अन्य उपेक्षित वर्गका व्यक्तिहरूको लागि दुध, दही, ध्यू जस्ता पोषणयुक्त खाद्यान्न सहजरूपमा उपलब्ध हुँदैनन् । दलितहरूको हकमा त त्यस्ता खाद्यान्न उब्जाउने, खुलारूपमा बजारमा बिक्री व्यवहार गर्ने आदि कार्यहरूमा उनीहरू सहजरूपमा संलग्न हुनसम्म पाउँदैनन् ।

**निस्कर्ष**

मानिसले सक्षम र स्वस्थ्य जीवन निर्वाहका लागि खाद्यान्नको पर्याप्त मात्रामा उपलब्धताको पहुँचको अवस्थालाई सुनिश्चित गर्न खाद्य सुरक्षा र खाद्य संप्रभुताको अनिवार्य शर्त हो । खाद्य सुरक्षा र खाद्य संप्रभुताबाट मात्र वर्तमान र भविष्यको मानव मर्यादाको निर्विकल्प समाधान हुनेकुरा अस्विकार गर्न सकिदैन । घड्दो र निरासाको कृषि क्षेत्र र बड्दो जनसंख्याको वीचमा उपयूक्त र सन्तुलीत व्यवस्थापन तथा त्यसको तालमेलबाट उत्पादन र उत्पादकत्व बढाउन सक्नुमा नै आजको समय सान्धर्भिक मानव मर्यादा र मानव अधिकारको संरक्षण गर्ने कार्यका लागि खाद्यान्न प्रणालीमा किसानहरुको संप्रभुता कायम गर्नु अनिवार्य र बाध्यकारी आवश्यकता रहेको छ ।

**सुझावहरु**

१. हरेक वर्ष कुनै न कुनै राष्ट्रिय विपत्ति व्यहोर्नु परिरहेको नेपालले नागरिकहरूको खाद्यसम्बन्धी हक सम्मान गर्न, खाद्य सुरक्षा र भोकमरीको जोखिमबाट उनीहरूलाई जोगाउन देशका विभिन्न ठाउँमा सहजरूपमा वितरण हुन सक्ने उच्च गुणस्तरयुक्त पर्याप्त खाद्यान्न भण्डारणको व्यवस्था गर्ने ।

२. दीर्घकालीनरूपमा खाद्यान्नको आपूर्ति र सुरक्षाको निम्ति कृषियोग्य भूमिको सुरक्षा गर्न र कृषियोग्य भूमिलाई गैरकृषि प्रयोजनमा रूपान्तरण गर्ने कार्य कठोरतापूर्वक रोक्नु पर्ने ।

३. देशभित्र हिमाल, पहाड र तराई क्षेत्रका जनताले दैनिक रूपमा प्रयोग गर्दै आएका र जनताको परम्परागत ज्ञान, सीप, खोज र व्यवहारमा आधारित वैकल्पिक खाद्यान्नबारे अनुसन्धान एवं विकास गर्न र कृषि कार्यमा उपयोग भइरहेको जमिनको उत्पादकत्व वृद्धि गर्न उपयुक्त कानूनको तुरून्त निर्माण गरी लागू गर्नु पर्ने ।

४. खाद्य संप्रभुता र खाद्य सुरक्षा कायम राख्नका लागि संवैधानिक, नीतिगत, कानुनी र संरचनागत व्यवस्थाहरु व्यबहारत लागू गर्नु पर्ने ।

५. उन्नतमल बीउ, रसायनिक मल, औषधिहरु समयमा नै पर्याप्त मात्रामा उपलब्ध गराउने उचित व्यवस्था गर्ने ।

६.कृषि संबन्धि प्राविधिक ज्ञान सीप सर्वसुलभ बनाउने ।

७. जलबायू परिवर्तनको प्रतिकुल प्रभावको वैकल्पिक मार्गमा कार्यक्रम तय गरी कृषि अनुसन्धान कार्यमा गतिसिलता ल्याउने ।

८.बैदेसिक रोजगारीको विकल्पमा युवा जनसक्तिलाई कृषि व्यवसायमा प्रार्थमिकता दिलाउने ।

९.खाद्य असुरक्षीत क्षेत्रको पहिचान गर्ने, खाद्य व्यवस्थापन सूचना प्रणालीको व्यवस्था गर्ने ।

१०. कृषिमा वार्षिक बजेट अपेक्षाकृत बृद्धि गर्ने ।

## सन्दर्भ सामाग्रीहरु

नेपालको संविधान
नेपालको अन्तरिम संविधान, २०६३
(ICESCR) 1966
१५ औं योजना
सर्वोच्च अदालतका विभिन्न कानुन पत्रिकाहरु
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको प्रतिवेदनहरु
गृह मन्त्रालयको आपतकालीन कार्य संचालन केन्द्रको तथ्याङ्क
नेपालको जनसांखिक तथा स्वास्थ्य सर्वेक्षण २०१६
खाद्य सुरक्षा ऐन २०७५

# जाई चिया (Jasminum Humile): एक लघु अध्ययन

नारायण रुपाखेती
उप-सचिव
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

**क) जाई परिवार सामान्य परिचय :**

उपवर्ग- (Order) GENTIANALES
परिवार- (Family) OLEACEAE
जात - (Genera)

१— JASMINUM
२— NYCTANTHES
३— FRAXINUS
४— SYRINGA
५— LINOCIERA
६— OLEA
७— LIGUSTRUM
८— OSMANTHUS

हिन्दकुश पर्वतमाला र भारतीय उपमहाद्विपमा पहिचान भई अभिलेख गरिएका प्रजाति २० भन्दा बढी छन ।

**संस्कृत नाम :** सौमनस्यायनी, सुमना, हृद्यगन्धा, चेतिका
**नेपाली नाम** : जाई, जाइफल, जाइफूल, जायो
**अंग्रेजी नाम** : JESMIN

**नेपालमा पाइने जाई प्रजाति :-**

१. J. amabile
२. J. amplexicaule
३. J. arborescens चमेली
४. J. auriculatum जुही
५. J. caudatum
६. J. dispermum लहरे जाई
७. J. elongatum बेलीफूल
८. J. grandiflorum
९. J. heterophyllum वन जाई
१०. J. humile ( revolutum) मसिनो जाई, सानो जाई, सुन जाई

११. J. lautifolium
१२. J. mesneyi
१३. J. nervosum
१४. J. nepalensis वन जाई
१५. J. officinale लहरे जाई (National Flower of Pakistan)
१६. J. sambac
१७. J. subhumile
१८. Jasminum pubescens.( hirsutum / multiflorum बेली, Chinese Jasmine कुन्द पुष्प )

**(ख) Jasminum humile ( revolutum) Linn, मसिनो जाई, सानो जाई, सुन जाई**

**प्राकृतिक वितरण :** अफगानिस्तान, उत्तर पश्चिम चीन, भारत, नेपाल, बर्मा (म्यानमार) मध्य एसिया
**भौगोलिक वितरण :-** १२००- ३००० मिटर
**परिचय :-** बुट्यानको रुपमा हुने १ मिटरभन्दा बढी उचाई, अर्धपतझड, खुला र सेपिलो ठाउँमा हुने , हाङ्गादार, हाङ्गा त्रिकोणात्मक हरियो, बोक्रा नरम, गाडा हरियो पात ५ देखि ७ सम्म एकान्तर, पत्रदल तरेली , असम पत्रदल ( Imparipinnate) पातको आकार फरक, मुनाको टुप्पा र पातको एकान्तरमा पंहेलो, सोली आकारको बासनादार फूल फुल्ने, दानादार फल पाके पछि कालो, महाभारत श्रृंखला (Outer Himalaya) मा प्रशस्त पाईने।

आयू ८- १५ वर्ष ।
फूलफुल्ने -अप्रिल, जुन
फल लाग्ने - सेप्टेम्बर, डिसेम्बर
नयां पालुवा- मार्च ,अप्रिल
रसायन - जस्मिनाइन उपक्षार रेजिन, तेलमा - बंञ्जिल एसिड,मेथिल निलेट, आईलिकुल

**(ग) पंरम्परागत एंव घरयासी प्रयोग**

यो सुनजाई वा मसिनोजाई महाभारत श्रृखलाको दक्षिणीतटीय ईलाकामा प्रशस्त पाईने भएकोले बाखालाई डाले घांसको रुपमा प्रयोग गरिन्छ । नयां मुनालाई बाखा गाई र जंङ्गली वन्यजन्तु (रतुवा, घोरल, थार) ले समेत मनपराउँछ । परमपरागतरुपमा पाकेको कालो दानालाई उमालेर/उसिनेर निस्किने कालो झोल गाडा कालो र रङ्गमा स्थायी हुने भएकोले मसीको रुपमा पनि प्रयोग गरिन्छ । स्वास प्रश्वास र घाँटी दुखेको बखत कलिलो मुना पालुवालाई जीरासंग चपाएर रस निलेमा निको हुन्छ ।

**(घ) औषधिको रुपमा प्रयोगः**

मुखकोछाला गएमा, गिजा सुन्निएमा र दात दुखेमा : पातको क्वाथ बनाएर प्रयागे गर्ने ।
कान दुखेमा : पातलाई तिलको तेलमा पकाएर गौंतमा मिलाएर एक एक थोपा हाल्ने ।
मस्तिष्कको पीडा : ३ वटा पात गुलरोगनसाथ पिधेर २।२ थोपा नाकमा हाल्ने ।
मुखको कान्ति : १० - २० फूल पिधेर लेप अनुहारमा लगाएमा कान्ति बढ्छ ।

आँखाको फूलो : ५- ६ फूल मिश्रीसाथ मिलाएर पानीमा हालेर आखामा हाल्ने ।
पक्षाघात : जरा पिधेर वा तेलसंग मालिस गर्ने ।
पेटको परजीवी : १० ग्राम पात पिधेर पानीमा घोलेर पिउने ।
मासिक धर्म : १० ग्राम पात पिधेर पानीमा घोलेर पिउने ।
वायू शूल : तातो तेल रुईमा भिजाएर नाभीमा राख्ने।
अन्य रोगमा प्रयोग : नपुसकता,कुष्ठरोग,ज्वरो,छालाको रोग,जलन
**गुण धर्म :** कफ पितशामक, वातशामक ,त्रिदोषहर, तेल बातनाशक

**(ङ) चियाको रुपमा प्रयोग**

नेपालमा जाई चियालाई आयातित वस्तुको हिसावले प्रयोग हुदै आएको छ । यहाँ जाई चियाको व्यवसायिक उत्पादन हुन सकेको छैन । जाई चियाको निर्यातकर्ता विश्व व्यापारमा मित्र राष्ट्र चीन अग्रिम पंक्तिमा पर्दछ । नेपालमा जाई चिया कहिले देखि प्रयोग गरिदै आएको छ, भनि एकीन हुन बाँकी भएता पनि वि.सं.२०३५ देखि यसको प्रयोग हुदै आएको अनुमान गरिन्छ ।

**(च) बजारमा आएका जाई चियाको किसिम र मूल्य**

नेपालमा जाई चिया चीनबाट आयतित हुने भएकोले वार्षिकरुपमा भित्रिने परिमाण एकीन हुन बांकी छ । तैपनि चीनबाट भित्रिने चिया प्रकार डेढ (१.५) दर्जनभन्दा बढी र Fujian Tea कम्पनिको मात्रै उत्पादन ११ प्रकारका चिया नेपाली बजारमा पाईन्छ । Fujian Tea कम्पनीले उत्पादन गरेको चियाको मूल्य नेपाली बजारमा काठमाण्डौ बढी मूल्यको प्रति किलोग्राम रु.४५०० र सस्तोको मूल्य प्रति किलोग्राम रु..२०००। छ ।

**(छ) नेपालमा जाई चियाको सम्भावित प्रसारण**

जाई चिया प्राकृतिकरुपमा १२००-३००० मिटरको उचाई सम्म वितरण भएको छ । यसको प्रसारण (वीऊ वानस्पतिक ) सजिलो र रोपेको २ बर्षमा नै टिप्नको लागि तयार हुने हुँदा मध्यपहाडी भेगका बासिन्दाहरुले खेतीपाती गरेको जमीन, तराई बसाई सराईले खाली र परतीको रहेको जमीनमा यसको प्रसारण खेतीको लागि उपयूक्त हुन सक्छ । त्यस्तै मध्यवर्ती, सामुदायिक वनको खाली क्षेत्र पनि यसको लागि उपयूक्त हुन्छ । प्राकृतिकरुपमा पाईने बुट्यानलाई सम्वहर्दन गरेर पनि उत्पादन लिन र उत्पादकत्व बढाउन सकिन्छ ।

**(ज) प्रशोधन र बजारीकरण**

नेपालमा जाईलाई प्रशोधन गरेर बजारीकरण गर्ने गरिएको छैन । जाई चियाको व्यवसायिक बजारीकरण गर्नको लागि मित्र राष्ट्र चीनको प्रविधिबारे जानकारी लिन उपयूक्त देखिन्छ । यसको प्रशोधन उपकरणको लागत खर्च जानकारी लिए पछि प्रशोधनको उपकरण जडानको लागत अनुमान तयार गर्न सकिन्छ । प्रशोधित जाई चियाको बजारीकरणमा समस्या देखिन्न ।

**(झ) नेपालको मध्यपहाडी क्षेत्रमा जाई चियाको व्यवसायिक खेतीको संभावना**

भौगोलिक हिसावले जाइको प्राकृतिक वितरण समुद्री सतहको १२०० मिटर देखि ३००० मिटरसम्म्को उचाईको क्षेत्रमा प्रशस्त मात्रामा पाईन्छ । यसलाई खास गरेर बझाङ्ग बाजुराका वासिन्दाहरुले घरायसी प्रयोजनमा वाखालाई डाले घाँस र चरन डाले घाँसको रुपमा प्रयोग गरिरहेकाछन् । वन्यजन्तुमा

थार, घोरल र बँदेलले कलिलो मुना मन पराउनछन् । जाइलाई चिया बनाउने प्राविधिक ज्ञान नहुँदा नेपालमा यसलाई चियाको रुपमा प्रयोग गर्ने गरिएको छैन । यसको लघु अध्ययनको सिलसिलामा स्थानीय वासिन्दाहरुलाई घरायसी चिया वनाउने विधि सिकाउदा उनीहरु यस प्रति आर्कर्षित भएका छन् ।
नेपालको मध्यपहाडि क्षेत्र जाईको प्राकृतिक वितरणको लागि उपयुक्त स्थान भएकोले र यसको प्रसारण छोटो समयमा वीउ र वानस्पतिक विधिवाट गर्न सकिने हुँदा व्यवसायिक खेतीको प्रशस्त संभवना रहेको छ । जाईको मुना र कलिलो पात एव फूल चिया प्रयोजनको टिप्पने समय जेष्ठ आषाढ र ढिलोमा श्रावण महिनासम्म हो । मुना पात टिप्दा ५० प्रतिशत वोटमा छोडिदिनु पर्छ । टिपेको मुना र पातलाई मसिनोसंग काटेर करीव ६ घण्टासम्म घाममा सुकाउनु पर्दछ । त्यसपछि अर्ध शुष्क जाईलाई हातले मिचेर गुन्द्रुक जस्तो बनाउनुपर्छ । त्यसपछि हावादार ठाउँमा ४ दिनसम्म सुकाएर पुरै सुख्खा बनाउनु पर्दछ । यसको परिमाण हरियो तौलको ३० प्रतिशत सुख्खा तौल कायम हुन्छ । यसरी सुकेको पात मुनालाई सफा सुख्खा भाडोमा हालेर एक वर्षसम्म चियाको रुपमा प्रयोग गर्न सकिन्छ । उम्लिएको तातो पानीमा ५ कप चियाको लागि २ ग्राम चिया प्रयाप्त हुन्छ । चिया हालेपछि ४ देखि ५ मिनेट पानी उमाल्नु पर्दछ । उम्लिएको पानी पहेलो गाढा रङ्गको देखिए पछि पिउनको लागि चिया तयार हुन्छ । स्वादको लागि केही नहाली ,नून सादा , नून विरे, नून कागती र चिनीसाथ मिलाएर चिया पिउन सकिन्छ ।

**<u>सन्दर्भ सामग्री</u>**

1. Oleg Polunin and Adam Stainton, Flowers of the Himalaya, oxford University Press, 1984, New Delhi India.
2. Upendranath Kanjilal at al, Forest Flora of the Chakrata Dehra Dan and Saharanpur siwalik and Jaunsar Forest Divisons, Government of India Central Publication Branch, 1928, Calcutta. India.
3. A.K Howland and P. Howland, A Dictionary of the common Forest and Farm plants of Nepal, 1984, Forest Research and Information centre Forest Survey and Research Office,Department of Forest Kathmandu.
4. Nepal Tea House, New road Kathmandu, Kamal Mainali. Personal Communication
5. Fujian Tea industry china, Authorized dealer- New Ilam Tea Industry Nepal.
6. Bhuvan Keshar Sharma, PhD, BIORESOURCES ON NEPAL, Subidhya Sharma, 2071, Kathmandu.
7. आचार्य बालकृष्ण, आयुर्वेद जडीबूटी रहस्य, दिव्य प्रकाशन पतंजली योगपीठ, अप्रिल २००८,हरिद्धार २४९४०८,उतराखण्ड, भारत

# कोरोना भाईरस (कोभिड-१९) ले राजस्वमा पारेको प्रभाव

हरि प्रसाद उपाध्याय
प्रदेश लेखा नियन्त्रक, बागमती प्रदेश

## विषय प्रवेश

विश्व स्वास्थ्य संगठनले नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई कोभिड १९ नाम दिएको छ । यसलाई विश्व महामारीको रुपमा घोषणा समेत गरेको छ । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्यूँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने श्वाशप्रश्वाश सँग सम्बन्धित रोग हो। कोरोना भाइरसको मुख्य लक्षणहरुमा एक सय दशमलब चार फरेन हाइट भन्दा माथि ज्वरो आउनु, खोकी लाग्नु र श्वाश फेर्न गाह्रो हुनु रहेका छन।[1] सन् २०१९ को डिसेम्बरमा चीनको वुहान प्रान्तको हुवेईमा प्रथम पटक कोरोना भाइरस मानिसमा सरेको देखा परेको थियो । यस भाइरसको सङ्क्रमणबाट सन् २०२० जनवरी ५ मा चीनमा पहिलो व्यक्तिको मृत्यु भयो । कोरोना भाइरस मानिसमा सन् १९६० मा पहिलो पटक देखिएको थियो भनिन्छ।[2] मिति २०७७।४।३० गते सम्ममा संसारमा २१५ देशमा कोरोना भाइरसबाट दुई करोड १३ लाख ६८ हजार पाँचसय चौतीस जना संक्रमित भएका छन । यसैगरी सात लाख ६३ हजार पाँचसय ७२ जनाको मृत्यु भई सकेकोछ । संक्रिमत भएका मध्ये एक करोड ४१ लाख ५९ हजार चारसय उनानब्बे जना संक्रमणबाट मुक्त भएका छन । हाल संक्रमित भई निको नभएको संख्या ६४ लाख ४५ हजार चारसय त्रिहत्तर जना रहेका छन । कोरोना भाईरसबाट संसारमा बढी संक्रमित र मृत्यु हुने देशहरुमा संयुक्त राज्य अमेरिका र ब्राजिल रहेका छन।[3] नेपालमा २०७७।४।३० सम्म २५ हजार पाँचसय ५१ जना संक्रमित भएका छन । संक्रमित मध्ये १७ हजार ७७ जनालाई निको भई सकेको छ भने सात हजार तीन सय ७५ जना आइसोलेशनमा रहेका छन र १०० जनाको मृत्यु भएको छ।[4] कोरोना भाइरसको कारण संसारका अधिकांश मुलुकहरुमा नियमित हवाई उडानहरु बन्द रहेका छन । अधिकांश मुलुकहरुमा होटल, रेष्टुरेण्ट लगायत मानिसहरुको जमघट हुने व्यापरिक केन्द्रहरु बन्द रहेका छन । संसारमा धैरै मानिसहरुले रोजगारी गुमाएको अवस्था छ । यस्तो अवस्थामा सरकारले प्राप्त गर्ने राजस्वमा नकारात्मक प्रभाव पर्नु स्वभाविक नै हो । सरकारले प्राप्त गर्ने राजस्व अर्थतन्त्र चलायमानमा आधारित हुन्छ । संसारमा नै अर्थतन्त्र चलायमान नभएको अवस्थामा सरकारले प्राप्त गर्ने राजस्वहरु घटेको छ । मानिसहरु मानव अस्तित्वका लडाईमा लडी रहेको आभास भईरहेको छ । कोरोना भाइरसले अर्थतन्त्रमा मात्र प्रभाव पारेको छैन केट मोर्गन (२०२०) भन्दछन, "कोरोना भाइरसको सङ्क्रमण सुरु भएपछि धेरै व्यक्तिलाई धेरै कुरा बिर्सन थालेको महसुश भएको छ । वास्तवमा कुनै

[1] https://www.unicef.org/nepal/ne

[2] https://ne.wikipedia.org/wiki/कोरोना_भाइरस

[3] https://www.worldometers.info/coronavirus/

[4] https://covid१९.mohp.gov.np

एक कुरामा पूर्ण रुपमा तल्लिन हुन असम्भव जस्तै लागिरहेको छ ।" विश्वमा वैदेशिक व्यापार र पर्यटन क्षेत्रसँग अर्थतन्त्र बढी निर्भर भएका मुलुकहरुमा बढी असर गरेको छ भने वैदेशिक व्यापारमा परनिर्भर कम भएका मुलुकको अर्थतन्त्रमा कम प्रभाव पर्ने देखिन्छ । साथै विश्वका विकसित अर्थतन्त्र भएका मुलुकहरु भन्दा विकासोन्मुख मुलुकको अर्थतन्त्रमा कोरोनाको प्रभाव न्यून पर्ने अनुमान गरिएको छ । विश्वका अधिकांश विकासित मुलुकहरुको आर्थिक वृद्धि ऋणात्मक हुने अनुमान गरिएको छ।[5]

## कोरोना भाइरस (कोभिड - १९) ले अर्थतन्त्र र अन्य क्षेत्रमा परेको प्रभाव

मार्च २, २०२० सम्ममा कोरोना भाइरसको कारण चीनको अर्थतन्त्रमा मात्र ४२ प्रतिशत प्रतिशत प्रभाव देखिएको छ । कम्पनीहरुले बैंकको ऋण तिर्न नसकेको, जहाजहरु ग्राउण्डेड हुँदा बाह्र दशमलब आठ प्रतिशत राजस्व गुमेको बताइएको थियो । हवाई उद्योगले मात्र कोरोनाको कारण २८ अर्ब डलर भन्दा बढी आम्दानी गुमाउने अनुमान गरेको थियो । भारत, चीन, जापान र यूरोपियन मुलुकहरुको अर्थतन्त्र आराले लागेको देखिएको छ । कोरोनाले विश्वभरको ट्राभल, ट्रेड र सप्लाई चेनमा गम्भीर असर गरेका कारण विश्व ब्यापारका सूचकहरु तल झरेका छन । प्लाष्टिकका खेलौना देखि हाइटेक मेसिनरीहरुको बजार समेत संकटमा परेको छ।[6]

कोभिड – १९ ले सिर्जना गरेको मानवीय तथा आर्थिक संकटको प्रभाव कम गर्न र अर्थतन्त्रलाई खुम्चिन नदिन विश्वका अधिकांश मुलुकहरुले राहत प्याकेजको घोषणा गरेका छन । जस्तै: न्यूजिल्याण्डमा कुल गार्हस्थ उत्पादनको २१.३ प्रतिशत, जापानमा २१.१ प्रतिशत, संयुक्त राज्य अमेरिकामा १३ प्रतिशत र क्यानडामा ९.८ प्रतिशत, भारत र ब्राजिलमा १० प्रतिशत र चीनले ३.५ प्रतिशत राहत प्याकेजको घोषणा गरेका छन । समाजका अशक्त तथा असक्षम व्यक्तिहरुको बचाउ सम्वन्धी कार्यक्रमहरु लागू गरिएका छन । अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको जीपनयापनको लागि नगद तथा खाद्यान्न राहतलाई प्राथिमिकतामा राखी वितरण गरिएको छ । संगठित क्षेत्रका श्रमिकको बन्दाबन्दीको अवस्थाम पारिश्रमिकको केही अंश सरकारले र बांकी अंश रोजगारदाता तथा श्रमिकले व्यहोर्ने गरेका पनि छन् । केही मुलुकहरुमा आप्रवासी श्रमिकहरुको लागि विशेष व्यवस्था गरिएको छ । साना तथा मझौला उद्योगहरु बढी प्रभावित भएको हुँदा त्यस्ता उद्योगहरुलाई बन्द हुनबाट बचाउन त्यस्ता व्यवसायलाई अनुदान दिने, कम दरमा ब्याज दिने, ऋणको पुनर्तालीकरण/पुँजीकरण गर्ने तथा सरकारले ऋणको प्रत्याभूति दिने जस्ता प्रावधानहरु समेत घोषणा गरेका छन । व्यवसायिहरुलाई कर सम्वन्धी सहुलियतहरु पनि समावेश गरेका छन । यसमा विश्वका प्राय: मुलुकहरुले कर विवरण पेश गर्ने तथा कर तिर्ने समय जरिवाना र व्याज नलाग्ने गरी बढाएका छन । यसैगरी वास्तविक कारोबारको आधारमा अग्रिम कर तिर्न सक्ने, किस्तावन्दीमा कर तिर्न सक्ने र बक्यौता करका सन्दर्भमा किस्ताबन्दीको प्रयोग बढाउने जस्ता प्रावधानहरु समेत राखेका छन । कतिपय मुलुकहरुमा आयकर अन्तर्गत खर्च कटौती गर्ने, ह्रास कट्टी गर्ने तथा घाटा समायोजन सम्वन्धी व्यवस्था गरेको छ । कर फिर्ता प्रक्रिया सरल, छिटो छरितो तथा कर फिर्ता गर्नु पर्ने

[5] (https://www.onlinekhabar.com/२०२०/०५/८६१३८१)

[6] (https://bizmandu.com/content/20200302112914.html)

अवधिलाई छोटो बनाईएको तथा केही देशहरुमा कर परीक्षण गर्ने कार्य स्थगित गरिएको छ । धेरै मुलुकहरुमा स्वास्थ्य सम्वन्धी वस्तुहरु र औषधि उद्योगहरुलाई खरिदमा महसुल तथा कर छुट दिने गरिएको छ (खड्का, २०७७) ।

नेपालमा आर्थिक वर्ष २०७६।७७ मा ८ दशमलव ५ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य रहेकोमा कोभिड-१९ पछि २ दशमलव ३ प्रतिशत हुने अनुमान भएको थियो । कोभिड -१९ को कारण सार्वजनिक एवं निजी क्षेत्रमा आएको संकुचनले कुल लगानी अघिल्लो आर्थिक वर्षको तुलनामा ३ दशमलव ४ प्रतिशतले न्यून हुने अनुमान गरिएको थियो । मुद्रास्फीति, वैदेशिक व्यापार, भुक्तानी सन्तुलन, लगानी र वित्तीय परिसूचकहरु आर्थिक स्थायित्व अनुकुल भएका छन । पैठारीमा कमी आएका कारण व्यापार घाटामा सुधार भई सोधनान्तर स्थिति बचतमा रहेको देखिएको छ।[7]

नेपाल सरकारले कोभिड-१९ बाट सिर्जना भएको मानवीय तथा आर्थिक संकट सम्वोधन गर्न कर विवरण तथा कर तिर्ने समयसीमा जरिवाना तथा ब्याज नलाग्ने गरेर बढाएको छ । स्वास्थ्य सम्वन्धी वस्तुहरुमा पैठारी महसुल छुट दिइएको छ । औषधी उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरेको छ । साना तथा मझौला उद्योग, वायुसेवा, यातायात, होटेल, पर्यटन तथा औद्योगिक ग्राममा स्थापित उद्योगमा आयकरमा राहत दिइएको छ । कोभिड-१९ ले राजस्व प्रशासनमा विद्युतीय माध्यमको आवश्यकता तथा औचित्य पुष्टि गरेको छ । कोभिड-१९ ले नेपालको अर्थतन्त्रमा औपचारिक तथा अनौपचारिक क्षेत्र, साना तथा मझौला उद्योग, पर्यटन सम्वन्धी उद्योग, स्वदेशी तथा वैदेशिक रोजगारीमा नराम्रो प्रभाव पारेको छ । यसले गर्दा पैठारी महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतमा संकुचन आउने देखिन्छ । संघीयताको प्रभावकारी कार्यान्वयन गर्न, संविधानको व्यवस्था अनुसारको सामाजिक सुरक्षाको व्यवस्था गर्न र मुलुकलाई सन् २०३० सम्म मध्यमस्तरको आय भएको मुलुकमा स्तरोन्नती गर्न समेत कोभिड-१९ चुनौतीको रुपमा रहेको छ । कोरोनाको संकटको समयमा राजस्व प्रशासक र करदाताको राम्रो सुरक्षाको प्रवन्ध हुनु पर्दछ । राजस्व प्रशासक र करदाताबीचको प्रत्यक्ष सम्पर्क घटाउनु पर्दछ । अत्यावश्यक बाहेकका कर्मचारीलाई घरबाटै सेवा दिने व्यवस्था गर्नु पर्दछ । सरकारले कर संकलनमा वैकल्पिक विधि अपनाएर राजस्व संकलनको निरन्तरता दिनु पर्दछ । सरकारले उपलब्ध गराएका कर सम्वन्धी सुविधाबाट लक्षित समूह बन्चित नहोउन र सुविधा नपाउने व्यक्तिहरुले त्यसको दुरुपयोग नगरुन भनेर शतर्क हुनु पर्दछ (खड्का, २०७७) ।

आदीवासी मानिसहरु अन्य जनसंख्याको तुलनामा सरुवा रोगहरुको जोखिममा बढी हुने भएकोले कोभिड-१९ ले पनि आदिवासीलाई बढी प्रभावित गर्न सक्छ । क्यानडामा सन् २००९ मा फैलिएको एचवानएनवान महामारिमा जम्मा ३.४ प्रतिशत जनसंख्या भएका आदिवासी क्यानेडियनहरुमा अस्पतालमा भर्ना भएकामा १६ प्रतिशत आदिवासी क्यानेडियनहरु रहेको पाइएको थियो (हान्सेन, २०२०) ।

विश्वभर कोरोना महामारी फैलिएको अवस्थामा नेपाल सरकार कोरोनाको जोखिम न्यूनिकरणका लागि विभिन्न प्रयासहरु गरिरहेको छ । नेपालका निजी क्षेत्र जोखिम न्यूनिकरण तथा आपूर्ति सहजीकरणमा लाग्नुको सट्टा

[7] (https://www.safalkhabar.com/news/४४५०३)

कोरोना प्रभावित भन्दै सरकारसँग विभिन्न छुट, सुविधा तथा सहुलियत माग्न थाले । कोरोनाबाट होटेल, रेस्टुराँ, एयरलाइन्स, सिनेमा हल, सपिङ मल लगायतमा बढी प्रभाव परेको र अन्य उद्योगमा शुरुमा कम प्रभाव परेको र ढिलो चाँडो अर्थतन्त्रका सबै क्षेत्रमा कोरोनाको चक्रीय असर देखिने अनुमान गरिएको थियो । शुरुका महिनामा वस्तु आयातमा कोरोना भाइरसले प्रभाव पारेको देखिदैन । हवाई उडानमा आन्तरिक तर्फमात्र ४ अर्ब र अन्तर्राष्ट्रिय तर्फ ६ अर्ब आम्दानी गुम्ने प्रक्षेपण गरिएको थियो । उद्दार बाहेक नियमित हवाई सेवा बन्द भएको हुँदा हवाई उडान तर्फ ६० प्रतिशत जहाजले बिजनेस नपाएको अवस्था रहेको थियो । त्यसैगरी होटल क्षेत्रमा पर्यटक भिसा रोकिएकोले ९० प्रतिशत कोठा खाली रहेको थियो । नेपालको होटल क्षेत्रमा ३ लाख मजदुरहरु रहेकोले तीनका परिवार समेत कोरोना भाइरसबाट प्रभावित छन।[8]

## कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारले गरेका प्रयासहरु

चीनमा कोरोना भाइरस देखिए पछि नेपाल सरकारले कोरोना परीक्षण गर्ने किटको प्रवन्ध गरी परीक्षण गर्ने व्यवस्था गर्‍यो । तत्पश्चात चीनको वुहानमा रहेका १८० जना विद्यार्थीलाई नेपाल ल्याउन नेपाल सरकारले पहल गर्‍यो । यसको साथै नेपाल सरकारले एक लाख थान प्रोटेक्टिभ माक्स चीन सरकारलई उपलब्ध गराउने निर्णय गरेको थियो।[9] मिति २०७६ माघ ३ गते चीनबाट आउन खोजेका १८५ जना मध्ये १० जनाको स्वास्थ्य परीक्षण पश्चात नेपाल आउन दिइएन । १७५ जनालाई नेपाल ल्याई भक्तपुरको खरिपाटीमा १४ दिन सम्म क्वारेन्टाइनमा राखिएको थियो । त्यती नै बेला नेपाली बजारमा माक्सको अभाव देखिई सकेको थियो।[10]

नेपाल सरकारले विद्यालय स्तरका कक्षा १ देखि ९ सम्मका परीक्षाहरु २०७६ चैत्र ५ गते सम्म सक्ने गरी संचालन गर्ने व्यवस्था मिलाउन विद्यालयलाई निर्देशन दिएको थियो।[11] २०७६ चैत्र ६ गते देखि संचालन हुने भनिएको एसइइ परिक्षा २०७६ चैत्र ५ गते बेलुका स्थगित गरियो । प्रधानमन्त्रीको घोषणा मार्फत २०७६ चैत्र ९ गते देखि १८ गते सम्म नेपाल भित्रिने सबै अन्तर्राष्ट्रिय हवाई उडानहरु स्थगित गरियो । देशैभर सरकारी, सामुदायिक तथा निजी सेवा प्रदायक संस्थाहरुबाट प्रदान गरने अत्यावश्यक बाहेकका सेवाहरु २०७६ चैत्र ९ गते देखि २०७६ चैत्र २१ गते सम्म बन्द गरियो । यसैगरी २०७६ चैत्र १० गते देखि केही अवधिका लागि नेपालभर चल्ने सबै प्रकारका लामो दुरीका सवारी साधनहरु संचालनमा रोक लगाइएको थियो । मानिसहरुको भिडभाड हुने स्थान सिनेमा घर आदिलाई बन्द गरिनुका साथै विद्यालय तथा विश्वविद्यालयका पठन पाठन तथा परीक्षाहरु स्थगित गरिएको थियो।[12] यसपछि पटक पटक थप गरिएको लकडाउनको अवधि २०७७ जेष्ठ मसान्त सम्म रहेको थियो । २०७७ आषाढ १ गते देखि लामो दुरीका सवारी साधन, राष्ट्रिय तथा

---

[8] नयाँ पत्रिका, २०७६।१२।४

[9] https://sancharkarmi.com/news-details/२१२५१/२०२०-०२-०६, retrieved at 2020-08-18

[10] https://www.sbs.com.au/language/nepali/audio/१७५

[11] https://www.kalikadainik.com/२०२०/०३/०४/१०७७१/

[12] https://www.onlinekhabar.com/२०२०/०३/८४५९८०

अन्तर्राष्ट्रिय हवाई उडानहरु, विश्वविद्यालय र विद्यालयहरुको पठन पाठनमा लगाएको प्रतिवन्ध बाहेक केही खलाईएकोमा २०७७ साउन २६ गते देखि पुन: विभिन्न क्षेत्रमा निषेधाज्ञा जारी गरियो । जिल्ला प्रशासन कार्यालयबाट सवारी पास दिने कार्य बन्द गरियो । काठमाण्डौ उपत्यकामा प्रवेश गर्न कडाइ गरिएको थियो । २०७७ भाद्र १५ गते सम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानमा लगाएको प्रतिवन्ध र लामो दुरीका सवारी साधनमा लगाएको प्रतिवन्ध कायम रहेको थियो । २०७७ भाद्र ४ गते देखि अधिकांश जिल्ला प्रशासन कार्यालयहरुले अत्यावश्यक सेवा वाहेकका कार्यहरु गर्न नपाउने गरी निषेधाज्ञा जारी गरेको थियो । एकातिर निषेधाज्ञा जारी भएको थियो भने अर्को तर्फ कोरोना संक्रमितहरुको संख्या र मृतकको संख्या थपिदै गयो । कोरोनाको परीक्षणको लागि निजी अस्पतालहरुलाई समेत अनुमति दिइएको थियो । साथै निजी अस्पतालहरुलाई समेत अनिवार्य रुपमा कोभिड-१९ को उपचार गर्ने वार्ड बनाउने निर्देशन जारी गर्नुको साथै निजी अस्पतालहरुलाई कोभिड-१९ को उपचारको लागि अनुदान दिने व्यवस्था समेत गरेको छ ।

## कोरोना भाइरस (कोभिड-१९) ले बागमती प्रदेश सरकारको राजस्वमा पारेको प्रभाव

बागमती प्रदेश सरकारको राजस्व संकलन गर्ने मुख्य स्रोतहरुमा प्रदेश सरकारले आफैले संकलन गर्ने राजस्व सवारी साधन कर र स्थानीय तहले संकलन गरी स्थानीय तह र प्रदेश बीच बाँडफाँड हुने घरजग्गा रजिष्ट्रेशन शुल्क (हाल मालपोत कार्यालयबाट संकलन भई बाडँफाँड भईरहेको) मुख्य स्रोतको रुपमा रहेका छन । जुन राजस्व आर्थिक वर्ष २०७५।७६ को कुल आयको १२.०२ प्रतिशत घर जग्गा रजिष्ट्रेशन शुल्क र ११.७ प्रतिशत सवारी साधन कर प्राप्त भएको थियो । यसै गरी आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारको कुल आयमा घर जग्गा रजिष्ट्रेशन शुल्कको अंश १३.४८ प्रतिशत र सवारी साधन करको अंश ८.२२ प्रतिशत रहेको छ । यसैगरी आर्थिक वर्ष २०७५।७६ को २०७५ चैत्र ११ गते देखि २०७६ आषाढ मसान्त सम्म प्रदेश र स्थानीय तहबीच बाडँफाँड हुने सवारी साधन कर १ अर्ब ७५ करोड ३६ लाख ७२ हजार ६ सय ४७ रहेकोमा आर्थिक वर्ष २०७६।७७ को सोही अवधिको उक्त राजस्व ९५ करोड ७९ लाख २३ हजार ३ सय ४३ मात्र संकलन भएको छ । उक्त संकलन भएको राजस्व पनि आषाढ महिनाको मात्र हो । यसैगरी बागमती प्रदेश सरकारको सबै राजस्व संकलनमा प्रभाव परेको छ । २०७६ चैत्र ११ देखि मालपोत र यातायात क्षेत्रका कार्यालयहरुले सेवा दिन बन्द गरेको अवस्था थियो । यसैगरी अन्य कार्यालयहरु जस्तै घरेलु तथा साना उद्योग कार्यालय लगायतका विभिन्न कार्यालयहरु खुला रहेको भएतापनि नागरिकहरुलाई सेवा लिन आउन कठिनाई भएको कारण कार्यालयमा आई सेवा लिन सकेका थिएनन । बन्दा बन्दीको प्रत्यक्ष असर मानिसहरुको सामान्य जीवन यापन देखि ठुला ठूला उद्योग कल कारखाना स्थानीय, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत परेको छ । कोरोना (कोभिड-१९) बाट विश्वका प्राय: सबै मुलुकहरु प्रभावित रहेका छन । कोरोनाको रोकथाप तथा नियन्त्रणको लागि प्रयोग हुने सामग्रीहरु जस्तै: माक्स, सेनिटाइजर, पञ्जा लगायतका सामग्रीहरुको मूल्य वृद्धि हुनुको साथै अन्तर्राष्ट्रिय बजारमा समेत अभाव भएको छ । मानिसका दैनिक कृयाकलापहरु बन्द भएपछि निजी क्षेत्रमा संगठित क्षेत्रमा काम गर्नेहरुको रोजगारीको समय कटौती भएको छ । असंगठित क्षेत्रका मजदुरहरुको रोजगारी गुमेको छ । यस्तो अवस्थामा आय कर, अन्त:शुल्क लाग्ने वस्तुको प्रयोगमा निकै कमी आएको छ ।

आयात प्रभावित भएको हुँदा भन्सारमा कमी आएको छ । पुराना व्यवसायहरुको नविकरण गर्ने समय थपिएको छ । नयाँ व्यवसाय शुरु गर्न मानिसहरु संकोच मानिरहेको अवस्था छ त्यसैले नयाँ दर्ता हुने कार्य वन्द प्राय छ । त्यसैले कोरोना भाइरस (कोभिड-१९) को कारण राजस्वमा नकारात्मक प्रभाव परेको छ । तथापी बागमती प्रदेश सरकारले संकलन गर्ने राजस्वको दायरा साघुरो हुनुको साथै आर्थिक वर्षको पुरै समय बन्दाबन्दीको अवस्था नभएको हुँदा प्रत्यक्ष प्रभाव परेको देखिदैन । साथै प्रदेश सरकारले संकलन गर्ने सवारी साधन कर सवारी धनीहरुले सवारी साधन प्रयोग भए वा नभएमा पनि तिर्नु नै पर्ने हुनाले प्रभाव नदेखिएको हुन सक्छ । घरजग्गा रजिष्ट्रेशन शुल्क आर्थिक वर्षको शुरुको ८ महिना कोरोनाको प्रभाव नपरेकोले हुन सक्दछ ।

## कोरोना भाइरस (कोभिड-१९) को नियन्त्रणमा हामी कहाँ चुक्यौ ?

कोराना भाइरसको पहिलो विरामी चीनको वुहानबाट आएका विद्यार्थी थिए । उनलाई २०७६ माघ महिनाको पहिलो हप्तामा नै कोरोनो पुष्टि भएको थियो । यो पहिलो कोरोना पुष्टिको लागि विश्व स्वास्थ्य संगठनको हङकङस्थित कोलाबोरेटिङ्ग सेन्टरमा पठाई उक्त भाइरस भएको प्रमाणित भएको थियो । उनमा सामान्य लक्षण देखिएको थियो । उनलाई केही समयपछि ठिक भएको थियो।[13] कोरोनाको दोस्रो विरामी फ्रान्सबाट आएकी युवती आफै सचेत भएर घरमा छुट्टै बसेकी थिइन । उनी विदेशबाट आएको कारण सचेत भएर परीक्षण गराउन गएकी थिइन । उनलाई २०७६ चैत्र १० गते कोरोना संक्रमण भएको पुष्टि भएको थियो। २७ दिनको अस्पातल बसाई पछि उनी डिस्चार्ज भईन।[14] यसैगरी तेस्रो संक्रमित २०७६ चैत्र ६ गते दुबईबाट एयर अरेबियाको फ्लाइटमा नेपाल आएका थिए । धादिङ्ग घर भएका उनलाई २०७६ चैत्र १२ गते कोरोना संक्रमण देखिएको थियो।[15] चौथो संक्रमित दुबईबाट नयाँदिल्ली हुँदै २०७७ चैत्र ७ गते काठमाण्डौ आएका र त्यसपछि चैत्र ८ गते हवाईजहाजबाट नेपालगञ्ज हुदै हायसमा धनगढी पुगेका धनगढीका ३४ वर्षिय युवामा २०७६ चैत्र १४ गते कोरोना पुष्टि भयो।[16] नेपालमा पाँचौ संक्रमित २०७६ चैत्र ४ गते बेल्जियमबाट कतार हुँदै नेपाल आएकी १९ वर्षकी महिला रहेकी थिइन।[17] २०७६ चैत्र २० गते कोरोना संक्रमण पुष्टि भएका छैंठौ संक्रमित फ्रान्सबाट कतार हुँदै कतार एयरवेजको विमानमा २०७६ चैत्र ४ गते नै नेपाल आएकी बाग्लुङ्गकी ६५ वर्षिय महिला थिइन।[18] सातौं संक्रमित भारतको मुम्बईबाट फर्किएका कैलालीका २१ वर्षीय पुरुष हुन २०७६ चैत्र २२ गते कोरोना पुष्टि भएको थियो । आठौं संक्रमित भारतको उत्तराखण्डबाट फर्किएका कञ्चनपुरका ४१ बर्षिय पुरुष हुन उनलाई पनि २०७६ चैत्र २२ गते नै कोरोना पुष्टि भएको थियो । नवौं सक्रमित धनगढीकी ३४ वर्षिय महिला चौथौ संक्रमितकी आफन्त रहेको र उनलाई नेपाल भित्र कोरोना सरेको बुझिएको थियो

[13] http://annapurnapost.com/news/146393

[14] http://annapurnapost.com/news/१५३५८४

[15] https://www.onlinekhabar.com/२०२०/०३/८४७४८३

[16] https://www.setopati.com/social/२०२५६२

[17] https://gorkhapatraonline.com/mainnews/२०२०-०३-२८-११११७

[18] https://sancharkendra.com/archives/71614

उनलाई पनि २०७६ चैत्र २२ गते नै कोरोना भएको पत्ता लागेको थियो।[19] २०७६ चैत्र ३० गते बीरगञ्जको छपकैयास्थित मस्जिदमा शंकास्पद रुपमा बसिरहेका २१ जना नागरिक मध्ये ३ जना भारतीय नागरिकहरुमा कोरोना पुष्टि भयो यसबाट नेपालमा संक्रमितको संख्या १२ पुग्यो । उनीहरु मुस्लिम धर्मगुरु भएको खुलाइएको थियो । उनीहरु २ जना उत्तर प्रदेशका र एक जना दिल्लीका रहेको जानकारी दिइएको थियो।[20] २०७७ बैसाख १ गते तेह्रौं सक्रमिकतको रुपमा कैलालीको लम्की चुहा नगरपालिकाकी ६५ वर्षिय महिलामा र चौधौं संक्रमितको रुपमा रौतहटमा क्वारेन्टाइनमा बसिरहेका १९ वर्षीय युवकमा कोरोना पुष्टि भयो।[21] २०७७ वैसाख ५ गते एकैदिन विभिन्न स्थानमा १४ जना संक्रमित देखिए सँगै नेपालमा जम्मा ३० जना कोरोना संक्रमित देखिएको थियो।[22]

यसरी छैठौं संक्रमित सम्म तेस्रो मुलुकबाट आएका नेपालीहरु थिए भने सातौं संक्रमित देखि भारतबाट आएका भारतीय र नेपाली नागरिकहरु रहेको पाइन्छ । नेपाल सरकारले नेपालभर लकडाउन घोषणा गरेको करिव २५ दिन सम्म भयावह रुपमा कोरोना भाइरस फैलिएको थिएन । नेपालको कर्णाली र सुदुरपश्चिम प्रदेशमा भारतको विभिन्न स्थानमा मजदुरी गर्ने व्यक्तिहरुको आगमन तथा प्रदेश नं. १, २ र ५ मा भारतीय सीमा जोडिएका स्थानहरुमा केही भारतीय र केही नेपालीहरुको लुकीछिपिको आगमन यसको साथै नेपालको तराई क्षेत्रबाट काठमाण्डौमा लुकीछिपीको आगमन तथा नागरिहरुको असावधानीको कारण नेपाल कोरोना भाइरसको उच्च जोखिममा रह्यो । भारतमा दक्षिण – उत्तर चल्ने यातायातका साधनहरु खोल्ने निर्णय गरे सँगै भारतमा विभिन्न समस्या भोगी रहेका नेपालीहरु भारतको दक्षिणी भागदेखी नेपालको दक्षिणी सीमानामा सहजै आए । उनीहरुलाई विना सावधानी नेपाल प्रवेश गराईयो । स्थानीय तहमा क्वारेन्टाइनमा वस्ने व्यवस्था गर्ने भनिएता पनि स्थानीय तहले एकातिर व्यवस्थित रुपमा क्वरेन्टानइनको व्यवस्था गर्न सकेनन भने अर्को तर्फ स्थानीय तहमा आफ्ना नातेदारहरुलाई क्वारेन्टाइनमा वस्नु नपर्ने र पहुँच नभएकालाई मात्र नाम मात्रको क्वारेन्टाइनमा राखियो । जसबाट समुदायमा सहजैसँग कोरोना भाइरस विस्तार भयो । समुदायमा कोरोना विस्तार भएपछि विभिन्न जिल्लामा निषेधाज्ञा जारी गरियो । निषेधाज्ञा जारी गरेपश्चात पनि मानिसहरुले लुकीछिपी हिडडुल गर्न, बजारमा दैनिक उपभोग्य वस्तु किन्दा भौतिक दुरी कायम नगरी सामानहरु किन्न थाले । बैंकमा नोटहरुको लेनदेनमा सावधानी अपनाइएन । अस्पतालहरुमा उपचारमा खटिएका स्वास्थ्यकर्मीहरुलाई समेत कोरोना संक्रमण भएपछि कोरोना बाहेकका सामान्य रोग लागेका व्यक्तिहरु पनि अस्पताल जान डराउनु पर्ने अवस्था एकातिर आयो भने अन्यत्र कतै नगएका अस्पतालमा उपचारको लागि गएका विरामीहरुमा समेत कोरोना देखियो । साथै कोरोना समुदायमा भित्री सकेपछि पनि नागरिकहरुले आफन्त सँग भेटघाट गर्ने सँगै खानपान गर्ने जस्ता कृयाकलापहरुमा सुधार आएन । त्यैसेले कोराना समुदायमा फैलिई भयावह रुप लिने अवस्था सम्म आइपुग्यो ।

[19] https://www.reportersnepal.com/२०२०/०४/४१४७३७

[20] https://thahakhabar.com/news/९५६३४

[21] https://saptahik.com.np/samachar/२०२०/०४/१३/२०२००४१३१८२११९

[22] https://nepalpatra.com/health/corona/८९५४६/

## कोरोना भाइरस (कोभिड-१९) बाट अर्थतन्त्रलाई उकास्न के गर्ने ?

कोरोना भाइरस (कोभिड-१९) बाट विश्वका प्राय मुलुकहरुको अर्थिक वृद्धि ऋणात्मक हुने अवस्था छ । जुन देशहरु वैदेशिक व्यापारसँग सम्वन्धित छन ती मुलुकहरु बढी प्रभावित छन । यसको साथै विश्वमा पर्यटनबाट प्राप्त हुने आयमा निर्भर भएका मुलुकहरुको अर्थतन्त्रमा बढी असर परेको छ।[23] नेपाल जस्तो विप्रेषणमा आधारित अर्थतन्त्र भएको मुलुकहरुलाई समेत विप्रेषण आउने मुलुकहरुमा समेत कोरोनाको प्रभाव पर्नुको साथै गन्तव्य मुलुकहरुमा थप कामदारहरु जान नसकेको कारणले अर्थतन्त्रमा बढी प्रभाव परेको छ । कोरोना भाइरस (कोभिड-१९) बाट अर्थतन्त्रलाई जोगाउन विगतमा वाह्य मुलुकबाट आयात हुने कृषिजन्य वस्तुहरु जस्तै: तरकारी, फलफुल, खाद्यान्न लगायतका वस्तुहरुको उत्पादनमा जोड दिने । यसबाट विदेशी मुद्रा शोधनान्तरमा पर्ने प्रभावमा सकारात्मक प्रभाव पर्छ भने अर्कोतर्फ यसरी वस्तु उत्पादन गर्दा देश भित्र रोजगारीको सृजना भई वेरोजगारी घटनुको साथै आत्मनिर्भर हुन सकिन्छ । कोरोना भाइरस (कोभिड-१९) को असर अर्थतन्त्रमा न्यून गर्नको लागि देश र परिस्थिति अनुसारको रणनीति तर्जुमा गर्नु आवश्यक छ । विश्वका ठूला ठूला अर्ततन्त्र भएका मुलुकहरुमा सामान्य कृयाकलापहरुबाट अर्थतन्त्रलाई उकास्न नसकिने अवस्था छ । नेपाल जस्तो सम्भावना नै सम्भावनाको खानी भएको देश हुनुको साथै जनसंख्याको लाभांश उपयोग गर्ने मुलुकमा रहेको देश हुनाले कोभिड-१९ को चुनौतीलाई अवसरको रुपमा लिन सकिएमा देशमा दिगो, स्थायी र फराकिलो आर्थिक वृद्धि हुने अवस्था छ । त्यसको लागि वैदेशिक सँग सम्वन्धित सम्भावना लाई मात्र उजागर नगरी जस्तै नेपालमा उत्पादन गरेको विद्युतबाट पेट्रोलियम पदार्थको आयातलाई प्रतिस्थापन गर्न सकिन्छ । कृषि क्षेत्रको उत्पादन र व्यवस्थापनबाट कृषिको आयातलाई प्रतिस्थापन गर्न सकिन्छ । साना-साना ौद्योगिक उत्पादनबाट केही कपडाहरुको आयात समेत रोक्न सकिन्छ । यसरी सामान्य वस्तुको आयात रोक्न सकेको अवस्थामा थोरै मात्रामा विशिष्ट बस्तुहरु आयात गर्नु पर्दा सानो संख्यामा आयात गर्नुको साथै यस्ता बस्तुहरु विलासिताका वस्तुको रुपमा रहेका हुन्छन । यस्ता वस्तुहरुको आयातबाट सरकारले भन्सार र अन्त:शुल्क जस्ता राजस्वहरुबाट सरकारी कोष बलियो बनाउन सकिन्छ । त्यसैले हामीले छोटो समयमा प्रतिफल दिने, अत्यावश्यक, मानिसको दैनिक जीवन यापनसँग बढी सम्वन्धित वस्तुहरुको उत्पादनमा जोड दिई सोको बजारीकरणलाई व्यवस्थित गर्न सकेको अवस्थामा आजको विश्वको महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट अर्थतन्त्रलाई माथि उठाउन सकिन्छ । यसको लागि कुन प्रदेश, कुन स्थानीय तह, कुन वडा र कुल टोल केको लागी उपयुक्त छ यसको निक्यौल गर्नु जरुरी छ । उदाहरणको लागि कुनै ठाउँ धान वा मकै वा कोदो वा स्याउ वा मेवा वा केरा खेतीको लागि उपयुक्त हुन सक्छ त्यो ठाउँको जनसख्या ९० प्रतिशत वसाई सरेर आंशिक वा पूर्ण रुपमा शहरमा गई सकेको अवस्थामा यसलाई उपयुक्त मान्न सकिएन । किनभने त्यहाँ उत्पादन हुन्छ भनेर कसले उत्पादन गर्ने जहाँ उत्पादन गर्ने जनशक्ति नै हुदैन । त्यसै गरी कुनै ठाउँमा धान वा मकै वा कोदो वा स्याउ वा मेवा वा केरा खेती उत्पादन हुने राम्रो जमिन छ त्यो ठाउँमा ६० प्रतिशत जमिनमा घरहरु निर्माण भई सकेका छन बांकी

[23] https://www.onlinekhabar.com/२०२०/०५/८६१३८१

जमिन पनि घडेरीको लागि किनिसकेका छन भने यसलाई पनि उपयुक्त ठाउँ मान्न सकिएन । यसैगरी कुनै काम गर्न जमिन पनि छ मानिसहरु पनि छन तर सीप भएका जनशक्ति भएनन भने यसलाई पनि उपयुक्त मान्न सकिएन । यसैगरी कुनै ठाउँमा मानिसहरु पनि छन खाली जमिन पनि छ उत्पादित वस्तुहरु वजार सम्म पुऱ्याउदा वस्तु नष्ट भई सक्छ वा उत्पादन गरेको मूल्य भन्दा बजार सम्म पुऱ्याएको मूल्य बढी हुन्छ भने यसलाई पनि उपयुक्त मान्न सकिएन । यस्तो अवस्थामा सरकारले बजारसम्म पहुँच बनाउन सक्छ । अगाडिको दुईवटा अवस्थामा सरकारले समेत प्रत्यक्ष सहयोग गर्न सक्दैन । त्यसैले सरकारले समग्र उपयुक्तताको पहिचान गरी नागरिकहरुलाई आत्मनिर्भर मात्र नभई आन्तरिक उपभोगलाई पुग्ने वस्तु देशभित्र उत्पादन गर्ने कार्यमा सहयोग गर्नु पर्दछ । यसको लागि कुन ठाउँमा उत्पादन गर्ने, के उत्पादन गर्ने, कसले उत्पादन गर्ने, उत्पादित वस्तुलाई बजार सम्म कसरी पुऱ्याउने, बजार पुऱ्याउदा त्यसको मूल्य कति हुन्छ, सरकारले के के मा सहयोग गर्नै पर्दछ आदी कुराहरुको समग्र कार्ययोजना सहित वस्तुको उत्पादन विभेदीकरण, स्थान विभेदीकरणको साथै बजार विभेदीकरण गरी उत्पादित वस्तुको बजार सुरक्षित गर्ने व्यवस्था गरेमा कोरोनाबाट देशको अर्थतन्त्रमा परेको प्रभावलाई केही मात्रामा मात्र भएपनि माथि उकास्न सकिन्छ ।

## निष्कर्ष

रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नै नदिनु उत्तम उपाय हो भनिन्छ । नेपालको छिमेकी मुलुक चीनबाट शुरु भएको कोरोना भाइरसको पहिलो विरामी चीनबाट नेपाल आएको व्यक्तिमा देखिएतापनि नेपालमा कोरोनाबाट त्रसित हुनु पर्ने अवस्था छिमेकी मुलुकहरु भन्दा टाढाका मुलुकहरुबाट भयो । छिमेकी मुलुकभन्दा टाढाका मुलुकहरुबाट देखिएको कोरोनाबाट सावधानी अपनाएको कारण भयावह रुप लिन सकेन । नेपालमा कोरोना रोकथामको लागि लकडाउन गरी सके पश्चात भारतबाट लुकीछिपी नेपाल प्रवेश गर्ने नेपालीहरु र नेपालको संक्रमित क्षेत्रबाट अन्यत्र निर्बाध रुपमा आवतजावत गर्ने नेपालीहरुबाट समुदायमा कोरोना भाइरस फैलिन पुग्यो । कोरोनाले मानिसहरुको सामाजिक सद्भाव देखि दैनिक जीवन यापनमा समेत ठूलो प्रभाव पाऱ्यो । मानिसका दैनिक कृयाकलाप देखि व्यापार व्यवसाय सम्म ठप्प भएपछि सरकारी राजस्वमा नकारात्मक असर नपर्ने कुरै भएन । आर्थिक वर्षको शुरुको आठ महिना सम्म कोरोनाको संक्रमण नदेखिएको तथा आर्थिक वर्षको अन्तिम महिनामा कोरोना संक्रमितहरुको संख्या समेत न्यून भएको हुँदा सरकारले बन्दाबन्दीलाई केही खुकुलो पारेकोले समग्र आर्थिक वर्षको राजस्व संकलनमा ठूलो मात्रामा नकारात्मक प्रभाव परेको नदेखिएको भएतापनि दीर्घकालीन रुपमा देशको अर्थतन्त्रमा प्रभाव पर्ने देखिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणको आयमा निकै कमी आउने देखिन्छ। यस परिस्थितिबाट अर्थतन्त्रलाई माथि उठाउन आन्तरिक उत्पादनमा वृद्धि र बजारीकरणको व्यवस्थापनमा जोड दिनु पर्दछ । मानिसको दैनिक जीवन यापन गर्ने वस्तुहरुको उत्पादनमा जोड दिनुको साथै विलासिताका वस्तुहरुको आयातमा नियन्त्रण गर्नु पर्दछ । देशको भौगोलिक विशेषताको आधारमा उत्पादनको उपयुक्तताको विश्लेषण गरेर उत्पादन देखी बजारीकरण सम्मको कार्ययोजना सहितको समग्र व्यवस्थापन गरियो भने कोरानाको असरबाट अर्थतन्त्रलाई माथि उठाउन सकिन्छ । यसले देशको समग्र

अर्थतन्त्रलाई दिगो, फराकिलो र उच्च वृद्धि गर्ने तर्फ उन्मुख गर्दै "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्य प्राप्त गर्न समेत सहयोग गर्दछ ।

**सन्दर्भ सामग्रीहरु**


http://annapurnapost.com/news/146393, retrieved at 2020-08-21

http://annapurnapost.com/news/153584, retrieved at 2020-08-21

https://bizmandu.com/content/20200302112914.html, retrieved at 2020-08-15

https://covid19.mohp.gov.np/, retrieved at 2020-08-15

https://gorkhapatraonline.com/mainnews/2020-03-28-11117, retrieved at 2020-08-21

https://nepalpatra.com/health/corona/89546/, retrieved at 2020-08-22

https://ne.wikipedia.org/wiki/कोरोना_भाइरस, retrieved at 2020-08-17

https://sancharkendra.com/archives/७१६१४, retrieved at 2020-08-21

https://saptahik.com.np/samachar/2020/04/13/20200413182119, retrieved at 2020-08-21

https://www.kalikadainik.com/2020/03/04/10771/, retrieved at 2020-08-18

https://thahakhabar.com/news/95634, retrieved at 2020-08-21

https://www.onlinekhabar.com/2020/03/845980, retrieved at 2020-08-18

https://www.onlinekhabar.com/2020/03/847483, retrieved at 2020-08-21

https://www.onlinekhabar.com/2020/05/861381, retrieved at 2020-08-30

https://www.reportersnepal.com/2020/04/414737, retrieved at 2020-08-21

https://www.safalkhabar.com/news/४४५०३, retrieved at 2020-08-15

https://www.sbs.com.au/language/nepali/audio/175-nepalis-evacuated-from-wuhan-and-fire-at-kathmandu-s-international-airport-last-7-days-in-nepal, retrieved at 2020-08-18

https://www.setopati.com/social/202562, retrieved at 2020-08-21

https://www.unicef.org/nepal/ne, retrieved at 2020-08-14

https://www.worldometers.info/coronavirus/, retrieved at 2020-08-15

खड्का, डा. रुप, कोभिड – १९ र त्यसपछिको राजस्व प्रशासन, अनलाइन खबर, २०७७ असार ६ गते, retrieved from https://www.onlinekhabar.com/2020/06/874878 at 2020-08-15

नयाँ पत्रिका (२०७६।१२।४), अर्थतन्त्रमा कोरोना प्रभाव: जोखिम न्यूनिकरणभन्दा सहुलियत माग्न उद्यत निजी क्षेत्र, सामाजिक उत्तरदायित्वप्रति मौन, retrieved from https://www.nayapatrikadaily.com/news-details/38868/2020-03-17 at 2020-8-17

मोर्गन, केट (२०२०), कोरोना भाइरस लकडाउन: कोभिड-१९ को कारण उत्पन्न व्याकुलताको मानसिक स्वास्थ्यमा प्रभाव, retrieved from https://www.bbc.com/nepali/news-53215571 at 2020-08-16

हान्सेन, टेरी, कोरोना भाइरस: कोभिड-१९ ले आदिवासी समुदायलाई कसरी निमिट्यान्न पार्न सक्छ, retrieved from https://www.bbc.com/nepali/news-53759922 at 2020-08-16

# कोभिड-१९, कृषि प्रणाली र खाद्य अधिकार

डा. भेषराज अधिकारी

## पृष्ठभूमि

वैश्विक कोभिड-१९ को महामारीले मानव जातिलाई विभिन्न किसिमले दुःख र पीडा दिएको नौ महिना बितिसकेको छ । धर्तीमा अभूतपूर्वरूपमा स्वास्थ्य तथा पोषण एवं कृषि प्रणालीमा प्रतिकूलता थोपरेको यस प्राणघातक सरुवा रोगले अझै कति हैरानी र तनाव दिने हो भविष्यवाणी गर्न कठिन बन्दै गएको छ । मानव जीवनचक्र र जीविकासँग गहिरो सम्बन्ध भएको खाद्य तथा कृषि प्रणालीमा महामारीले पारेको असरले विश्व खाद्य बजार प्रणाली कमजोर हुँदा मानिसहरू भोकै बस्नु पर्ने, कुपोषित हुनु पर्ने र मृत्युको समेत शिकार बन्नु पर्ने दयनीय अवस्था छ । यस महामारीलाई फैलन बाट रोक्न भएका प्रयासहरुबाट जनताको खाद्यान्नमा पहुँच, साना खाद्य उत्पादकहरु, कृषि श्रमिकहरु, अनौपचारिक क्षेत्रका कामदार र प्रवासी श्रमिकहरुको जीविकामा असर पुऱ्याएको छ ।[1]यदि कोरोना महामारी यही ढंगले फैलने र अनियन्त्रित हुने हो भने कृषि क्षेत्रमा थप प्रतिकूलता थपिनेछ र 'विश्वव्यापी खाद्य संकट' आउन सक्ने संभावनालाई इन्कार गर्न सकिँदैन । हाल केही समयका लागि विश्वमा खाद्यान्न संचिती छ, जसले गर्दा मानिसले जीवन गुजारा गर्न सक्छ । तर लामो र अनिश्चितकालिन विश्वव्यापी बन्दाबन्दी हुँदै जाँदा बाली भित्र्याउन र नयाँ बाली लगाउन समस्या पर्ने र खाद्यान्न उत्पादनमा ठूलो ह्रास आउने निश्चित छ । यसबाट अनिकाल र भोकमरी बढ्ने अवस्था हुन्छ । खाद्यान्नका लागि विभिन्न देशहरू र समुदायहरूबीच द्वन्द्वसमेत बढ्ने त्रास उत्पन्न हुँदैछ । खाद्यान्न र खानेपानीका लागि लुटपाट समेत हुन सक्छ । यस प्रकारका हिंसा र संघर्षले मानव सुरक्षा र अन्ततः बीउ बिजनको सुरक्षामथि पनि चुनौती थोपरिनेछ ।

## खाद्य प्रणालीको महत्व

वर्तमान विश्वमा कृषि तथा खाद्य प्रणाली नै एउटा यस्तो क्षेत्र हो जसले खाद्यान्न आपूर्ति गरिरहेको छ र मानव जातिलाई रक्षा गरिरहेको छ । मानव विकासको प्रारम्भिक कालमा जीवनरक्षा गरेको भएपनि अहिलेको जनसंख्यालाई प्रकृति प्रदत्त खाद्यान्नले मात्र नधान्ने भएकाले र सन्तुलित भोजनले स्वस्थ्य एवं सबल जनशक्ति बनाउन सक्ने विषयमा अध्ययन अनुसन्धानको निष्कर्ष आएको तथा सो अनुकूल कृषि तथा खाद्य प्रणाली विकसित गर्ने प्रयास भइरहेकाले नै धर्तीमा कृषि तथा खाद्य प्रणालीलाई वैज्ञानिक र

[1] ActionAid, Right to Food, Farmers' Rights & Covid-19: Policy Priorities and a Call to Action, May 2020

व्यावसायिक बनाउँदै लैजानु परेको हो । अब यस जीवनदायी प्रणालीमा बिघ्न र विचलन आउनासाथ समाजले खाद्यान्न हासिल गर्न सक्दैन अनि मानव जीवन संकटमा पर्दछ ।

खाना र भोको पेटबीचको सम्बन्ध कस्तो हुन्छ भन्ने कुरा 'भोकाएकोले डाँडावारी खाउँ भन्छ, अघाएकोले डाँडापारी खाउँ भन्छ' भन्ने नेपाली उखानबाट पनि चरितार्थ हुन्छ । जब मानिस भोकाउँछ र तिर्खाउँछ अनि खानाको कल्पना गर्दछ तब उसको ध्याउन्न भनेको कतिखेर खान पाइन्छ भन्ने मात्र हुन्छ । उसले अरु केही पनि सोच्न सक्दैन, गर्न सक्दै र खानेकुराको मात्र चाहना गरिरहन्छ । यो एउटा प्राकृतिक क्षुधा हो । त्यसैले भनिन्छ भोक एउटा शारीरिक क्रिया मात्र होइन बरु यो त दारुण मानसिक अवस्थाको विषय पनि हो ।

भौगोलिक विविधताका कारणले खाद्यान्न उत्पादनका लागि सबै मुलुक उत्तिकै उर्वर र सक्षम छैनन् । कतिपय त मुरुभूमिका देश छन् जसले आफू अन्न, सागपात र फलफूल केही पनि उत्पादन गर्ने क्षमता राख्दैनन् । अनुसन्धान, रहर र प्रयोगका लागि ठूलो धनराशी खर्चेर हरियाली बढाउने र केही उब्जाउ गर्ने गरेका दृष्टान्तहरू भने छन् । तर अहिले नै त्यसबाट ती मुलुकहरू कृषि उपजमा आत्मनिर्भर हुन सक्ने अवस्था भने छैन । यस्तो परिवेशमा आफूले उपभोग गरेर खाद्यान्न बचत भएका देशले खाद्यान्न अपुग भएका अरु देशलाई खाद्यान्न विक्री गर्ने र कुनै बेला त खाद्यान्न सहयोग गर्ने परम्परा पनि रहँदै आएको छ।

पहिल्यैदेखि कृषि प्रणाली कमजोर भएका मुलुकहरूको खाद्य सुरक्षा प्रणाली कोरोना महामारीको कारणले थप तहस नहस हुने अवस्था उत्पन्न हुँदैछ । आर्थिक रुपमा विकसित र औद्योगिक मुलुकहरूमा खाद्य उद्योग तथा खाद्य प्रशोधन पक्रिया घनिभूत रूपमा हुने र महामारीले श्रमिकहरू त्यस प्रक्रियामा संलग्न हुन नपाउँदा खाद्यान्न उत्पादन, संरक्षण तथा वितरणमा समेत प्रतिकूल अवस्था सिर्जना भइरहेको छ । खाद्य पर्यटन सबल बनेका र घर बाहिर खाना सेवन गर्ने संस्कृति भएका स्थान र देशहरूमा बन्दाबन्दी हुँदा होटल तथा रेष्टुरेण्ट संचालनमा नआउँदा मानिसलाई खानका निम्ति अप्ठ्यारो परिरहेको छ ।

त्यसो त विश्वमा कुल उत्पादन हुने गरेको खाद्यान्नले धर्तीका सबै मानिसलाई खान पुग्दछ भन्ने तथ्यांकले बताउँछ । अतिरिक्त खाद्यान्नको सही व्यवस्थापन हुन नसक्दा सड्ने, गल्ने वा कुहेर जाने साथै ऊर्जा उत्पादनमा प्रयोग गर्ने, बढि खाने र खानेकुरा फाल्ने गलत चलनले गर्दा पनि खाद्यान्न अभाव हुने गरेको छ । अर्कोतर्फ वितरण प्रणाली प्रभावकारी र न्यायपूर्ण हुन नसक्दा पनि खाद्य असुरक्षा हुन पुग्दछ । साथै खाद्य पदार्थ आवश्यक पर्नेसँग खरीद गर्ने क्षमता नहुँदा त्यो व्यक्ति वा परिवार भोकै बस्नु पर्ने अवस्था उत्पन्न भएको छ ।

### कृषि कर्ममा प्रतिकूलता

कृषि प्रणालीका विविध कार्यमा महामारीले बाधा खडा गरिरहेको छ । कोरोनाबाट बच्न सामाजिक दुरी कायम गर्नुपर्ने भएकाले खेत तथा बारीमा खनजोत गर्न, मल बनाउन, बीउ उत्पादन गर्न, बाली लगाउन र बाली थन्क्याउन नै समस्या उत्पन्न भएको छ । कृषि कर्ममा संलग्नहरू विषादीको सम्पर्कमा आउने र त्यसबाट रोग प्रतिरोध क्षमता कमजोर बनेर कोरोनाको थप जोखिम मोल्नु पर्ने अवस्था समेत छ ।

उत्पादित बालीका आधारमा खाद्य उद्योग सञ्चालन गर्न नै नसक्ने अवस्था छ भने विश्वको अन्न भण्डार पनि क्रमशः घटिरहेको छ । आर्थिक र औद्योगिकरूपले सम्पन्न मुलुकहरूमा उद्योगधन्दा सुचारु हुन नसकेका कारण रोजगारी गुम्दा विप्रेषण घटेको, बेरोजगारी बढ्दै गएको, आम्दानीको स्रोत घटेको, स्वास्थ्यमा लगानी बढेको जस्ता कारणले खाद्यान्न किन्ने क्रय शक्तिमा ह्रास आएको छ । महामारीले खाद्य प्रणाली कमजोर भएको बेला पर्याप्त र गुण्स्तरीय खाना नै खान नपाउने अवस्था उत्पन्न हुनु भनेको दुःखको विषय हो । संकटको बेलामा खाद्य सुरक्षा कायम गर्न उदारतापूर्वक खाद्य सामग्री साटासाट गर्न, खाद्यान्न नभएका र नपुगेका ठाउँमा पुऱ्याउन विभिन्न देशहरूबीच नै सहकार्य गर्न एवं व्यक्ति र परिवार समेत उदार भावका साथ त्यस दिशामा अग्रसर हुन आवश्यक छ ।

कोरोना रोकथाम, नियन्त्रण र उपचार प्रभावकारी नहुने हो भने विश्व खाद्य प्रणालीले थप चुनौतीको सामना गर्नुपर्नेछ । भोकको चपेटामा परेको मानवजातिले शारीरिक एवं मानसिक ऊर्जा सिर्जना गर्न सक्दैन भने आपसी हिंसा र द्वन्द्वको दुष्चक्रमा समेत फस्ने संभावना हुन्छ । कोरोनाबाट बच्न स्वास्थ्यसम्बन्धी नियमको पालना गरी सामाजिक दूरी कायम गर्दै सावधानीपूर्वक खाद्यान्न उत्पादन तथा सार्वजनिक वितरण प्रणालीलाई चुस्त दुरुस्त राख्नुको विकल्प छैन । यसका लागि अन्तर्राष्ट्रिय मानव अधिकारवादी संगठन तथा परोपकारी संस्था, राज्य र सरकार संरक्षित सार्वजनिक निकायहरू, सहकारी, सामुदायिक तथा निजी क्षेत्र सबैको समन्वयकारी र प्रभावकारी भूमिका अपरिहार्य छ ।

राज्यले न्यून आय भएका, बृद्धबृद्धा, महिला, बालबालिका, फरक क्षमता भएका र प्राकृतिक विपत्ति पीडित नागरिकहरूलाई भोकमरी तथा कुपोषणबाट बचाउन सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सुदृढ तुल्याउँदै निरन्तरता दिनु पर्दछ । यसैगरी बन्दाबन्दीले घर बाहिर निस्कन नसकेर खाद्यान्न किन्न नसक्नेका लागि घरघरमै खाद्यान्न पुऱ्याउने मानव केन्द्रित सार्वजनिक वितरण प्रणालीलाई सुदृढ तुल्याउनु पर्दछ । दिगो कृषि तथा खाद्य प्रणालीको लागि सम्पूर्ण मुलुकहरूले समन्वयात्मक रूपमा अगाडि बढ्नु पर्दछ ।

नेपालको जलवायुमा रहेको विविधता, मिहिनेती कृषक र उर्वर भूमिका कारणले यसको सदुपयोग हुनसक्दा धेरै किसिमका खाद्यान्न, नगदे वाली, मासु तथा मत्स्य उत्पादन, दुग्ध पदार्थ तथा फलफूल प्रचुर मात्रामा हुने भएकाले स्वदेशी उत्पादनबाटै खाद्य सुरक्षा सुदृढ तुल्याउँदै कुपोषणबाट जोगाउन सकिन्छ । जडिबूटीलाई मसला र तरकारीको रूपमा प्रयोग गर्ने यहाँको चलन र कतिपय स्थानमा त प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा समेत जडिबूटीनै पनि खान पाएका पशुपंक्षी, विभिन्न जलचर तथा थलचरका कारणले पौष्टिक खाद्य पदार्थका लागि त्यति ठूलो अभाव पनि यहाँ हुँदैन । प्रकृति सिर्जित खाद्य सम्पदाको अमूल्य उपहारलाई सदुपयोग गर्नसके हृष्टपुष्ट र स्वस्थ नागरिक बनाउन यस मुलुकलाई सजिलै सफलता मिल्न सक्दछ । कोरोना महामारीले आक्रान्त तुल्याइरहँदा समेत जसोतसो खाद्यान्नको जोहो गरेर दैनिक ज्यालादारीमा भर पर्नेहरूलाई समेत छाक टार्ने अवस्था उत्पन्न हुनु भनेको यहाँको कृषि प्रणालीको सकारात्मक पक्ष हो ।

## भूमि बैङ्क र खाद्य प्रणाली

नेपाल सरकारले २०७७/७८ को बजेट वक्तव्य मार्फत भूमि बैङ्क स्थापना र सञ्चालन गर्ने नीति अघि सारेपछि यस विषयमा सार्वजनिक छलफल भइरहेको छ। यहाँ भूमि बैङ्क खडा गर्ने दृष्टिकोण केही वर्ष पहिले आएपनि अहिले यस विषयले ठोस आकार ग्रहण गर्दै गएको महसुस भएको छ । मुलुकमा लामो समयदेखि कृषि क्षेत्र उपेक्षित बनिरहेको परिप्रेक्ष्यमा चुनौतिका बीच कृषि विकासका लागि प्राप्त यस अवसरलाई चुक्न नदिई आर्थिक समृद्धि हासिल गर्ने राष्ट्रिय संकल्प साकार तुल्याउने अभियानमा त्यसको सदुपयोग गर्नु पर्दछ।

महामारीले मानिसको जीवनशैली र व्यवहारमा व्यापक परिवर्तन ल्याएको छ भने विश्वको अर्थतन्त्रलाई ठूलो धक्का पुऱ्याएको छ। यस संक्रामक रोगले कृषि, उद्योग, व्यापार, पर्यटन, स्वास्थ्य, शिक्षा, संस्कृति र जीविका सम्बद्ध सम्पूर्ण आयामहरूमा असहजतासहित प्रतिकूल प्रभाव पारिरहेको छ। रोजगारीका लागि विदेशीएका नेपालीहरू स्वदेश फर्किरहेका छन्। भविष्यमा विदेशमा रोगगारी गुमाएर ठूलो संख्यामा नेपालीहरू फर्किने अवस्थाको आँकलन गरिँदैछ। स्वदेश फर्केका सबैको आर्थिक अवस्था एउटै स्तरको छैन। कतिपय खेतीयोग्य जमीन भएका र जीविकाको स्रोत भएका छन्। कतिपय भूमिहीन र अर्थोपार्जनको साधन स्रोत नभएका पनि छन्। कतिपय रित्तो हात फर्केका छन्। कतिपयसँग केही नगद पनि रहेको होला। जस्तो अवस्थामा फर्केका नेपाली भएपनि यो सबल जनशक्तिलाई सिर्जनात्मकरूपमा कृषि कर्ममा लगाउनका लागि सरकारले भूमि बैङ्क स्थापना गर्ने नीति अख्तियार गरेको छ। महामारीका कारण ग्रामीणमुखी हुन थालेको जनजीवन र वैदेशिक रोजगारीबाट युवाहरू फर्कने अवस्थालाई अवसरको रूपमा लिई कृषि कार्य गर्न चाहनेको भूमिमा पहुँच सुनिश्चित गर्न भूमि बैङ्कको स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाइने भनिएको छ । यसबाट कृषि सम्बन्धी लगानी, ज्ञान र सीप बृद्धि हुने तथा उत्पादन एवं उत्पादकत्व बढेर मुलुकको खाद्य सुरक्षा प्रवर्द्धनमा समेत मद्धत पुग्दछ । यसैगरी आर्थिक क्रियाकलापमा सहभागी बन्ने र व्यावसायिकता अभिबृद्धि हुने विश्वास गर्न सकिन्छ। साथै अब उपरान्त बाध्यात्मक रूपमा बाहेक रोजगारीका लागि विदेश पलायन हुने प्रवृत्तिलाई केहि हदसम्म भएपनि निरुत्साहित गर्ने अपेक्षा गर्न सकिन्छ।

मुलुकमा कृषि पेशालाई सम्मानित र प्रतिष्ठित बनाउन नसकेका कारणले नै कृषिक्षेत्रको उन्नति हुन नसकेको हो । कृषि कर्म मर्यादित र जीवनदायी हो भन्ने कुरा यस महामारीले मानवजातिलाई फेरि एकपटक सन्देश दिएको छ। मानिसहरूले बन्दाबन्दीमा घरमै बसेर करेशाबारी र कौशीमा फलफूल तथा सागशब्जी खेती गरेको देखिएको छ। कृषि उपज नभई मानिस बाँच्न सक्दैन भने कसरी कृषि कर्म हेलाको विषय हुनसक्छ ? के गाउँ, के शहर जो जहाँ रहने र बस्ने भएपनि तिनको जीवन बचाउँने खाना उत्पादन गर्ने किसान कसरी हेलाको पात्र हुनसक्छ ? विदेशमा गरिएको कृषि कर्म सम्मानित हुने तर स्वदेशमा त्यहि कार्य निम्न स्तरको हुनै सक्दैन । विदेशमा बगाएको पसिना तथा त्यहाँ समर्पित सीप र कौशल स्वदेशका लागि दिगो र भरपर्दो नहुन पनि सक्छ । त्यत्तिकै मिहिनेत र परिश्रम स्वदेशमा गर्दा केही समय दुःख त होला तर पराई देशमा गरेको श्रमजति र त्यो भन्दा पनि बढि प्रतिफल भविष्यमा सजिलै यहाँ पनि पाउन सकिन्छ । स्वदेशमा गरिएको श्रमले भाबि पुस्तासहित कृषिको आधुनिकीकरण र व्यावसायीकरणमा मद्दत

पुग्दछ र मुलुक आत्मनिर्भर एवं स्वावलम्बी बन्न सहयोग मिल्दछ । वास्तवमा कृषिको व्यापक आधुनिकीकरण र व्यावसायीकरण गर्ने हो भने कृषिमा संलग्नको जनसंख्या घट्छ र घटाउनु पनि पर्छ । अनि क्रमशः कृषिमा आधारित उद्योग, अन्य उद्योग, सेवाका क्षेत्रहरूमा जनसंख्यालाई विस्थापन गर्नै पर्दछ । यसबाट व्यापार घाटा न्यून हुँदै जान्छ र आयात प्रतिस्थापनमा मद्दत पुग्दछ । साथै औद्योगीकरण प्रक्रियाले राष्ट्रिय पूँजीको विकास भई राष्ट्रको साझा संकल्प बनेको समाजवादउन्मूख अर्थव्यवस्था सुदृढीकरणमा योगदान पुग्दछ ।

निर्वाहमुखी कृषिलाई परिवर्तन गरेर राष्ट्रिय खाद्य संचितीमा योगदान गर्न सक्ने, कृषि उपजको आयातालाई प्रतिस्थापन गर्ने र निर्यात प्रवर्द्धनमा मद्दत पुऱ्याउने स्तरमा विकास गर्ने हो भने कृषिमा यान्त्रीकरण अपरिहार्य छ । यसका लागि कृषकलाई सूचना प्रविधिमा सक्षम बनाउने, कृषि उपज बजारीकणलाई सुदृढ तुल्याउने, कृषि बीमालाई विस्तारित एवं प्रभाकारी पार्ने, कृषि उद्योगलाई तीब्रता दिने, तुलनात्मक लाभको कृषि उपजको प्रवर्द्धन गर्नेजस्ता कुरामा ध्यान पुऱ्याउनु पर्दछ ।

कृषि कर्मलाई प्रतिष्ठित तुल्याउन किसान, कृषि उपज व्यापारी र कृषि बजार चुस्त दुरुस्त बनाउनु आवश्यक छ । नेपाली कृषि बजारको मौलिकता कायम गर्दै सफा सुग्घर, व्यवस्थित र आकर्षक तुल्याउनु पर्दछ । हाम्रो देशका अधिकांश कृषि बजार हेर्ने हो भने प्रायः फुङ्ग उडेका, भुइँमै कृषि उपज छरिएका, बजार वरिपरिको सरसफाई नभएका देखिन्छन् । कृषि उपज पसल र कृषि बजारमा देखिने यस्तो अस्तव्यस्तता आर्थिक तथा भौतिक पूर्वाधारको कमीले नै हो भन्न सकिने अवस्था भने छैन । यसमा हाम्रो परम्परागत मानसिकता, योजनाबिहीनता र कामचलाउ प्रवृत्तिले गर्दा हुन गएको हो । थोरै मात्र ध्यान दिने हो भने धेरै कृषि उपज व्यापारिक स्थलहरूलाई आधुनिक र आकर्षक बनाउन सकिन्छ । क्रमशः स्वयं कृषक र व्यापारीहरू पनि आधुनिक सूचना प्रविधिको प्रयोगमा लागेको देखिएकोले विदेशका कृषि बजारको अवस्था कस्तो छ भनेर सजिलै जानकारी लिन सक्ने अवस्था छ । फेसबुक, युटुबजस्ता सामाजिक सञ्जालबाट विदेशका फलफूल र तरकारी पसलहरूको साजसज्जा र गतिविधिहरूबारे जानकारी हासिल गर्न सकिन्छ ।

**बीउ संरक्षण तथा सम्बर्द्धन**

नेपालमा धेरै नै प्रचलित 'हुलमुलमा जीउ जोगाउनु, अनिकालमा बीउ जोगाउनु' भन्ने उखानलाई विश्वव्यापी कोरोना महामारीले फैलाएको तनाव र सन्त्रासको परिवेशमा पुनः स्मरण गर्दै त्यस उखानको सन्देशलाई व्यवहारमा यथाशीघ्र उतार्नुपर्ने भएको छ । यस्तै आशयको 'बीउ र जीउ राखे काम लाग्छ' भन्ने भनाई पनि समाजमा पाइन्छ । यस प्रसंगमा एउटा लात्भियन उखानको 'तिमी जति खान्छौ त्यसमा केही छैन, रोप्नका लागि बीउहरूको संरक्षण गर' भन्ने भावलाई यहाँ मनन गर्नु पनि उपयुक्त नै हुन्छ । सभ्यता निर्माण र विकासका लागि जीउ अर्थात् शरीर वा जीवन र बीउ अर्थात् खाद्यान्न वा खाद्यबाली दुबैको उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ । मानव जीवनको अनुपस्थितिमा पनि बीउ त रहन सक्छ तर जैविक विविधता र बीउको अभावमा मानिसको अस्तित्व समाप्त हुन्छ । सभ्य, शान्त र समृद्ध समाजका लागि जीउ र बिउ दुबै अपरिहार्य छन् । यसैबाट धर्तीको समृद्ध कृषि परम्परा भाबी पुस्तामा हस्तान्तरण गर्न सकिन्छ । तर भूमण्डलीकरण प्रक्रिया तीब्र हुँदा बीउ संरक्षणको स्थानीय सीप तथा संस्कृति अतिक्रमित हुँदै गएको छ

। विकसित देशमा भएको कृषिको आधुनिकीकरण एवं व्यापारीकरणले बीउको उत्पादन तथा पहुँचमा हुने र नहुने बीचको खाडल सिर्जना गरिरहेको छ ।

वातावरण विनासका कारण उत्पन्न भएको जलवायु परिवर्तनले लाखौं वर्षदेखि विश्वमा अस्तित्वमा रहेका विभिन्न प्रजातिका बीउहरू लुप्त हुँदैछन् । नर्वेले सुरु गरेको स्भालभार ग्लोबल सीड भोल्ट (Svalbard Global Seed Vault) विश्वभर रहेका बीउ संरक्षण गर्न उद्यत एउटा महत्वपूर्ण अभियान हो । नर्वेको मुख्य भूमि र उत्तरी ध्रुवको मध्यभागमा अवस्थित टापुको सुरुङ्गभित्र बीउ भण्डारण स्थान रहेको छ । समुद्री सतहभन्दा माथि रहेकाले बाढिबाट पनि यसलाई सुरक्षित गर्न सकिन्छ । यो विश्वको सबैभन्दा ठूलो बीउ भण्डारण केन्द्र हो । यहाँ विश्वका दशौंलाख किसिमका बीउहरू संग्रहित गरिएको छ । यसमा साढे चालिस लाख बढि बीउ अटाउन सक्ने क्षमता छ । धान, गहुँ, जौ, मकै, कोदोजस्ता अन्न बालीका विभिन्न प्रजातिको संरक्षण गरिसकिएको छ । यस अत्याधुनिक भण्डारमा ठूलो परिमाणमा विभिन्न प्रजातिका अमूल्य बीउ बिजन जम्मा गरिनु प्रशंसनीय कार्य हो । संसारमा आइपर्ने प्राकृतिक विपत्ति, महामारी, युद्ध आदिले बीउ सदाका लागि विनास नहोस् भनेर यो बीउ संरक्षण प्रणाली स्थापना गरिएको हो ।[2] अनिकालमा बीउ जोगाउनु भन्ने उखानको सन्देशलाई यस केन्द्रले पनि आत्मसात गरेको महसुस गर्न सकिन्छ । यो पद्धतिले बीउ संरक्षणका लागि अद्वितीय योगदान गर्ने विश्वास वैज्ञानिकहरूले गरेका छन् । महामारीले मानव र बीउ बिजन दुबैको सुरक्षा गर्नुपर्ने आवश्यकता बोध गराएको छ ।

## सार्वजनिक वितरण प्रणाली

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनिओ गुटेरसले दोस्रो विश्वयुद्धपछिको सबैभन्दा ठूलो चुनौतीको रूपमा यस महामारीलाई बताउँदै यो डढेलो झैँ फैलिइरहेको कुरा सार्वजनिक गरेबाट यो संकटको आयतनबारे सबै नै स्पष्ट हुन सकिन्छ । विश्वमा ठूलो आर्थिक मन्दी हुने र विभिन्न देशको अर्थतन्त्रमा संकट आउनसक्ने आँकलन अर्थशास्त्रीहरूले गरिसकेका छन् । मूल्य बृद्धि हुँदा नागरिकको खाद्य अधिकार हनन् भइरहेको छ । महामारी फैलन नदिन अपनाइएका उपायहरुका कारणले धेरै देशहरुले विभिन्न स्तरमा खाद्यान्नको मूल्य बृद्धिको अनुभव गरिरहेका छन् ।[3]विश्वमा सामान्यतया समाजमा गरिबी घटाउने र विस्तारै हटाउने तथा प्राकृतिक विपत्ति र महामारीमा नागरिकलाई राहत दिने उद्देश्यले राज्यद्वारा सार्वजनिक वितरण प्रणाली लागू गर्ने प्रचलन छ । नेपालमा खाद्यान्न सहयोग गर्ने परिपाटी ऐतिहासिक कालदेखि नै रहेको छ । घरधुरीले स्वेच्छाले धर्म भकारीमा खाद्यान्न जम्मा गर्ने र संकट परेका बेला वितरण गर्ने प्रचलन यहाँ रहेको थियो ।

वि.सं. २०२२ सालमा खाद्यान्न व्यवस्थापन र सार्वजनिक वितरण प्रणालीलाई सहज बनाउन नेपाल खाद्य संस्थानको स्थापना भयो । यस संस्थाले सुरुमा तराईबाट खाद्यान्न ल्याएर काठमाडौं उपत्यकामा रहने प्रहरी र सेनालाई खाद्यान्न वितरण गरेको इतिहास छ । पछि यसको कार्यक्षेत्र विस्तारित भयो र

[2] https://www.seedvault.no/
[3] https://www.worldbank.org/en/topic/agriculture/brief/food-security-and-covid-19

देशैभरी आफ्ना शाखाहरू स्थापना गरेर आवश्यक परेका ठाउँमा खाद्यान्न वितरण गर्न सुरु गरियो । वास्तवमा खाद्य प्रणाली प्रभावकारीरूपमा सञ्चालन गर्न एवं खाद्यान्नको मूल्य बढ्न नदिन सरकारी खरिद र सार्वजनिक वितरण प्रणाली महत्वपूर्ण र व्यावहारिक कदम हुनसक्छ ।[4] नेपालमा निजीकरण प्रक्रियाले गति लिएसँगै यहाँको सार्वजनिक वितरण प्रणाली पनि कमजोर बनेको हो । यस प्रणालीमा सामान्यतया चामल, गहुँ, दाल, नून, चिनी, मट्टितेल, ग्याँस आदि सुपथ मूल्यमा उपलब्ध गराइन्छ । न्यून आय भएका र खाद्यान्न जोहो गर्न नसक्ने नागरिकका लागि ठाउँठाउँमा सुपथ मूल्य पसल स्थापना गरेर पनि यस्तो सेवा प्रदान गरिन्छ । लोककल्याणकारी राज्यले नागरिकको भलाईका लागि उच्च ध्यान दिएको हुन्छ र तदनुसार सार्वजनिक वितरण प्रणालीलाई संवेदनशील र प्रभावकारी तुल्याएको पाइन्छ । रोग फैलन नदिन मानिसको आवातजावतलाई निवासमै सीमित गर्नुपर्ने अन्तर्राष्ट्रिय अनुभवलाई आत्मसात गर्दै यो बाध्यात्मक अवस्था आइपरेको कुरा सबैले हेक्का राखेकै विषय हो । यस्तो बेलामा आपूर्ति प्रणाली कमजोर हुनुपनि स्वाभाविक ठानिन्छ ।

### खाद्य अधिकारको प्रत्याभूति

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ नेपालको संविधान बमोजिम नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न र त्यसको लागि उपयुक्त संयत्र निर्माण गर्न तथा खाद्यमा नागरिकको पहुँच सुनिश्चित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न जारी भएको हो । प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भन्ने प्रावधानलाई मूर्तरूप दिन उक्त ऐन आएको हो ।[5]विश्वमा यस प्रकारको ऐन निकै थोरै मुलुकमा मात्र जारी भएका छन् । यो ऐनले नेपालमा कृषि प्रणाली सुदृढ तुल्याउन, खाद्य अधिकार कार्यान्वयन गर्न र भोकमरी अन्त्य गर्न दूरगामी प्रभाव पार्ने निश्चित छ । भोकमारीको रोकथाम र नियन्त्रण, लक्षित परिवारको पहिचान, खाद्य सहायता परिचयपत्र, निःशुल्क तथा सहुलियत मुल्यमा खाद्य सहायता उपलब्ध गराउने, आपतकालिन खाद्य तथा पोषण सुरक्षा, महामारी लगायतमा खाद्य संकटग्रस्त क्षेत्र घोषणा गर्न सक्नेजस्ता यस ऐनका प्रावधानले न्यून आय भएका वा अरुको आश्रय चाहिने नागरिकको खाद्य अधिकारको सुनिश्चित गरेको छ ।[6]यस भावनालाई संघीय तथा प्रदेश सरकार र स्थानीय तहले आत्मसात गर्दै यसको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ । विज्ञान प्रविधिमा उच्चस्तरको विकास गरेका, शिक्षाको उन्नयनमा फड्को मारेका, व्यवस्थापन प्रणाली सुदृढ तुल्याएका, सु-शासनका क्षेत्रमा ठूलो उपलब्धी हासिल गरेको ठानिएका मुलुकहरूलाई समेत वस्तु तथा सेवा प्रवाहमा कोरोना महामारीले तबाह तबाह पारेको वर्तमान परिवेशलाई मध्यनजर गर्दै हाम्रोजस्तो विकासशील मुलुकले सार्वजनिक वितरण प्रणालीलाई कसरी मौलिकरूपमा प्रभावकारी तुल्याउन सक्छ त्यसबारेमा ध्यान दिनु पर्दछ । वितरण प्रणालीलाई व्यवस्थित पार्न लाभग्राहीको पहिचान तथा लगत, चिज वस्तुको अवस्था र वितरण केन्द्र वा यातायात प्रणाली चुस्त हुनुपर्ने

[4] United Nations, Policy Brief: The Impact of COVID-19 on Food Security and Nutrition, June 2020
[5] नेपालको संविधान धारा ३६
[6] खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५

कुरालाई आत्मसात गर्दै आधुनिक सूचना प्रणालीको उपयोग गर्नुपर्दछ । अहिले त ई-शासनको समेत व्यवस्था गर्न सकिने भएकाले यस विषयमा सम्बद्ध पक्षको ध्यान जानु पर्दछ ।

नेपालको संविधानले न्याय र समानतामा आधारित वितरण प्रणाली र लोककल्याणरी राज्यको मान्यतालाई अंगिकार गर्दै समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्ने दृष्टिकोण अगाडि सारेको छ । यसैगरी निजी, सार्वजनिक, सामुदायिक र सहकारीका आर्थिक आयामलाई अर्थतन्त्रको आधारको रूपमा स्वीकार गरेको छ । त्यसकारण राज्य आमजनताको भलाई हुने कामबाट पन्छिन मिल्दैन र नेपाल सरकार त्यसमा दत्तचित्त नै देखिन्छ । राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गतको प्रावधानमा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने भन्ने धारणा आत्मसात गरिएकाले राज्यको तर्फबाट वितरण प्रणाली प्रभावकारी तुल्याउँदै जानु पर्ने हुन्छ । देशमा अत्यावश्यक वस्तु तथा सेवामा सहज पहुँच नपुगेका, न्यून आय भएका विपन्न तथा दूर्गम क्षेत्रका उपभोक्ताको सुविधा र राहतको लागि एकीकृत आपूर्ति प्रणालीको विकास गर्ने आपूर्ति नीतिको उद्देश्य रहेको छ । संविधानको यसै प्रावधालाई गहिरोसँग आत्मसात गर्दै सर्वोच्च अदालतले २०७६ साल चैत्र १७ गते 'लकडाउन'का बेला श्रमजीवि, मजदूर र विपन्नलाई खाद्यान्न पुऱ्याउन सरकारका नाममा आदेश जारी गरेको छ । अदालतले खाद्य अधिकारको कार्यान्वयनका लागि यसो गर्नु जरुरी रहेको बताउँदै आदेश दिएको हो ।

खाद्य अधिकारलाई देशको संविधान तथा कानूनले प्रत्याभूत गरेको अवस्थामा राज्यले भोकै पर्ने नागरिकलाई खाना उपलब्ध गराउनु पर्ने दायित्व हुन्छ तर अरु देशले संकटका बेला आफ्ना नागरिकलाई हेर्नु पर्ने पहिलो दायित्व भएकाले आफ्नो देशमा खाद्यान्न नै छैन भने कसरी उपलब्ध गराउने ?फेरि अरुबेला भन्दा संकटका बेलामै मानव अधिकारहरु झन बढि महत्वपूर्ण हुन्छन् ।[7]त्यसैले मानव अधिकारको कार्यान्वयन गर्ने प्रभावकारी राज्य संयन्त्र छैन भने पनि संकट परेका बेला खाद्य अधिकार कार्यान्वयन हुन सक्तैन । नेपाल मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय सन्धि खासगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको एक पक्ष राष्ट्र भएको नाताले आफ्नो भू-भागभित्र बस्ने सबैको खाद्य अधिकारको क्रमिक रुपमा पूर्ण प्राप्तिको सुनिश्चितताको लागि आवश्यक कदम चाल्नु यसको कानुनी दायित्व हो । तर नेपालमा खाद्य अधिकारको प्रभावकारी कार्यान्वयन एक समस्याको रुपमा रहिआएको छ । खासगरी नेपालमा सीमान्तकृत र पिछडिएका समुदायहरु जस्तै ग्रामीण महिला, सडक बालबालिका, दलित, जनजाती, अपाङ्गता भएका व्यक्तिहरु तथा बृद्धबृद्धा खाद्य अधिकार उपभोग गर्नबाट बढी वन्चित छन् ।[8] यसरी कोरोना महामारीले खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभूताको अधिकार कार्यान्वयन माथि नै चुनौति थपेको छ । तर यति हुँदा हुँदै पनि नेपाल सरकारले संविधानले प्रत्याभूत गरेका मौलिक मानव अधिकारहरु हनन् नहुन् भनेर उच्च प्राथमिकता दिएको देखिन्छ ।

---

[7] FIAN International, Impact of COVID-19 on the Human Right to Food and Nutrition Preliminary Monitoring Report, April 2020

[8] आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको सूचकाङ्कहरु सम्बन्धी कार्यसमूह, नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको सूचकाङ्कहरु, काठमाडौं, नेपाल, आश्विन २०६८

त्यसो त कोराना महामारी भन्दा पहिले देखि नै साम्राज्यवाद नवउदारवाद प्रवर्द्धित बहुर्राष्ट्रिय निगमहरूद्वारा लादिएको कृषि तथा खाद्य प्रणालीले वातावरण विनास सहित भोकमरी बढाएको, जलवायु परिवर्तनका कारण कृषि उत्पादमा ह्रास आएर खाद्यान्न अभाव भोल्नु परेको, वर्गीय, लैङ्गिक तथा जातिय विभेदले सार्वजनिक वितरण प्रणाली अन्यायपूर्ण भएको, खाद्यान्नमा सहज पहुँच नहुँदा करोडौं मानिसले भोकमरीको सामना गर्नु परिरहेको, बालबालिका, बृद्धबृद्धा र गर्भवती महिलाले कुपोषणको पीडा व्यहोर्न बाध्य हुनुपरेको, शिक्षणसंस्थाहरू बन्द भएका कारण विद्यालयमा सञ्चालन हुने खाद्य तथा पोषण कार्यक्रमबाट विद्यालय जाने उमेर समूहका बालबालिकाहरू बञ्चित बन्नुपरेको, खाद्यान्नका निम्ति मानवबीच नै तनाव र भगडा भइरहेको पृष्ठभूमिमा कोरोनाको प्रकोप बढेपछि आधारभूत मानव अधिकारको रूपमा रहेको खाद्य अधिकारको कार्यान्वयनमा थप जटिलता उत्पन्न भएको छ ।

## निष्कर्ष

हाम्रो मुलुकमा विगतमा निरंकुशता लादिएका बेला राजनीतिक, सामाजिक तथा आर्थिक व्यवस्था संवैधानिक, कानूनी तथा नीतिगत रूपमै अन्यायपूर्ण भएकाले वा जनमुखी नभएकाले अहिले सम्म पनि कृषि तथा खाद्य प्रणाली दिगो बन्न नसकेको हो । यो मुलुक कृषि प्रधान हुँदा हुँदै पनि केही अवधिलाई छाडेर सधैँ खाद्यान्नमा परनिर्भर बन्नु पर्ने अवस्था उत्पन्न भयो । न्याय र समानतामा आधारित अर्थतन्त्र निर्माणको दिशामा राज्य अगाडि बढ्दै गएको वर्तमान परिवेशमा अब जनमुखी आधुनिकीकरण एवं व्यावसायीकरणको ठूलो संभावना भएकाले कृषि उपजमा मुलुक आत्मनिर्भर हुनेमा विश्वास गर्न सकिन्छ । 'कोही भोकै पर्दैन कोही भोकले मर्दैन' भन्ने संकल्प साकार तुल्याउन कृषि प्रणालीलाई सुदृढ तुल्याउँदै खाद्य तथा पोषणको अधिकार व्यावहारिक रुपमै कार्यान्वयन गर्न नेपाल सरकार क्रियाशील बनिरहेको वर्तमान परिवेशमा राज्यका सम्पूर्ण निकाय र संयन्त्रहरू त्यस दिशामा परिचालित हुनुको विकल्प छैन । नेपालको कृषि विकास हुन नसक्नुमा जमीनको न्यायिक वितरण नभएकाले पनि हो भन्ने विषय लामो समयदेखि उठिरहेको छ । यस पक्षमा समेत जिम्मेवार निकायले ध्यान दिनु उपयुक्त हुने देखिन्छ ।

# नेपालमा खाद्य सुरक्षा र कृषि विकासमा कोभिड-१९ को असर र न्यूनीकरणका लागि केही सुझावहरू

डा. सर्वराज खड्का[1]

डिसेम्वर २०१९ को अन्ततिर पादुर्भाव भै संसारका २०० भन्दा वढी देश तथा भू-भागहरुमा रोगको सुनामी आतंक मच्चाउँदै कोरोना भाइरस वा कोभिड-१९ (COVID-19) को महामारी फैलिरहेको छ र यसवाट सुरक्षित वच्नका लागि थुप्रै मानव वस्तिहरु पूर्ण वा आंशिक रुपमा बन्दाबन्दी (Lockdown), निषेधाज्ञा (Prohibitory Order) वा अन्य प्रकारका आर्थिक सामाजिक सम्पर्क र सम्वन्धको निषेधको अवस्थावाट गुज्रीरहेका छन । यसअघि नियमित रुपमा सम्पन्न हुनेगरेका प्रायःजसो आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनैतिक क्रियाकलापहरु आंशिक वा पूर्णरुपमा ठप्पछन । कुनैपनि देशको सिमाना वाहिर जाने आउने लगायत आन्तरिक आवतजावतमा समेत आंशिक वा पूर्ण रोक लागेको छ, एक प्रकारको स्थानहदको अवस्था छ र यसले गर्दा मानवको जीविकापार्जनसंग सम्वन्धित प्रायः सवै आर्थिक तथा सामाजिक क्रियालकापहरु ठप्पछन र कतिपय व्यक्ति या समुदायका नैशर्गिक अधिकारहरु समेत धेरथोर कुण्ठित हुनपुगेका छन । यसरी कोभिड-१९ को प्रतक्ष प्रभावले मात्रै होइनकी यस रोगको विस्तारलाई नियन्त्रण गर्न अपनाइएका विधि र क्रियाकलापहरुले गर्दा समेत गरिव, विपन्न, सिमान्तिकृत तथा जोखिम उन्मुख व्यक्तिहरु खाद्य अभाव लगायत अन्य जीविकोपार्जनका अवसरका अभावले समस्यामा परिरहेका छन।

हालै संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन लगायत पाँच वटा अन्तर्राष्ट्रिय संगठनहरुले संयुक्त रुपमा प्रकाशित गरेको संसारको खाद्य सुरक्षा तथा पोषणको अवस्था नामक प्रकाशन[1]को एक अनुमानित आँकलन अनुसार विश्वमा करिव ६९ करोड (अथवा विश्वको कूल जनसंख्याको झण्डै ९ प्रतिशत) व्यक्तिहरु भोकमरीको चपेटामा छन । गम्भीर खाद्य असुरक्षाको मापनको हिसावले हेर्दा सन २०१९ मा विश्वमा झण्डै ७५ करोड व्यक्तिहरु (१० जनामा १ जना) गम्भीर प्रकृतिको खाद्य असुरक्षाको अवस्थावाट गुज्रिरहेका थिए । त्यस्तैगरी नियमित रुपमा सुरक्षित, पोषणयुक्त र आवश्यकता अनुसार यथेष्ट मात्राको खाद्यमा पहुंच नभएका मध्यम र गम्भीर खाद्य असुरक्षित व्यक्तिहरुको संख्या सन २०१९ मा करिव दुइ अर्व जति थियो ।

कोभिड-१९ को महामारीका कारण गरिवी र खाद्य असुरक्षाको अवस्था झन गम्भीर मोडमा पुग्ने अनुमान गरिएको छ । कोभिड-१९ महामारीका कारण संसारमा कुपोषितको जनसंख्या आठ करोड तीस लाख देखि १३ करोड २० लाख सम्म थपिने सम्भावना छ ।

सम्भवत सन १९९० पछाडी पहिलो पटक संसारमा गरिवी वढ्ने छ । उदाहरणका लागि यदि प्रति घरधुरी आय वा उपभोगमा २० प्रतिशत संकुचन हुन गयोभनें गरिवीको रेखामुनी (सरदरमा प्रतिदिन अमेरिकी डलर १.९० कमाई गर्न नसक्ने) जनसंख्या ४२ देखि ५८ करोड जतिले वृद्धि हुनसक्ने अनुमान

[1] FAO, IFAD, UNICEF, WFP and WHO, 2020. The state of food security and nutrition in the world.

गरिएको छ[2] । यसको करीव दुई तिहाई ग्रामीण भेगका जनता हुनेछन र यसको सवैभन्दा ठूलो असर अफ्रिकी महादेशको सहारा उपक्षेत्रमा पर्ने अनुमान गरिएको छ । यसरी हेर्दा यदि वर्तमान अवस्था कायमै रहेमा दिगो विकासको २०३० एजेण्डा र दिगो विकास लक्षको प्रतिवद्धता अनुसार विश्वले सन २०३० सम्ममा गरिवी तथा भोकमरीको अन्त्य गर्ने भन्दा पनि त्यस अवधिमा भोकवाट प्रभावितहरुको संख्या झण्डै ८४ करोड वा सो भन्दा माथी जानसक्ने देखिन्छ (FAO et al., 2020) ।

विश्व वन्यजन्तु कोषको हालै प्रकाशित एक प्रतिवेदनका अनुसार मानव समुदायले यस पृथ्वीरुपी ग्रहको अप्राकृतिक दोहन तथा जथाभावी स्वार्थपरक प्रयोगका कारण सन १९७० र २०१६ का विचका करीव ५० वर्षमा विभिन्न प्रजातीका वन्यजन्तु तथा जलचरहरुको झण्डै ६८ प्रतिशत जनसंख्या लोप हुन गएको छ[3] । यस्तै प्रकारको प्रजाती ह्रासको अवस्था खाद्य वाली तथा अन्य प्रकारका वोटविरुवाहरुमा पनि भएको हुनुपर्छ । यसप्रकार प्रकृति, पारिस्थितिकीय प्रणाली र मानव विच पृथ्वीको सन्तुलित सदुपयोग र संरक्षण गर्ने कुरामा असन्तुलन भएका कारण थुप्रै समस्याहरुको श्रृजना भएको हुनसक्दछ । कोभिड-१९ को वैश्विक महामारी पनि यस्तै असन्तुलित क्रियाकलापका कारण प्रतक्ष वा परोक्ष रुपमा उब्जिएको र संसारले वर्तमानमा सामना गरिरहेको वृहत र व्यापक समस्याहरुको एक महत्वपूर्ण संकेतका रुपमा समेत लिन सकिन्छ । वर्तमानको मुलत प्रशोधनमा आधारित औद्योगिक खाद्य प्रणालीले आमरुपमा वातावरणीय विनासलाइ प्रोत्साहन गरेको छ र जनावर/पशुपन्छीवाट मानवमा सर्ने रोगव्याधीका लागि आवश्यक पर्ने उर्वर वातावरणको निर्माण गरिरहेको छ । साथै अत्यन्त धेरै प्रशोधन गरिएका पत्रु खाद्य पदार्थले नसर्ने खालका रोगहरु जस्तै मोटोपना, मधुमेह, आदिलाई वढावा दिएर मानव जीवनलाई थप जोखिममा पारिरहेको छ, किनभनें यस्ता रोग भएका व्यक्तिहरुनैं कोभिड-१९ जस्ता महामारी रोगका तुलनात्मक रुपमा वढी शिकार हुने गरेका छन ।

नोभेल कोरोना भाईरस रोगको महामारीको प्रकोप, प्रभाव र असरले समाजको कुनै क्षेत्रपनि अछुतो रहेको छैन । श्वास्थ्य, खाद्य/कृषि, पर्यटन, शिक्षा, उद्योग, यातायात, सञ्चार, व्यापार व्यवसाय लगायतका मानवीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक क्षेत्र कोरोना रोगको महामारीको शिकार भएका छन र यो क्रम हालसम्म पनि बढ्दो क्रममा छ । यसको असर समाजका सवै वर्ग तथा समुदायमा पर्ने भएता पनि वर्गीय असमानता भएको समाजमा यसको प्रभाव असमान रुपमा सवैभन्दा पिंधका व्यक्ति वा समुदायहरुमा सवैभन्दा पहिले, लामो समयसम्म रहने गरी र सवैभन्दा वढी पर्ने पनि निश्चित छ । यसो भएता पनि तर के कुरा निश्चित हो भनें, कृषक वा मजदूर मात्र होइनकी उद्योगी, व्यापारी लगायत सवैमा कोरोनाको नकारात्मक प्रभाव परिरहेको र निकट भविष्यमा झनवढी पर्ने देखिन्छ । कोरोना भाईरस रोगको विस्तार रोकथामका लागि समाज कतै बन्दाबन्दी र कतै निशेधाज्ञाको अवस्थामा छ भनें कुनैपनि आर्थिक तथा अन्य क्रियाकलापहरु सहजरुपमा हुन सकेका छैनन र अवस्था पूर्ववत लयमा आउन अंझ कति समय कुर्नुपर्ने हो एकिन छैन । कोरोना भाईरस रोगको उपयुक्त खोप वा उपचार पत्ता लाग्न ढिलो भएमा र बन्दाबन्दी र निशेधाज्ञाको अवस्था लम्बिन गएमा स्थिती झनै भयावह हुनजाने निश्चितप्रायः छ ।

[2] Sumner, A., Hoy, C. and Ortiz-Juarez, 2020. Estimates of the impacts of COVID-19 on global poverty. WIDER working paper 2020/43.

[3] WWF (2020) Living Planet Report 2020 - Bending the curve of biodiversity loss. Almond, R.E.A., Grooten M. and Petersen, T. (Eds). WWF, Gland, Switzerland.

यस्तो अवस्थाका कारणं संविधानले प्रत्याभूत गरेका र संविधानले नैं निर्दिष्टगरे अनुसार कानुन समेत बनी पूर्णरुपमा लागुहुने चरणमा रहेका थुप्रै मौलिक हकहरु (जस्तो कि खाद्य अधिकार तथा खाद्य सम्प्रभूताको हक) यस कोरोना महामारीका कारण झन वढी जोखिममा परेका छन । उदाहरणका लागि संविधानको धारा ३६ मा व्यवस्थित गरिएको खाद्य सम्वन्धि अधिकार र यसलाइ प्रचलनमा ल्याउन निर्मित खाद्य अधिकार सम्वन्धि ऐनलाइ लिन सकिन्छ । कोरोना भाइरस (COVID-19) को महामारीवाट सुरक्षित हुन भौतिक/सामाजिक दूरी (Social distance) कायम गर्दै मानव मानव विचको भौतिक सम्पर्कलाई निरुत्साहित गर्न लागू गरिएको लगातारको १०५ दिन लामो नेपाल बन्दाबन्दी (Lockdown) र हाल स्थान विषेश लागूगरिएको निषेधाज्ञाका कारण प्राय: सवै प्रकारका उद्योग व्यवसायहरु बन्द छन र तिनमा आश्रित व्यक्तिहरुको आयश्रोत पनि प्रभावित हुन पुगेको छ । यसको सवैभन्दा ठूलो मार आप्रवासी र अन्यत्रवाट अस्थायी वसाई सरेर आई कामगर्ने कामदारहरु, गरिव र विपन्न वर्ग लगायतमा वढी परेको छ । दैनिक आयमा गुजारा चलाउनेहरुको रोजगारीको अधिकारको साथसाथै खाद्य सुरक्षाको अधिकार पनि हनन हुन पुगेको छ ।

राज्यले मानव अधिकारको प्रत्याभूत गर्ने शिलशिलामा तीनवटा अहम दायित्वहरु बहन गरेका हुन्छन, तीं हुन (क) मानव अधिकार सम्मानको दायित्व, (ख) मानव अधिकार संरक्षणको दायित्व र (ग) मानव अधिकार परिपुरणको दायित्व । आपदविपदका वखत यसवाट प्रभावित र समस्यामा परेका, असहाय, जोखिममा रहेका र अन्य कतैवाट सहयोगको आश नभएका व्यक्ति वा समुदायहरुको सम्वन्धित अधिकार उपभोगका लागि राज्यले परिपुरण (Fulfilment)को दायित्वलाई निर्वाह गर्नुपर्दछ, अथवा खाद्य अधिकारका सन्दर्भमा विपतका कारण खाद्य संकट परेका व्यक्ति वा समुदायलाई उक्त संकट नटरेसम्म उपयुक्त पोषण युक्त, यथेष्ट र खाद्य अधिकारमा परिभाषित गरिएअनुसारको खाद्य पदार्थ निरन्तर आपुर्ति गर्नुपर्दछ ।

साथै शिघ्रातिशिघ्र खाद्य अधिकार र खाद्य सुरक्षालाई व्यवस्थित गर्न खाद्यको उपलव्धता, खाद्यमा भौतिक, सामाजिक तथा आर्थिक पहुंचको सुनिश्चितता, खाद्यको प्रयोग र यीं सवैको दिगोपनाको ग्यारेन्टी हुने वातावरणको सिर्जना गर्नुपर्दछ । माथी भनिएअनुसार खाद्य अधिकार र खाद्य सुरक्षालाई व्यवस्थित गर्न खाद्यको यथेष्ट उत्पादन तथा सामाजिक न्यायका आधारमा वितरणको व्यवस्था हुनुपर्दछ र जसले खाद्य उत्पादन गर्न सक्दैनन उनीहरुका लागि वजारवाट खाद्य पदार्थ किन्न चाहिने आर्थिक श्रोतको अवसर प्रदान गर्न उपयुक्त रोजगारीको प्रवन्ध र विभिन्न कारणवस (शारीरिक, मानसिक, आदि) कृषि उत्पादन वा रोजगारीमा संलग्न हुननसक्नेहरुका लागि उपयुक्त सामाजिक सुरक्षा (Social safety nets)का प्रावधानहरुको व्यवस्था गरिएको हुनुपर्दछ । तर वर्तमानमा देशका समस्त नागरिकहरुको आधारभूत मानव अधिकारहरु सुनिश्चिततापूर्वक प्रत्याभूत गर्नका लागि नेपालको आर्थिक तथा सामाजिक व्यवस्था सुधृढ गर्न योजनावद्ध तवरले पहल भैरहेको परिप्रेक्ष्यमा यो कोरोना भाइरसको महामारीले समस्त आर्थिक सामाजिक क्षेत्रलाई अकल्पनीय असर गर्ने देखिन्छ ।

देशको वर्तमान पन्ध्रौं पञ्च वर्षीय योजना (२०७६/०७७ - २०८०/०८१) को शुरुमैं र आर्थिक वर्ष २०७६/०७७ को छ महिना बाँकी रंहदैमा कोरोना भाईरस रोगको उत्पती र व्यापक विस्तार हुनाले आगामी पाँच वर्षे योजनाको वार्षिक ९.६ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने[4] नेपालको समग्र लक्ष्य तथा उद्धेश्यहरुमा नराम्रो किसिमको धक्का लाग्नजाने आँकलन गरिएको छ । शुरुमा एशियाली विकास वैंकले सन

[4] नेपाल सरकार/राष्ट्रिय योजना आयोग, २०७६ । पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१)

२०२० मा नेपालको आर्थिक वृद्धिदर ६.३ प्रतिशत प्रक्षेपण गरेकोमा कोरोना महामारीका प्रभावका कारण यसलाई पुनर्विचारगरी अव लगभग ५.३ प्रतिशत मात्र आर्थिक वृद्धिदर प्राप्त हुनसक्ने प्रक्षेपण गरेको छ[5] । त्यसैगरी विश्वबैंकले त झन निराशाजनक इष्टिमेट प्रस्तुत गर्दै कोरोनाका कारण नेपालको आगामी आर्थिक वर्षको आर्थिक वृद्धिदर केवल १.५ देखि २.८ प्रतिशतको विचमा रहने र त्यस पछाडिका दुइ वर्षमा क्रमशः १.४ देखि २.९ र २.४ देखि ३.६ प्रतिशतका विचमा रहने समेत आंकलन प्रस्तुत गरेको छ[6] । किनभनें उद्योग, सेवा र कृषि क्षेत्र जसवाट औसत रुपमा क्रमशः १४.६, ९.९ र ५.४ प्रतिशत आर्थिक वृद्धिगर्ने लक्षका साथ तर्जुमा गरिएको योजनाको प्रथम वर्षमैं यीं सवै क्षेत्रलाई नराम्रोसंग प्रभावित गर्नेगरी कोरोना भाइरसको महामारी नेपाल लगायत विश्वमा फैलिदै गएको छ र यसको प्रभाव तथा असर कति समयसम्म रहनेछ भन्ने कुराको सत्यतथ्य समेत भविस्यको गर्भमा छ । जे भएपनि हाम्रो परिवेशमा भनें परम्परादेखिकै संरचनागत जटिलताका कारण यस्ता समस्याहरुसंग जुध्ने र तत्काल पुरानै लयमा फर्किने वा नयाँ सामान्य अवस्थामा प्रवेशगर्ने सम्भावना नेपाल जस्ता अतिकम विकसित वा अल्पविकसित राष्ट्रहरुका लागि असम्भव जस्तै भएकाले कोरोना रोग जस्ता महामारीको असर एकदमै वढी र दिर्घकाल पर्यन्त पर्ने जस्तो देखिन्छ ।

हाम्रो देशको कृषि क्षेत्रले देशको खाद्य अधिकार सुनिश्चित गर्न र खाद्य सुरक्षा प्रदान गर्नमा अहम भूमिका निर्वाह गरेको छ । त्यसैले कोरोना महामारी वा अन्य जस्तोसुकै विषम परिस्थितीमा पनि हाम्रो देशको कृषि, पशुपन्छीपालन, वन, मत्स्यपालन लगायतका पेशा व्यवसायलाई आवश्यक भरथेग गर्दै दर्बिलो बनाउनु पर्ने वाध्यात्मक अवस्थाछ । कोरोना महामारीका कारण कृषि लगायत सवै आर्थिक क्षेत्र प्रभावित भएको अवस्थामा विषेश गरी हाम्रो कृषि क्षेत्रलाई महामारीको शिकार हुन वाट जोगाउनु वान्छनीय छ । अंझ भन्नुपर्दा साना तथा मझौला कृषक र कृषि मजदूरहरु जो यस महामारीवाट एकदमै असमान प्रभावमा परेका छन वा पर्नजाने सम्भावना छ उनीहरुलाई तत्कालै देखि केही पछिसम्म पनि आवश्यक सहयोगको जरुरत भएको कुरा प्रष्ट छ ।

देशको ठूलो जनसंख्या (करिव ६०.४ प्रतिशत) कृषि तथा कृषिसंग सम्वन्धित पेशा व्यवसायमा संलग्न र आश्रित भएको र यसले देशको कूल ग्राहस्थ उत्पादनमा २७.६ प्रतिशत[7] योगदान गरेको हुनाले यस कोरोना महामारीको कहर पछाडि कृषिलाई विशेष संवेदनशीलताका साथ योजनावद्ध रुपमा सहयोग गरी सम्वर्द्धन तथा प्रवर्द्धन गर्नु आवश्यक छ । यस महा विपदलाई केवल चुनौतीका रुपमा मात्रै नलिई कृषि विकासका क्षेत्रमा वर्तमानमा भएका कमी कमजोरीलाइ सुधार्ने एक उपयुक्त अवसरका रुपमा पनि लिन सकिन्छ र भविष्यमा आउन सक्ने यस्तै प्रकारका विपत्तीको सामनागर्न दरो तयारी गरी कृषिमा उत्थानशीलता (Resilience) विकासगर्दै खाद्य प्रणाली (Food system)लाई मजवुत गर्न सकिन्छ । त्यसैले यसले सनातनी र कर्मकाण्डी भन्दा फरक किसिमको सिर्जनशील योजना तथा कार्यक्रम वनाई अगाडि बढ्न एक अवसर समेत प्रदान गरेको अवस्था छ । यस प्रकारका महामारीको प्रभाव होस वा सामान्य अवस्था नैं किन नहोस आत्म निर्भर, स्वावलम्वी र मर्यादित अर्थतन्त्र निर्माणका लागि कृषिलाई नेपाली अर्थतन्त्रको चलायमान इन्जिनको रुपमा स्थापित र विकसित गर्नु अत्यन्त वाच्छनीय देखिन्छ । हुनत

---

[5] https://thediplomat.com/2020/04/covid-19-imperils-nepals-high-economic-ambitions/, 2020

[6] https://www.worldbank.org/en/news/press-release/2020/04/11/nepal-must-ramp-up-covid-19-action-to-protect-its-people-revive-economy, 2020

[7] नेपाल सरकार/राष्ट्रिय योजना आयोग, २०७६ । पन्द्रौं योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१)

नेपालको समग्र आर्थिक वृद्धिका लागि कृषिका अतिरिक्त वन, खानी, उत्पादनमूलक उद्योग, विद्युतीय उर्जा, निर्माण, पर्यटन, यातायात, पूर्वाधार संरचना, प्रविधि, शिक्षा र स्वास्थ्यलाई पनि प्रमुख हस्तक्षेपका क्षेत्रहरु मानिएको[8] भएता पनि परम्परा देखिनैं नेपालको अर्थतन्त्रको प्रमुख हिस्सा कृषिले ओगटेकोमा कुनैं विवाद छैन ।

रोग र भोक दुवै समाजका दुश्मन हुन । हालको विश्वव्यापी कोरोना महांसंकटवाट व्यक्ति तथा समाजलाई सुरक्षित राख्दै यसरोगवाट मुक्त गर्ने वर्तमान राज्य तथा समाजको प्रथम दायित्व हो । साथै यस रोगका कारण समाजका विभिन्न विपन्न, गरिव, कमजोर आर्थिक तथा स्वास्थ्य अवस्था भएका लगायत जोखिममा रहेका व्यक्ति तथा समुदायलाई तत्काल पर्न गएको खाद्य अभाव र भविष्यमा उत्पन्न हुनसक्ने भोकको निराकरण गर्नुपनि महत्वपुर्ण दायित्व हो । यस भोकको त्रासको अन्त्य गर्न कोरोनाको कहर वाट कृषि क्षेत्रलाइ छिटो भन्दा छिटो अंझवढी सुधारिएको लयमा ल्याउनु नितान्त जरुरी छ । यसो भयोभनें मात्र दिगो कृषि विकासको लक्ष (उदाहरणका लागि SDG2) सन २०३० भित्रै प्राप्त गर्न र खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता लगायतका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्रत्याभूत गर्न सम्भव देखिन्छ । र यस विषम परिस्थितीलाइ मध्यनजर गर्दै देहाय वमोजिमका नीति, योजना तथा कार्यक्रमहरु लागुगर्दा उपयुक्त हुने देखिन्छ ।ः

१. कोरोना रोग लगायतका स्वास्थ्यसंग सम्वन्धित महामारीका वेला होस अथवा अन्य सामान्य अवस्थामा पनि खाद्य सुरक्षा र खाद्य आपुर्तिगर्ने कृषि व्यवसाय अति आवश्यक सेवा (Essential Services) भित्र पर्दछन । त्यसैले हालको कृषि विकास रणनीति, योजना तथा कार्यक्रमलाई कोरोना महामारीको असरको सन्दर्भलाइ मध्यनजर गर्दै आवश्यकतानुसार तत्कालै पुनरावलोकन तथा परिमार्जन गरी अल्पकालिन, मध्य कालिन र दिर्घकालिन गरी तीन चरणका कार्यक्रमहरु लागूगर्ने व्यवस्था मिलाउने र यसो गर्दा अल्पकालिन कार्यक्रमलाई साना तथा मझौला किसान, भूमिहीन र कृषि मजदूरहरुको खाद्य तथा अन्य जीविकोपार्जनको आवश्यकता परिपुर्ति गर्ने लगायत आर्थिक उत्थानमा केन्द्रित गर्नु पर्ने हुन्छ । साथै अपर्झट रोजगारी गुम्न गएवाट असंगठित तथा संगठित क्षेत्रका मजदुरहरुको तत्कालको खाद्य अधिकार हननको अवस्था आउन नदिन उपयुक्त राहत कार्यक्रम संचालन गर्न र साना तथा मझौला कृषक, भूमिहीन तथा कृषि मजदूरहरुको उपयुक्त पोषण सहितको खाद्य सुरक्षा सुनिश्चित गर्न, उनीहरुको उत्पादनलाई सहजरुपमा, विचौलियाहरुको अप्राकृतिक मुनाफाखोरीलाई पूर्णरुपमा निस्तेज र निरुत्साहित गरी, उपभोक्ता सम्म पुऱ्याउन र खाद्य पदार्थमा भैरहेको अश्वाभाविक मूल्यवृद्धि नियन्त्रण तथा नियमन गर्न आवश्यक छ ।

२. खाद्य तथा कृषिमा कोरोना महामारीको असरको मूल्यांकन गरी सोही अनुसार विभिन्न आवधिक कार्यक्रमहरु तर्जुमा गरी लागु गर्नु उपयुक्त हुन्छ । किसानहरुले वाली भित्र्याउने/वेच्ने र लगाउने समयमा बन्दाबन्दी तथा निषेधाज्ञाका कारण यीं कामहरु असहज हुने अवस्थाको सिर्जना हुन दिनुहुन्न । साथै किसानका उत्पादनहरु जस्तै दुग्ध पदार्थ, माछा, मासु, अण्डा, ताजा तरकारी आदि बजारसम्म पुग्न नपाई एकातिर किसान स्वयं लाभ लिनवाट वन्चित हुने अवस्था हुनु र अर्कोतिर बजारमा आकाशिंदो मूल्यका कारण उपभोक्ताहरु समेत आर्थिक मारमा पर्नजाने सम्भावनालाई न्यूनीकरण गर्न आवश्यक र प्रभावकारी व्यवस्था गर्नुपर्नेहुन्छ । बन्दाबन्दी र निषेधाज्ञाका कारण धान, मकै, गहुं, सागसव्जी, आदिको विउ र पशुपन्छीको चारा वा दाना मात्रै होइन कि विभिन्न पशुपन्छी सम्वन्धित सेवाहरु अवरुद्ध हुनगै (जस्तै गाइ

[8] ibid

भैंसीमा कृत्रिम गर्भाधान सेवा समयमैं प्राप्त नहुंदा) किसानको अर्को वर्षको उत्पादन तथा आम्दानी समेत डुव्ने अवस्थामा छ । त्यसकारण पशुपन्छी तथा कृषिमा उत्पादन सामाग्री र सेवा तथा उत्पादित वस्तुको वजार व्यवस्थापन र वितरण संग सम्वन्धित श्रृखला (Supply/distribution chains) लाई अविच्छिन्न राख्नु पर्ने आवश्यकता छ ।

३. कोरोना महामारीका कारण सुरक्षित जीविका संचालन गर्न मुश्किलमा पर्दै आएका लगायतका आर्थिक मारमा परेका साना तथा मझौला किसान, कृषि मजदूर र यस प्रकृतिका कृषि व्यावसायीले तत् तत् क्षेत्रको विकास तथा व्यवस्थापनको लागि लिएको ऋणको साँवा तथा व्याज अधिकतम् मिनाहा गर्ने व्यवस्था मिलाउने हो भनें उपरोक्त तप्काका व्यक्तिहरुले ठूलो राहतको महशुश गर्ने थिए । यसकारण साना तथा मझौला किसानहरु र साना कृषि व्यवसायीहरुको कृषि ऋणको साँवा तथा व्याज अधिकतम रुपमा मिनाहा गर्ने व्यवस्था गर्नु जरुरी छ ।

४. कोरोना महामारीको प्रभावलाई समेत उपयुक्त किसिमले सम्वोधन गर्ने गरी परिमार्जन गरिएको आगामी कृषि विकास रणनीतिले नेपाललाई शिघ्रातिशिघ्र आधारभूत कृषि उत्पादनमा आत्मनिर्भर बन्न आवश्यक पर्ने ज्ञान, सीप, प्रविधि र व्यवस्थापनलाई ध्यानदिनु जरुरी छ । हाम्रो वर्तमानको एउटा ठूलो समस्या भनेको हामी आफैले गर्नसक्ने तर सोचे अनुसार नभैरहेको कृषि उत्पादनमा वैदेशिक आयातमा भरपर्नु हो । तर यो अवस्था र अवसर अवका दिनमा नरहन सक्छ किनभने हामीलाई कृषि उत्पादन निर्यात गर्दै आएका देशहरुमा समेत कोरोना महामारीका कारण खाद्य संकट उत्पन्न हुने सम्भावना छ र यदि उक्त खाद्य आइहालेपनि महंगोमा किन्नुपर्ने सम्भावना छ । त्यसकारण हाम्रा आफ्नै श्रोत साधनहरुको प्रचुर सम्भावनाहरुको सदुपपयोग गरी खाद्यमा आत्मनिर्भर हुन कृषि विकास अभियानलाई तिब्रता दिन अव ढिलागर्नुहुन्न । यसो गर्दाको अर्को फाइदा भनेको यदि यस प्रकारको परनिर्भतालाई जतिसक्दो छिटो हटाउन वा घटाउन सकेको खण्डमा नेपालको वर्तमानको व्यापार घाटा कमहुन जाने र यसरी संचित रकम देश विकासको अन्य क्षेत्रमा प्रयोग गरी छिटो समृद्धि प्राप्त गर्नलाई सहयोग पुग्ने देखिन्छ ।

५. वर्तमानको कोरोना महामारी तथा भविष्यमा आउनसक्ने यस्तै अन्य प्रकारका महामारीवाट कृषि अर्थतन्त्रलाइ बचाई राख्न तथा जनताको खाद्य सम्प्रभूताको मजवुतीकरण गर्न लाभदायक रैथाने वाली, पशुपन्छी नश्ल र उपयोगी स्थानीय ज्ञान तथा सीपको उपयुक्त जगेर्ना तथा प्रवर्द्धन गरी आफ्नै श्रोत, साधन, ज्ञान तथा सीपको सदुपयोगलाई बढावा दिई अनावश्यक पर निर्भरतालाई कमगर्ने खाद्य प्रणाली स्थापना गर्दै खाद्यमा वहु राष्ट्रिय कम्पनीहरुको अवान्छित एकाधिकारलाई दुरुत्साहित गर्न यो एक अवसर पनि हो । त्यसैले स्थानीय रैथाने वाली र पशुपन्छी नश्लको संरक्षण गर्न सामुदायिक विउ तथा पशुपन्छी नश्ल संकलन, संरक्षण तथा प्रवर्द्धन केन्द्रहरुको स्थापना र सवलीकरण गर्न आवश्यक छ ।

६. कोरोना महामारी जस्ता अन्य प्रकारका समस्याहरुवाट राहत पाउनकालागि खासगरिकन अलि दुर्गम वा सहज पहूंच हुन नसक्ने गाँउ-गाँउ वा वस्ती - वस्तीमा पहिले प्रचलनमा रहेका जस्तै सामुदायिक धर्म भकारीको अवधारणालाई प्रवर्द्धन गरी आपद्कालिन समयमा सामाजिक न्यायका आधारमा समुदायका व्यक्तिहरुलाइ वार्षिक रुपमा संचित गरिएको खाद्य पदार्थको केही अंश जोखिममा परेका व्यक्ति वा परिवारलाइ उपलव्ध गराउने व्यवस्था मिलाउने गर्दा आपद विपदमा आधारभूत खाद्यका लागि समुदायले अरु कसैको मुख ताक्नुपर्ने अवस्थाको क्रमश: अन्त्य गर्न सकिन्छ । त्यसैले कम्तीमा पनि एक गाउं एक खाद्य भकारीको अवधारणालाइ अंझ बढी शशक्त रुपमा लागुगर्दा राम्रो हुने देखिन्छ ।

७. हालको कृषि विकास सेवाको सरकारी संरचनाले सामान्य अवस्थामा पनि किसानलाई आवश्यक सेवा दिन नसकिरहेको देखिन्छ, र कोरोनाको महामारीको अवस्थामा त यसवाट सेवा प्राप्त गर्न झन कठिन छ । त्यसैले यस संरचनालाई परिमार्जनगरी केन्द्र वा कार्यालयमुखी होइनकी स्थानीय तह वा किसानमुखी वनाउनु पर्ने देखिन्छ ताकि यसले कृषि तथा किसानलाई उपयुक्त सेवा प्रदान गर्न सकोस । यसका साथै कृषि र किसानका प्राविधिक समस्याहरु प्रभावकारी रुपमा समयमैं समाधन गर्न स्थानीय सरकारहरुको तहमा कृषि प्राविधिकहरुको आवश्यकता अनुसारका थप दरवन्दी श्रृजनागर्ने र दरबन्दी अनुसारको योग्य र कर्मठ कर्मचारीको व्यवस्था समेत गर्नुपर्दछ ।

८. सिर्जनशीलतालाई प्रोत्साहन गरी कृषि विकासमा अग्रगामी वाटो निर्देशगर्न अध्ययन, अनुसन्धान र खोजमूलक कार्यलाइ कम्तीमा पनि सवै प्रदेशहरुमा व्यवस्थित गर्नु आवश्यक छ ।

९. कोरोना महामारीले घच्घचायको अर्को पक्ष भनेको विभिन्न तहका सरकारहरु विचको समन्वय र सहकार्य तथा स्थानीय तहको कृषि विशेषमा कार्य दक्षताको आवश्यकताको हो । संघीय ढाँचाका तीनै तहका सरकारहरुविच आवश्यक समन्वय र सहकार्य हुनुपर्ने र कृषि विकासको लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याँकन जस्ता क्षेत्रमा स्थानीय तहका सरकारहरुको क्षमता अभिवृद्धिमा विशेष जोडदिनुपर्ने देखिन्छ ।

१०. हाम्रो देशको कृषकको संरचना हेर्नेहो भनें अधिकतम साना तथा मझौला कृषकहरु छन त्यसैले तिनीहरुको विकासलाइ ध्यानदिंदै ठूला कृषि विकास आयोजनाहरुका अतिरिक्त साना तथा मझौला आयोजनाहरुलाइ सर्वसुलभ वनाई अधिकतम साना तथा मझौला किसानहरुकहां पुग्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

११. वर्तमानमा प्रचलनमा रहेको वढी मात्रामा ठेकेदार, ठूला किसान तथा कृषि फार्म लाभान्वित हुने कृषि अनुदान र आर्थिक सहायता कार्यक्रमहरुलाई आवश्यकता अनुसार पुनरावलोकन गरी अधिकतम साना र मझौला किसान तथा साना तथा मझौला कृषि व्यावसायीसम्म पुग्ने व्यवस्था मिलाउनु पर्ने आवश्यकता छ।

१२. साना तथा मझौला किसानहरुलाइ आवश्यक पर्ने कृषि सामग्री तथा सहुलियत दरको कृषि ऋण सहज रुपमा उपलव्ध गराउने र निजले उत्पादन गरेको पारिवारिक उपभोगभन्दा अधिक उत्पादनको लागि उपयुक्त वजारको व्यवस्था गर्ने र सो हुन नसकेमा निजहरुको उत्पादनको न्यूनतम समर्थन मूल्य तोकी सरकार आफैले नैं किन्ने व्यवस्थागर्नु उपयुक्त हन्छ । लकडाउन वा निषेधाज्ञाको विषम परिस्थितीमा सरकारी संयन्त्रलाइ चलायमान बनाई विक्री हुन नसकेका साना तथा मझौला किसानहरुका उत्पादनलाई खरिद गरी वजारसम्म ल्याउने व्यवस्था गर्नु उपयुक्त हुन्छ । यसो गर्दा किसानहरुलाई ठूलो राहत पुग्न गै तत्कालिन कृषकहरु लगायत भविष्यमा कृषि पेशा अंगाल्ने युवाहरुलाई समेत कृषिमा आकर्षण बढ्न जाने हुन्छ ।

१३. कृषिलाई आधुनिकिकरण र व्यावसायीकरणको दिशातिर उन्मुख गर्दै कृषि उत्पादनलाई प्रतिष्पर्धी तथा कृषि पेशालाई मर्यादित बनाएर देशका सिर्जनशील युवा जनशक्तिलाई बढीभन्दा बढी कृषि पेशामा आकर्षित गर्ने र जनशक्तिको अभाव तथा कृषिमा घट्दो आकर्षणका कारण क्रमश बाँझो हुंदै गएका खेत बारीहरुलाई

पूनः उत्पादनमा फर्काउने यो एक उपयुक्त अवसर पनि हो । कोरोना रोग महामारीको असरका कारण विदेशका उद्योग धन्दा, कल कारखाना, होटेल व्यवसाय, पर्यटन लगायतका क्षेत्रमा मन्दी आउने सम्भावना भएकाले यस प्रकारका रोजगारमा संलग्न भै विदेशमा रहेका नेपाली युवाहरुको ठूलो जमात (केही अनौपचारिक प्रक्षेपण अनुसार ४० प्रतिशतसम्म) स्वदेश फर्किसकेको वा फर्किने क्रममा रहेको बुझिएको छ । यीं मध्येका कतिपय युवाहरु उच्च जांगर, मनोवल सहित कृषि उत्पादन तथा बजारीकरणको समेत केही ज्ञान र सीप लिएर आउने छन । त्यसैले यसरी फर्कने युवाहरुलाई कृषिमा आकर्षित गर्न उपयुक्त रणनीति र कार्यक्रम बनाएर लागु गर्नुपर्दछ । उनीहरुलाई कृषि गर्न चाहिने कृषि भूमी, कृषि सामाग्री, अर्थ (ऋण वा अनुदान), प्रविधि तथा व्यवस्थापन क्षमता विकासमा सहयोग गर्ने हो भनें श्रमशक्तिको अभाव लगायत अन्य समस्याका कारण बाँझो रहन गएका कृषि भूमीहरु पुनः उत्पादनमा ल्याउन सकिन्छ । र जो युवाहरु प्रतक्ष्य कृषि पेशामा संलग्न हुन चांहदैनन उनीहरुलाई उपयुक्त हुने अन्य क्षेत्रमा रोजगारीका अवसर सिर्जना गरिनुपर्दछ ।

१४. दिगो कृषि विकासलाई मूर्तरुप दिन कृषिलाई सहकारीकरण गर्ने, भूमीको चक्लावन्दी गर्ने र अनावश्यक रुपमा कृषि भूमीको खण्डीकरण रोक्नुपर्ने हुन्छ । साथै कृषि भूमीलाई अन्य प्रयोजनमा प्रयोग हुन नदिई यसको पूरापुर संरक्षण गर्नुपर्द छ ।

१५. कोरोना रोग महामारीले हाल पुऱ्याएको वा भविष्यमा पुग्नसक्ने क्षतीको तत्काल अध्ययन तथा मूल्याँकन गरी प्रभावित कृषक, भूमिहिन तथा कृषि मजदूरहरुलाई कम्तिमा साविकको उत्पादन वा आम्दानीमा नफर्किन्जेलसम्मका लागि मर्यादित जीवन निर्वाह भत्ताको व्यवस्थागर्नु पर्ने देखिन्छ । यसो गर्दा एचआइभी एड्स पिडित, एकल महिला/पुरुष, फरक क्षमता भएका, वृद्धावस्थाका र दुर्गमका किसानहरुलाई प्राथमिकता दिनुपर्दछ ।

१६. कृषिमा सम्भावित जोखिम कमगर्न मुख्य वालीनाली तथा पशुपन्छीको उत्पादन प्रतिफलमा आधारित विमाको व्यवस्था सर्वसुलभ रुपमा लागुगर्दा कृषि पेशामा वेलावखतमा प्राकृतिक प्रकोपका कारण हुने हानीवाट केहीहदसम्म भएपनि संरक्षण प्रदान गर्न सहयोग गर्दछ ।

१७. कोरोना महामारीको समय र त्यस पछाडी समेत वैदेशिक उत्पादन (कृषि वा गैर कृषि)को आयातमा न्यूनता आउने निश्चित छ । त्यसैले वैदेशिक उत्पादनमा आधारित उद्योग, कल कारखाना तथा होटेल व्यवसाय आदिलाइ समेत स्वदेशी उत्पादनले भरथेग गर्नुपर्ने हुन्छ । यसप्रकारको प्रयोजनका लागि के कस्तो प्रकारका उत्पादन वार्षिक रुपमा कति चाहिने हो त्यसको सर्वेक्षण गरी नेपाली कृषक तथा उद्यमीहरुलाई आवश्यक उत्पादन गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

१८. नेपाली किसानहरुलाई उत्पादनका श्रोत तथा साधनमाथिको पहूंच तथा लोक तान्त्रिक नियन्त्रण सुनिश्चित गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक तथा नेपालको दिर्घकालिन कृषि विकास रणनीति (Agricultural Development Strategy -2015-2035)ले समेत समेट्ने प्रयास गरेको खाद्य सम्प्रभूताको अधिकारलाइ सही कार्यान्वयन गर्न आवश्यक नीति, नियम र कार्यक्रम बनाइ लागूगर्न अव ढिलाई गर्नुहुन्न ।

माथी उल्लेख गरिएका छलफलका बूंदाहरुमा सुझाइएका उपायहरु सम्वन्धित सरोकारवाला निकायहरुले उपयुक्त समयमा अवलम्वन तथा कार्यान्वयन गरेमा  वर्तमानको कोरोना भाईरस रोगको महामारीका कारण समग्र कृषि क्षेत्रमा परेको वा भविष्यमा पर्नसक्ने असर न्यूनीकरण हुनगै कृषिक्षेत्रले नवजीवन प्राप्त गर्ने र यसले "समृद्ध नेपाल, सुखी नेपाली"को राष्ट्रिय संकल्पलाई पूरागर्न सहयोग पुग्ने देखिन्छ । आफ्नै श्रोत, साधन, जनशक्ति र सीपमा आधारित भएर उपयुक्त योजना सहित अगाडि वढेको खण्डमा आत्म निर्भर दिगो कृषि विकास गर्न धेरै कुर्नुपर्छ जस्तो लाग्दैन र भविष्यमा आउनसक्ने जस्तोसुकै विपत्तिलाई पनि कम मिहनेतका साथ व्यवस्थापन गर्न सकिन्छ ।

[i] अध्यक्ष, फियान ईन्टरनेशनल (FIAN International), खाद्य तथा पोषण अधिकार लगायत मानव अधिकारको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्था तथा हाल कर्णाली प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष